वर्ष : १६, अंक : २४, काठमाडौं, २०७७ असोज ९ गते शुक्रबार, 25 September 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## डेढ वर्षमै बर्दिवास–वीरगञ्ज रेल !

जनकपुरधाम । महोत्तरीको बर्दिवासदेखि पर्साको वीरगञ्जसम्मको १३६ किलोमिटर रेलमार्गमध्ये ७० किलोमीटरभन्दा बढीमा ब्लास्ट र ट्र्याकमा पटरी ओछ्याउने बाहेकका अन्य काम सकिएको छ ।

बर्दिवासदेखि वीरगञ्जसम्मको १३६ किलोमिटर रेलमार्गको जङ्गली क्षेत्रमा रुख कटान गरेर माटो पुर्ने काम तीव्र गतिमा भएको छ । पुल कल्भर्ट निर्माणको काम सम्पन्न भइसकेको छ ।

पूर्व मेचीदेखि महाकालीअन्तर्गत जयनगर–बर्दिवास र बर्दिवास–वीरगञ्ज रेल सञ्चालनमा आइसकेपछि जनकपुरसहित प्रदेश २ को सांस्कृतिक र पर्यटकीयसहित आर्थिक क्षेत्रमा ठूलो क्रान्ति ल्याउने नेपाल सरकारको जिकिर छ ।

दुई सय किमी प्रतिघण्टा गुड्ने योजनासहित विद्युतीय रेल बर्दिवास–वीरगञ्ज रेल सञ्चालनमा आएपछि बर्दिवासबाट वीरगञ्ज मुस्किलले पौने एक घण्टाभित्रै पुग्न सकिने रेल विभागले जनाएको छ ।

भारतीय पक्षले रक्सौल पाँच किलोमिटरसम्म निर्माण कार्य सम्पन्न गरिसकेको छ । बर्दिवास–सिमरा १०८ किमिको बर्दिवासदेखि लालबन्दीसम्मको २५ किमि खण्डको पूर्वाधार निर्माण कार्य पूर्णरूपमा सम्पन्न गरेको छ ।

नेपाली भूमिमा निर्माण हुने पहिलो रेलमार्ग बर्दिवास सिमरा हुने विभागले जनाएको छ । बर्दिवासदेखि निजगढसम्मको ७० किमि रेलमार्ग बनाउन १० वटा ठूला पुल बनाउने काम पनि जारी रहेको छ ।

अवस्था समान्य भए सबै निर्माण कार्य पूरा गरी करिब डेढ वर्षभित्रै बर्दिवास–वीरगञ्ज मार्गमा रेल सञ्चालनमा आउने विभागका महानिर्देशक बलराम मिश्रको जिकिर छ ।

कोरोना महामारीका कारण बर्दिवास–वीरगञ्ज खण्डमा निर्माण कार्य प्रभावित भएको भन्दै अवस्था सामान्य भएमा चाँडै निर्माण कार्यले तीव्रता पाउने महानिर्देशक मिश्रले बताए ।

२०६७ साउन महिनामा भारतीय कम्पनी राइट्स कन्सल्टयान्टले प्रतिकिलोमीटर रु ३५ देखि ४५ करोड लागत लाग्न सक्नेसहितको सम्भाव्यता अध्ययन गरेको आधारमा रेलमार्गको प्रक्रिया अघि बढेको हो । पाँच वर्षभित्र पूरा गर्ने गरी राष्ट्रिय गौरवको आयोजनाको सूचीमा राखेर रु ६९ अर्ब ५२ करोडको लागतमा ९४५ किमिको पूर्व पश्चिम रेलमार्गको कार्य अघि बढेको हो ।

# सीमा विवादबारे सरकारको दुई थरी रणनीति

## भारतसँग पैंठाजोरी, चीनसँग ऑखा चिम्लिने

**मधेशवाणी डेस्क**

काठमाडौं । हुम्ला जिल्लाको मान्खा गाउँपालिकामा चीनले नेपाली भूमि मिचेर आधुनिक भवन बनाएको भन्ने समाचार धमाधम आइरहँदा यसलाई नेपाल सरकारले इन्कार गरेको छ । समाचारअनुसार चीनले हुम्लाको लिमी भ्याली क्षेत्रको नेपाली भूमि अतिक्रमण गरी भवन बनाएको छरु। नाम्खा गाउँपालिका–६ स्थित ललुङ क्षेत्रमा चीनले ११ भवन निर्माण गरेको पाइएको हो । गाउँपालिका अध्यक्ष विष्णुबहादुर तामाङकाअनुसार नेपालले ११ वर्षअघि खनेको सडकभन्दा दुई किलोमिटरभित्र चीनले भवन निर्माण गरेको हो ।

यद्यपी हुम्लाका प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी गिरीसहित नेपाली सेना, नेपाल प्रहरी, नाम्खा गाउँपालिकाका अध्यक्षसहितको एक टोली उक्त क्षेत्रमा पुगेर स्थलगत अध्ययन गरिरहेको छ । टोलीको रिपोर्ट नआउँदै काठमाडौंमा नियमित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता तथा विदेशमन्त्री प्रदीप ज्ञवालीले चीनले नेपाली भूमिमा भवनहरू नबनाएको दाबी गरे । हुम्लामा नेपाली भूमि मिचेर चीनले आधुनिक भवनहरू बनाएको भनेर आएको समाचारप्रति ध्यानाकर्षण भएको भन्दै परराष्ट्र मन्त्रालयले नेपाल–चीन सीमाका ११ र १२ नम्बर पिलरका बीचमा नेपाली भूमि नमिचिएको जनाएको हो ।

मन्त्रालयले नेपाल र चीनबीचको सीमा दुई देशबीच हस्ताक्षर भएका सीमासन्धि र सीमा प्रोटोकलहरूका आधारमा निर्धारण भएको उल्लेख गरिएको छ । सीमा सम्बन्धका विषयमा नेपाल र चीन निकट संवादमा रहेको पनि जनाइएको छ । यस्तै, नेपालस्थित चिनियाँ दूतावासले एक विज्ञप्ति



*चिनियाँ पक्षले हुम्लाको नाम्खा गाउँपालिका–६ लिमी गाउँस्थित लाप्चामा बनाएको नौ वटा घर ।*

जारी गरी नेपाली भूमि मिचिएको भन्ने समाचार खण्डन गर्दै ती भवनहरू आफ्नै भूमिमा बनेको जनाएको थियो । मन्त्री, मन्त्रालय र दूतावासको आशय एउटै प्रकृतिको आएकाले हुम्लाको विवाद एक प्रकारले साम्य भएको देखिन्छ तर चीनले पटक पटक नेपालको भूमि मिचिरहेको सन्दर्भ आइरहँदा पनि सरकारको तदारुकता भने देखिदैन ।

२०६६ सालमा नेपालले ललुङ–लिमी हुँदै सिमीकोट सडक निर्माण गरेको होरु। सडक निर्माण भएको क्षेत्रभन्दा दुई किलोमिटरभित्र चीनले ११ वटा घर बनाएको छ । ललुङ क्षेत्र मानसरोवर नजिकै पर्छरु। चीनले अतिक्रमण गरेको क्षेत्र लिमी उपत्यकाका बासिन्दाको गाईबस्तु चराउने ठाउँ होरु। चीनले तीन वर्षअघि ललुङमा तीनवटा घर निर्माण गरेको थियोरु। त्यतिबेला घर बनाए पनि कोही नबसेकाले यो विषय बाहिर आएनरु। अहिले ११ वटा घर निर्माण भएको छ । नेपालीले उपभोग गर्दै आएको स्थानमा चिनियाँले घर बनाएर बस्न थालेपछि अतिक्रमणको विषय बाहिर आएको होरु। ११ वर्षअघि सडक निर्माण गर्दा चीनले त्यस क्षेत्रमा दाबी गरेको थिएनरु। अहिले घर निर्माण गरिएको क्षेत्रभन्दा थप तीन किलोमिटर क्षेत्र आफ्नो भएको दाबी चीनले गर्न थालेको हो । नेपालले खनेको सडकभन्दा दुई किलोमिटर क्षेत्रभित्र पर्खालसहित चीनले पक्की घरहरू बनाएको छ । सो भूमिमा चीनले पनि आफ्नो दाबी प्रस्तुत गरेको छरु। चीन–नेपाल सीमाको ११ नम्बर पिलर वर्षौंदेखि हराएको छ । अहिले अतिक्रमित क्षेत्र यहीं ठाउँमा पर्छ ।

भारतको नयाँ राजनीतिक नक्सामा नेपाली भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई समेटेको प्रचारित भएपछि नेपाल–भारत सीमा विवाद पुनः चर्चाको विषय बनेको छ । यस विषयमा नेपालको संसददेखि सडक तातेको छ । ठाउँ ठाउँमा प्रदर्शन भए भने राजनीतिक दलहरुले मसाला पनि पाए । जब–जब भारतसँग सीमाको कुरा उठ्छ, काठमाडौंमा नया–नया राष्ट्रवादीको जन्म हुन्छ । दुई देशबीच सीमाको विवादलाई आपसी छलफलमा समाधान गर्नु पर्छ र त्यसका लागि सरकारमा गाम्भीर्यता हुनुपर्छ । तर नेपालमा कुनै पनि बहानामा भारतको विरोध गर्न पाइयोस् भन्ने अधिकाशंको चाहना हुन्छ । अहिले चीनसँग सीमाको विवाद उठ्दा न त कुनै दलले बोलेको छ न त सडक नै तातिएको छ । सीमाका नाममा नेपालमा राष्ट्रियताको असफल अभिनय भइरहेको छ ।

नेपाल र भारत परम्परागत छिमेकी मित्र मुलुक हुन् । यसै आधारमा दुवै देशबीच सीमासम्बन्धी विवादहरु छन्, जो दुवै देशमा स्वीकारिएको छ । एक हजार छ सय किलोमिटर खुला सिमाना रहेको दुवै देशबीचको अधिकांश सीमा निर्धारण नदी–नाला र खोलाका आधारमा गरिएकाले पनि यस्तो समस्या आउने गरेको छ । नदीनालाको मार्ग निरन्तर परिवर्तन भइरहन्छ र यसै कारण सीमा पनि परिवर्तन भइरहन्छ । दुई सामान्य छिमेकीमा त जग्गाको सीमासम्बन्धी समस्या हुन्छ भने यो त दुई राष्ट्रको सिमानाको कुरा हो । त्यसैले द्विपक्षीय समझदारीका आधारमा वैज्ञानिक र व्यावहारिक समस्या समाधान खोजिनु उपयुक्त हुन्छ ।

जनस्तरबाट लिपुलेकबारे आवाज उठेपछि सरकार गम्भीर देखियो र परराष्ट्र मन्त्रालयको 'लेटरप्याड' मा बेनामी हस्ताक्षरयुक्त विज्ञप्ति सार्वजनिक गरेर सरकारले आफ्नो दायित्व पूरा भएको ठान्यो । तर समस्या समाधानका दिशामा तदारुकता अपनाउने संकेत देखिएन ।

भारत वा चीनसँगको सीमाका विषयमास्पष्ट सूचनाको अभावमा जनता गुमराहमा रहँदै आएका छन्, जो कुनै पनि हालतमा उचित होइन । जनतालाई गुमराहमा राखेर निर्माण गरिएको कुनै पनि राष्ट्रिय नीति दिगो हुन नसक्ने पक्का छ । नेपालको भूगोल नीतिलाई यहाँका सत्ता सञ्चालकले यस्तै एक विषय बनाएका छन् । सीमा जस्तो महत्वपूर्ण र गम्भीर मुद्दालाई राजनीतिक आवरणमा

***बाँकी अन्तिम पृष्ठमा***

## मधेशलाई अधिकार सम्पन्न हुनबाट कसैले रोक्न सक्दैन : मुख्यमन्त्री राउत



सर्लाही । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मधेशलाई अधिकार सम्पन्न हुनबाट कसैले रोक्न नसक्ने बताएका छन् ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत सर्लाहीको मलङ्गवा नपा ७ स्थित ऐतिहासिक पुरानो पोखरी सौन्दर्यीकरणको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले सो बताए । मुलुक सङ्घीयता गएपनि प्रदेशलाई अधिकार सम्पन्न हुन नदिन विभिन्न जालझेल भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले त्यस्ता जालझेलहरु मधेशलाई अधिकार सम्पन्न हुनबाट रोक्न नसक्ने उदघोष गरे ।

सङ्घिय सरकारले बजेट बितरणमा विभेद गर्ने देखि प्रदेशले राख्न पाउनु पर्ने आफ्नै शासन प्रशासनमा समेत अवरोध गरि रहेको दावी गर्दै मुख्यमन्त्री राउतले प्रदेश २ सरकार केही दिन भित्रै आफ्नो शासन प्रशासन कायम गरेर देखाउने बताए ।

प्रदेश सरकार आफ्नो सीमित स्रोत साधनलाई उपयोग गर्दै विकास निर्माणको कार्यलाई अगाडि बढाएको र पोखरीको सौन्दर्यीकरण त्यसकै एउटा सानो भाग रहेको उनको कथन थियो ।

कार्यक्रममा सङ्घीय सांसद महेन्द्र राय यादवले प्रदेश सरकारले सीमित स्रोत साधनबीच गरिरहेको कामको प्रशंसा गर्दै मुख्यमन्त्री राउतले चालेको कदमहरुमा पार्टी र जनताको पूर्ण समर्थन रहेको विश्वास दिलाए ।

जनता समाजवादी पार्टीका शीर्ष नेता समेत रहेका यादवले राउत नेतृत्वको सरकार पाँच वर्ष नै रहने स्पष्ट पारे ।

## रेल चढ्न छाएको उत्साह !

'अई बेर विवाहपञ्चमीतक रेल चल्वे करत' (यसपालि त विवाहपञ्चमीसम्म रेल चल्छ) भङ्गाहा नगरपालिका–३ कटैया बस्तीकी रामराजी यादवले पूरै विश्वासका साथ भने, 'मेला देखए कुर्था सँ जनकपुर रेल चढि कऽ जायब' (विवाहपञ्चमी मेला हेर्न कुर्था, महोत्तरी–धनुषा सीमा नजिकको नयाँ रेल स्टेशन) बाट जनकपुर रेल चढेरै जाउँला । यही असोज २ गते रेलसेट (इञ्जिन र डिब्बासहित रेल) जनकपुर आइपुगेपछि कुर्था नजिकको महोत्तरीका बस्तीमा अहिले अब चाँडै रेल चढ्न पाइने कुराले उत्साह बढेको हो ।

बर्दिवास–जनकपुर–जयनगर रेल्वे परियोजनाको ६९ किलोमिटर दूरीमध्ये कुर्थादेखि जयनगरसम्मको लिक निर्माण गत वर्ष नै सम्पन्न भए पनि रेलसेट नहुँदा सेवा सञ्चालन हुनसकेको थिएन । यसपालि लाग्दो असोजमै भारतबाट किनिएर रेलसेट आएपछि कुर्था नजिकका यहाँका बस्तीमा मङ्सिर शुक्ल पञ्चमीमा आयोजना हुने रामजानकी विवाह महोत्सव (विवाहपञ्चमी मेला) रेल चढेर जनकपुर पुग्न पाइने सर्वसाधारणमा आशा र विश्वास बढेको हो ।

महोत्तरीका लोहारपट्टी, बलवा र भङ्गाहा नगरपालिकाका बस्ती कुर्थासँगै जोडिएका छन् । दुई दशकअघिसम्म जयनगर–जनकपुर–बिजलपुरा चल्ने रेलमा यात्रा गरेको सम्झने यस भेगका सर्वसाधारण अब ठूलो रेल (ब्रोडगेजलाई बोलीचालीमा ठूलो भनिएको) आएको भन्दै हौसिएका छन् । विसं २०५९ अघि जयनगर–जनकपुर–बिजलपुरा चल्ने रेलको महोत्तरीमा पिपराढी, लोहारपट्टी, सिङ्ग्याही र बिजलपुरा स्टेशन थिए । जहाँबाट रेल चढेर यस भेगका बासिन्दा बजारु र धार्मिक प्रयोजनका कामले जनकपुर र जयनगरसम्म आवतजावत गर्थे । विसं २०५९ को बर्खे भेलले हालको लोहारपट्टी नगरपालिकाको बिगही पुल भत्काएपछि त्यतिखेरको रेल सेवा बन्द भएको थियो ।

अहिले त्यतिखेरको सानो लिकको ठाउँमा ब्रोडगेज लिक बनेको छ । यद्यपि कुर्थाबाट पिपराढी, लोहारपट्टी, सिङ्ग्याही र बिजलपुरा स्टेशनसम्मको लिक ओछ्याउने काम निर्माणकै चरणमा छ । यसपालि अब दुई महिनाभित्र कुर्था–जयनगर खण्डको ३४ किलोमीटर दूरीभित्र सेवा सञ्चालन हुने र चालु आर्थिक वर्ष (२०७७(७८) भित्रै बिजलपुरासम्म सेवा सञ्चालन गरिने गरी काम भइरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक गुरु भट्टराईले बताए ।

'हामीकहाँ दुईवटा रेल आइपुगेका छन्, रेल सञ्चालनका लागि आवश्यक जनशक्तिको माग हामीले (विज्ञापन) गरिसकेका छौं', महाप्रबन्धक भट्टराईले भने, 'यो प्रक्रिया पूरा हुनासाथ प्रथम खण्ड (कुर्थाबाट जयनगर) मा रेल सञ्चालन भइहाल्छ ।' दोस्रो खण्ड कुर्थाबाट बिजलपुरा स्टेशनसम्मको १७ किमीमा यसै आर्थिक वर्षभित्र निर्माण कार्य सम्पन्न हुने र तेस्रो खण्ड (बिजलपुरादेखि बर्दिवास) को १८ किमी दूरीमा जग्गा मुआब्जा टुङ्ग्याएर निर्माण काम थालिने भट्टराईको विश्वास छ ।

अहिले रेलसेट आइपुगे पनि जनशक्ति व्यवस्थापन, कोभिड–१९ जोखिमले रोकिएको नेपाल–भारत सीमा आवतजावत खुला गर्ने र रेललिक बरबुझारथका काम बाँकी रहेका हुँदा सेवा सञ्चालनमा केही महिना लाग्नसक्ने नेपाल रेल्वे कम्पनी लिमिटेडले स्पष्ट पारेको छ । रेल सञ्चालनका लागि अहिले तत्काल प्राविधिक जनशक्ति भारतबाटै ल्याउने र अन्य कर्मचारी व्यवस्थापनका लागि करारमा कर्मचारी भर्ना गर्ने प्रक्रिया अगाडि बढिसकेको महाप्रबन्धक भट्टराईले जानकारी दिए ।

अहिले कुर्थाबाट भारतको सीमावर्ती शहर जयनगरसम्म सञ्चालन हुने गरी ल्याइएको रेलसेट परीक्षणपश्चात जयनगरस्थित नेपाल रेल्वे स्टेशनमा पार्किङ गरिएको कम्पनीले जनाएको छ ।

आफ्नो क्षेत्रमा अब चाँडै रेल सेवा सञ्चालन हुने कुराले यस भेगका किसान आफ्नो उत्पादनले बजार पाउने आशमा छन् । दूध, कृषि उपज र मासुका लागि पालिने पशुपक्षी रेल चलेपछि भारतकै सीमावर्ती बजारसम्म दैनिकजसो लान पाइने यस भेगका किसानको विश्वास छ ।

सन् २०१४ मा भारत सरकारसँगको सम्झौतामा भारतकै रु सात अर्ब २० करोड अनुदान सहयोगमा थालिएको जयनगर–जनकपुर–बर्दिवास रेल्वे स्तरोन्नतिको काम सन् २०१९ मै सकिनुपर्ने तालिका थियो । यद्यपि यसबीचका आन्दोलन (मधेश आन्दोलन), प्राकृतिक विपत्ति (भूकम्प र बाढी) र जग्गा मुआब्जा प्रक्रिया नटुङ्गिँदा परियोजना सम्पन्न गर्न ढिलाइ भएको रेल विभागले स्वीकार गरेको छ ।



# जसपाले मनाएको संविधान दिवस

## सम्पादकीय

## सीमा विवादबारे द्वैध कदम

नेपाल र भारतबीच सीमाका विषयमा विवाद हुँदा धेरै बहस र चर्चा हुनेगर्छ। यस्ता विषयमा सीमा मिचिएका समाचार वर्षैभरी आइरहन्छन्। भारतसँगको सीमा विवादमा हरेक दल, नेता र व्यक्ति आफूलाई ठूलो राष्ट्रवादी भएको देखाउँछन्। सरकार पनि त्यहि रुपमा आफूलाई प्रस्तुत गर्छ। सीमाका समस्यालाई हल गर्न न सरकारले तत्परता देखाउँछ न त त्यसअनुसारको दबाब नै सरकारमाथि दिइन्छ। वस्तुत: यस्ता विषयलाई आपसी छलफलमा टुङ्ग्याउनुको सट्टा सडक तताएर देखावटी राष्ट्रवादको नारा दिएर सम्बन्ध खलबलाउने जाल रचिन्छ। तर अर्को तर्फ चीनसँगको सीमाबारे त्यतिसारो बहस र चर्चा भएको सुनिँदैन। यद्यपि उत्तरतर्फको सीमा पनि विवादरहित भने छैन। नेपाल-चीन सीमाका केही ठाउँमा विवाद छन् भने झण्डै आधा दर्जन सीमा स्तम्भ बेपत्ता भएका छन्। सगरमाथाको उचाइबारे पनि एकमत छैन। नेपाल-चीन सीमाको लम्बाइ १ हजार ४ सय १४ किलोमिटर छ। पूर्व सिक्किम सीमादेखि पश्चिम लिपुलेकसम्म ६९ वटा सीमा स्तम्भ बनाइएका छन्। चीनसँगको सीमामा विवाद रहिरहनुको मुख्य कारण सुपरीवेक्षण हुन नसक्नु हो। पछिल्लो पटक २०६२/६३ मा तेस्रो पटक सीमा सुपरीवेक्षण गरिएको थियो। हरेक १० वर्षमा गर्ने सहमति भएपनि त्यो कार्यान्वयन हुन सकेको छैन। नेपाल-चीन सीमा निरीक्षण र सुपरीवेक्षणको काम सुस्त हुँदा पनि दुवै देशको सरकारले गम्भीरता अपनाएको छैन। सीमा विवादका विषयमा हामी चीनभन्दा

**वास्तविक रुपमा यो संविधानप्रति मुलुकको बहुसंख्यक समुदायको ठूलो गुनासो रहेको छ। मधेशीहरू अहिले पनि आफूलाई यो संविधानमा ठगिएको महसुस गरेको छन्। संविधान जारी भइरहेको बेलामा मधेशका जिल्लामा प्रहरीले चलाएको गोली लागेर दर्जनौंले सहादत प्राप्त गरेका थिए।**

भारततिर बढी केन्द्रित छौं। यद्यपी भारततर्फ भने सीमांकनको काम भइरहँदा पनि त्यसलाई सकारात्मक रुपमा लिने गरिएको छैन। सरकारले भारतसँग सीमा विवाद रहेको तर चीनसँग सीमा विवाद नरहेको बताउँदै आएको छ।

नेपालले भारतको नियन्त्रणमा रहेका कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र समाविष्ट नक्सा जारी गरेपछि उठेको भूराजनीतिक तरङ्ग साम्य हुन नपाउँदै अहिले चीनसँगको सीमामा पनि समस्या भएको चर्चाले फेरि अर्को तरङ्ग उत्पन्न भएको छ।

चीनले नेपाली भूमि अतिक्रमण गरेको दाबी गर्दै समाचार आएपछि धेरैलाई नेपालको उत्तरी सीमा पनि समस्याग्रस्त भएको सन्देश प्रवाह भएको छ। तर नेपाल सरकारले वक्तव्यमार्फत् ती समाचारका कतिपय विषयको खण्डन गर्दै आएको छ।

हालै हुम्लाको नाम्खा गाउँपालिकास्थित नेपाल-चीन सीमा क्षेत्रमा चीनले ९ वटा भवनहरु निर्माण गरेको समाचारहरु प्रवाहित भएको छ। यद्यपी सरकारले ती भवनहरू चीनकै भूभागमा रहेको स्पष्ट गरेको छ भने चीनले पनि ती भवनहरु आफ्नै सीमामा बनेको दाबी गरेको छ।

यसअघि गोर्खाको रुई गाउँका कैयौँ बासिन्दाको बसोबास चीनतर्फ परेको समाचारहरू आएको थियो। अर्को जल्दोबल्दो चर्चा दोलखा जिल्लाको विगु गाउँपालिकाको लाप्ची क्षेत्रमा रहेको सीमा चिह्न नम्बर ५७ लाई लिएर हुने गरेको छ। राष्ट्रिय मानवअधिकार आयोगले गत वैशाख महिनामा तयार गरेको 'सीमाक्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूको मानवअधिकार अवस्था' सम्बन्धी प्रतिवेदनमा नेपाल-चीन सीमा र सीमास्तम्भ शीर्षकअन्तर्गत 'उक्त पिलर चीनबाट नेपाली भूभागतर्फ सारेको भन्ने विवाद रहेको देखिन्छ' भन्ने उल्लेख छ।

गत वर्षको असोजमा चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका बेला भएको 'सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौता' मा पनि 'नेपाल-चीन सीमा संयुक्त आयोग' गठन गर्ने उल्लेख छ। तर त्यसमा पनि प्रगति भएको देखिएको छैन। लिम्पियाधुरासम्मको भूभाग खोज्न तत्पराता देखाउने सरकारले चीनसँगको सीमा विवाद समाधानतर्फ किन उन्मुख हुँदैन भन्ने संशय थपिएको छ। भारतसँग वार्तामा बस्नुपर्ने तर चीनसँग विवादै नरहेको भनिरहँदा भविष्यमा गम्भीर समस्या नआउला भन्न सकिदैन। भारतसँग मात्र सीमा विवाद रहेको र चीनसँग नरहेको सन्देश दिइरहँदा यसले जनतामा सरकारप्रति शंका उत्पन्न हुन सक्छ। निश्चित रुपमा चीनसँग पनि सीमा विवाद छ र यसलाई आपसी वार्ता र छलफलमार्फत् समाधान गरिन्छ भनेर सरकारले भन्नुपर्छ।

## विचार - विश्लेषण

भाग-६७



उपेन्द्र झा

**कालो दिवस मनाइसकेको पार्टीले संविधान दिवसमा शान्तिपूर्ण विरोधको कार्यक्रम मात्र गर्नु भनेको मधेश तथा सरकारलाई एकसाथ खुशी पारेको मध्यममार्ग हो। मधेश र राज्य दुबैको आक्रमणबाट बच्न अपनाएको मध्यमार्गी धारबाट जान पार्टीले कार्यकर्तालाई निर्देश गरेपनि कार्यकर्ताहरु एक कदम अगाडि बढेर विरोध गरेका थिए।**

जनताका समस्यालाई उचालेर राजतन्त्र धपाउने तथाकथित जनताको सरकार कहलाउने नेपाली काँग्रेस र एमालेको चार वर्ष नबित्दै देश माओवादी द्वन्द्वमा होमिनु पर्‍यो। लोकतान्त्रिक सरकारको स्वार्थ र अवसरवादी चरित्रको यस्तो विकृत रुप राजाको शासनकालमा पनि देखिएको थिएन। फलत: माओवादी द्वन्द्व, मधेश जनविद्रोह, थारु आन्दोलन, पहाडका जनजाति आन्दोलन, दलित, महिला, मुस्लिम आदिले आफ्नो हकहितका लागि आन्दोलन अगाडि सारे।

मधेशको भीषण आन्दोलनले देशमा आन्दोलनरत सबैको अधिकार सम्बोधन गर्न संविधानसभाको स्थापना गर्‍यो।मधेशको बढ्दो ताकतलाई तत्कालिन नेपाली काँग्रेस, एमाले र माओवादीले बडो गम्भीरतापूर्वक हेरिरहेका थिए। यो ताकतलाई समयमै निस्तेज गरिएन भने तीन वटै पार्टीको अस्तित्व संकटमा जान्छ भनेर चिन्ता लिए। पारस्परिक वैचारिक भिन्नता राखे पनि शक्तिकेन्द्रको आशिर्वाद लिएर सिङ्गै संविधानसभाको स्वामित्व ग्रहण गरि अधिकार माग्ने शक्तिलाई सभा बाहिर राखी एक पक्षीय संविधान घोषणा गर्‍यो। मधेशलाई ६ टुक्रा पारेर वर्गीय अस्तित्वलाई कायम राख्दै एक पक्षीय संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा गर्‍यो।

विस्फोटक अवस्थामा रहेको धरातलीय समस्यालाई यथोचित सम्बोधन नहुँदा मधेशलगायत अधिकार आन्दोलनमा रहेका सबैले संविधान घोषणाको दिनलाई **"कालो दिवस"**को रुपमा मनाए। दुई राष्ट्रियता नस्वीकार्ने शासकवर्ग अगाडि ०७२ असोज ३ गते संविधान घोषणाको दिन पहाडमा **दिपावली** र मधेशमा **कालो दिवस** मनाएर दुई राष्ट्रियताको प्रखर रुप प्रष्टिएको थियो। यही सत्य हो। ढिलो चाँडो यसलाई स्वीकार गर्नु पर्छ।

शक्तिकेन्द्रको आशिर्वाद पाएर शासकवर्गले संविधान घोषणा त गर्‍यो तर मधेश आन्दोलित रहेको अवस्थामा यसको कार्यान्वयन कठीन थियो। मधेशलाई भित्रैदेखि **करेक्शन** गर्नुको विकल्प थिएन। तीनै तहको चुनावको घोषणा भइसकेको थियो। शासकवर्गको एकपक्षीय संविधान घोषणा गरेको कलंक लिएर डा.बाबुराम भट्टराई उपेन्द्र यादवसँग मिसिन पुगे। संघीय समाजवादी पार्टी तथा राजपा दुबै आन्दोलनमा रहेकोले आन्दोलनबाट कसरी बाहिर निकाल्ने भन्ने रणनीतिमा तीनवटै पार्टीको एकमत थियो। प्रगतिशील विचार लिएर शोषित पीडित जनताको समस्या समाधान गर्न आएको प्रचण्डको ढुलमुले चरित्र संविधान सभामा उजागर भएपछि उनको जनसमर्थन हराउँदै गयो र कालान्तरमा उनी छोट्टिँदै गए।

पहिलो चरणमा जनाधार भएका मधेशी नेताहरुलाई उनको ईच्छाअनुसार नेपाली काँग्रेस, माओवादी तथा एमालेमा तान्ने प्रक्रिया शुरु भयो। मधेशको चिन्ता छाडेर अवसर प्राप्त गर्न नेताहरु धमाधम पार्टी परित्याग गरि जान थाले। मधेश आन्दोलनलाई निस्तेज पार्न शासकवर्गद्वारा चालिएको षड्यन्त्रको यो पहिलो कडी थियो। संविधान घोषणाको अधुरो सफलतालाई पूर्णता दिन आतुर प्रधानमन्त्री केपी शर्मा ओली संविधान कार्यान्वयन गराउन जेपनि गर्ने आँट लिएर उपेन्द्र यादवलाई आफ्नो जालमा पारे। उपेन्द्रको असीम स्वार्थ पूरा गरी आन्दोलनबाट बाहिर निकालेर चुनावमा नि:शर्त धकेलेपछि केपी शर्मा ओलीको दोश्रो चरणको सफलता पूरा भयो।

राजपामाथि दबाब बनाउन उपेन्द्र यादबलाई चुनावमा पठाउने प्रधानमन्त्री केपी शर्मा ओलीको षड्यन्त्र बिलकुलै कारगर सिद्ध भयो। गति छाडा चरित्रभन्दा तत्कालीन राजपा अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुर मधेश मुद्दाप्रति इमानदार र जिम्मेवार व्यक्ति रहेकोले आफ्नो प्रभावमा लिन प्रधानमन्त्री केपी शर्मा ओलीको लागि कठीन थियो। उपेन्द्र यादव आन्दोलन छाडेर चुनावमा जाँदा राजपा एक्लै आन्दोलन हाँकीरहेको अवस्था थियो। राजपामाथि दबाव सिर्जना गर्न प्रधानमन्त्रीले भारतीय राजदूतलाई पनि प्रयोग गर्‍यो। तत्कालीन भारतीय राजदूत मञ्जिव सिंह पूरीले राजपाका संयोजक महन्थ ठाकुरलाई चुनावमा जान नि:संकोच भनेपछि महन्थ ठाकुरले आफ्नो जिम्मेवारीलाई सम्झिदै ठाढो जवाफ दिनुभयो – चुनावमा जानु मेरो लागि सुसाइड हुन्छ।

यो मोहरा काम नलागेपछि राजपाभित्रका एउटा असन्तुष्ट नेता हृदयेश त्रिपाठीलाई जालमा पारे। महन्थ ठाकुरबाहेक हृदयेश त्रिपाठी त्यहाँ भएका नेताहरुमा सिनियर नेता हुँदा पनि नीति निर्माणको पंक्तिबाट विस्थापित हुन पुगेपछि असन्तुष्ट हुनु स्वाभाविक थियो। निर्देशनअनुसार उनले आफूलाई अध्यक्षमण्डलीय पंक्तिमा स्थापित हुने तथा चुनावमा नजाँदा पार्टीको साख नजोगिने भएकोले चुनावमा जान यो दुईटा निर्णय गराएर आफू पार्टी परित्याग गरि एमालेको चुनाव चिन्हबाट सांसद भए। यो केपी शर्मा ओलीको संविधान कार्यान्वयनको तेश्रो चरणको सफलता थियो।

संविधान घोषणाको विरुद्ध **कालो दिवस** मनाएर यी दुवै पार्टी तत्कालीन संघीय समाजवादी फोरम र राजपा, सरकारलाई ईच्छाले वा बाध्यताले समर्थन दिएर राज्यसत्ता अगाडि आत्म समर्पण गर्नु दुबै पार्टीको ढुलमुले चरित्रलाई उजागर गर्दछ। सरकारसँगै जाने हो भने मधेशी जनतालाई उचालेर शहीद बनाउनुको कुनै अर्थ छैन। मधेशी जनतालाई उचालेर आन्दोलन गराउने राज्य सुख प्राप्त गर्ने वार्गेनिङ्ग सिवाय मधेशलाई अधिकार दिलाउन बिलकुल पनि होइन मधेशले यो कुरा बुझ्नु पर्दछ।

के कुराको विरोध थियो, त्यसको नतिजा नआई सांसद जितेर जागिर खान सत्ता अगाडि लम्पसार गर्नु र पछि मन्त्रिपरिषद्बाट निकालेपछि क्रान्तिकारी बन्नु, के असल क्रान्तिकारीको यही लक्षण हो ? यो वार्गेनिङ्ग नभए अरु के हो ? संविधान संशोधन विषयमा पटक-पटक प्रधानमन्त्री केपी शर्मा ओलीले "अब यसको औचित्य समाप्त भएको" भन्दा मधेशको स्वाभिमानमा चोट लागेको बखत उपेन्द्र यादव मन्त्री पदमा आसीन थिए, उनलाई चोटको पीडा भएन। तर मन्त्रीबाट निकालेपछि मात्र चोटको पीडा भयो र संविधानको विरोध गर्न उत्रे। आफ्नो फायदाका लागि मधेशलाई उपयोग गरि पटक-पटक उचालेर शहीद बनाउँदै जाने र फायदा लिँदै जाने मधेशका नेताहरुको बानी भइसकेको छ। यस्तो चरित्रबाट मधेशले अधिकारको के आश गर्ने ?

उपेन्द्र यादवको लागि आन्दोलनबाट चुनावमा गलहत्याउनु आनन्ददायक थियो भने मन्त्रिपरिषद्बाट गलहत्याउनु अति कष्टकर। गुलाम प्रवृतिको प्रतिफल यस्तै हुन्छ। आफ्नो बेइज्जतिलाई मधेशको अपमान भनेर परिभाषित गरि फेरि अनावश्यक विरोधको श्रृँखला जोड्ने प्रयास के सम्भव छ ?

जेहोस्, समग्र मधेशको एकता र जिल्लालाई तहस-नहस पार्ने, ८ वटा जिल्लामा सीमित हुने, मधेशलाई ६ टुक्रामा स्वीकार्ने, मधेश आन्दोलनलाई निस्तेज पार्ने, सैद्धान्तिक धरातल कमजोर भएको तथा वैचारिक अडान नहुने, मधेशमा जातीय राजनीतिको शुरुवात् गर्ने, सहअस्तित्व स्वीकार्न नसक्ने, मधेशलाई पछाडि धकेल्ने पहिलो दोषी सरकार हो भने दोश्रो दोषी तत्कालीन उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी मिलेर बनेको जनता समाजवादी पार्टी हुन्।

अवसरवादीहरुको अगुवाई गर्दै सत्तारोहण गरेदेखि उपेन्द्र यादवमा अवसरवादी चरित्रको विकास भएपछि मधेशलाई अधिकार दिलाउने क्रान्तिकारी चरित्रको अवसान भएको छ। अब ती क्रान्तिकारी नाराहरु यिनको बार्गेनिङ्गको माध्यम बनेको छ। महन्थ ठाकुर पनि उपेन्द्र यादवमा अन्तर्विलीन भएपछि जनता समाजवादी पार्टीको मध्यमार्गी दृष्टिकोण संविधान दिवसको अवसरमा निकालेको प्रेस विज्ञप्तिमा स्पष्ट देख्न सकिन्छ।

कम्युनिष्ट विचार–लोकतान्त्रिक विचार, जातिवादी अन्तर्विरोध, पहाड मधेशको अन्तविरोध, हिन्दू, क्रिश्चियन, मुस्लिमको अन्तर्विरोध, दलित र उच्चवर्गको अन्तर्विरोध, उच्च महत्वाकाँक्षाको टकराहट, सहकार्य गर्ने प्रवृति नरहेको आदि सुष्प्रवृतिको भण्डार रहेको जनता समाजवादी पार्टी आफै उठ्न कठीन छ, दिशाविहीन छ, मधेशलाई कसरी दिशाबोध गर्ने ?

**कालो दिवस** मनाइसकेको पार्टीले संविधान दिवसमा शान्तिपूर्ण विरोधको कार्यक्रम मात्र गर्नु भनेको मधेश तथा सरकारलाई एकसाथ खुशी पारेको मध्यममार्ग हो। मधेश र राज्य दुबैको आक्रमणबाट बच्न अपनाएको मध्यमार्गी धारबाट जान पार्टीले कार्यकर्तालाई निर्देश गरेपनि कार्यकर्ताहरु एक कदम अगाडि बढेर विरोध गरेका थिए।

सरकारको नूनको गुण नबिर्सिने पार्टीले मधेशलाई अधिकार सम्पन्न बनाउनु दिवा स्वप्न मात्र हो। अधिकारको राजनीति वैचारिक अडानमा गन्तव्यतिर उन्मुख हुन्छ। सरकार र मधेश दुबैलाई सन्तुष्ट पार्ने कसैले दावा गर्छ भने त्यो दुवैलाई धोका दिइरहेको हुन्छ।

janukjha24@gmail.com

## भारतमा मिथिलाञ्चल जोड्ने कोसी महासेतु रेल सेवाको उद्घाटन

काठमाडौं। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बिहारस्थित सुपौलबाट चल्न कोसी रेल महासेतुको उद्घाटन गरेका छन्। बिहारमा चुनावी माहोल तातिरहेका बेला मोदीले रेल सेवा उद्घाटन गरेर त्यहाँका क्षेत्रीय दलको भोट भाजपातिर तान्ने कोसिस गरेका छन्। बिहारमा हुन लागेको विधानसभा चुनावको ठीक पहिले प्रधानमन्त्री मोदीले मिथिलाञ्चल जोड्ने कोसी रेल महासेतुको उदघाटन गरेका हुन्। यस कार्यक्रममा बोल्दै बिहारका मुख्यमन्त्री नितीश कुमारले अटल बिहारी बाजपेयीको कार्यकालमा सुरु भएको कार्यक्रम मोदी सरकारको पालामा पूरा भएको बताए। उनले कांग्रेस नेतृत्वको युपीए सरकारका कारण रोकिएको परियोजना अहिले सकिएको भन्दै खुसी व्यक्त गरे। उनले यो रेल लाइनको अझै विस्तार गरिनुपर्ने बताए। यसका अलावा मोदीले समस्तीपुर रेलमण्डलका कयौं योजनाको पनि उद्घाटन गरेका छन्। सुपौलबाट आसनपुर-कुपहा-डेमु रेललाई पनि उनले हरियो झण्डा देखाएका छन्। मोदीले समस्तीपुर रेलमण्डलक ५ ठूला योजनाका साथै ३ रेललाई पनि हरियो झण्डा देखाए। मोदीले सीतामढीबाट आनन्द विहार टर्मिनलका लागि विद्युतीय इन्जिनवाला लिच्छवी एक्सप्रेस, सुपौल सरायगढ आसनपुर कुपहा स्टेशनका लागि डेमु र सरायगढ राघोपुरका लागि एक डेमु रेललाई डिजिटल भिडियो कन्फ्रेसिङमार्फ हरियो झण्डा देखाए। मोदीले कोसी महासेतु देशलाई समर्पित गरे पनि यसलाई मिथिलाञ्चलसँग जोडिन केही दिन कुर्नुपर्नेछ। सुपौलबाट सरायगढ हुँदै कोसी महासेतुबाट रेल असानपुर कुपहा हल्टसम्म जानेछ। असानपुर कुपहा हल्टबाट झन्झारपुर स्टेशनसम्म काम भइरहेको छ। यी दुई स्टेशनबीच ५ साना पुल निर्माण भइरहेको छ। यो काम पूरा भएपछि कोसीबाट मिथिलाञ्चलको दरभंगा स्टेशन जोडिनेछ।

## सार्कका विदेशमन्त्रीहरुको बैठकमा भारत पनि सहभागी हुने

काठमाडौं। सार्क राष्ट्रका विदेशमन्त्रीहरूको शुक्रबार हुने भर्चुअल बैठकमा भारत पनि सहभागी हुने भएको छ। नेपालका परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीले अध्यक्षता गर्ने भर्चुअल बैठकमा भारतीय विदेशमन्त्री एस जयशंकर सहभागी हुने भएका हुन्। पाकिस्तानसँगको राजनीतिक किचलोका कारण सार्कलाई प्राथमिकतामा नराखेको भारतले पछिल्लो समय कोभिड-१९ को संकटसँगै यसमा सक्रिय हुन थालेको हो। भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले सार्कमा विदेशमन्त्रीहरूको भर्चुअल बैठकमा विदेशमन्त्री जयशंकर सहभागी हुने पुष्टि गरे। यसअघि सांघाई कोअपरेसन अर्गनाइजेसनको बैठकमा सहभागी भारत-पाकिस्तान दुवै देशका विदेशमन्त्री पनि यो भर्चुअल बैठकमा सहभागी हुने अपेक्षा नेपालले गरेको थियो। सार्क अध्यक्ष राष्ट्र नेपाल भएकाले सो बैठकको अध्यक्षता नेपालका परराष्ट्रमन्त्री ज्ञवालीले गर्ने छन्।
बैठकमा सार्कका आठवटै सदस्य राष्ट्रको सहभागी हुने करिब पक्का भएको छ। यसअघि सार्कका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठक बसेको थियो। बैठकमा पाकिस्तानका विशेष सल्लाहकार मोइद युसुफले पाकिस्तान सरकारले जारी गरेको नयाँ नक्सा देखाएपछि भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल बैठक छोडेर हिँडेका थिए। यो घटना बाबजुद सार्क परराष्ट्रमन्त्रीस्तरीय बैठकमा भारत-पाकिस्तानका मन्त्रीहरुको पनि भेट हुने पक्का भएको छ।

# मधेशको समस्या समाधान गर्ने जसपासँग स्पष्ट दृष्टिकोण छैन

अहिले जसपाले १०+१ प्रदेशको अवधारणा ल्याएको छ, त्यो वास्तवमा स्वायत्त इकाईकै अवधारणा अनुसार छ। मधेशको समस्या यथावत राखी पहाडतिर छलांग लगाएको छ जसपाले। आवश्यक्ताअनुसार पहाड अथवा मधेश प्रदेशमा स्वायत्त अथवा संरक्षित इकाई बनाउन सकिन्छ।



सरिता गिरी

संयोजक, तराई–मधेश वृहत् लोकतान्त्रिक मोर्चा

**० तत्कालीन समाजवादी पार्टीले पार्टी र सांसद दुवै पदबाट हटाउने निर्णयमा पुग्नुको आन्तरिक रहस्य के हुनसक्छ ?**

– हिजो प्रमुख पार्टीहरुले मधेशलाई आफ्नो अधीनमा राखि मधेश र मधेशीको हरेक प्रकारको शोषण गर्दै आएका थिए अथवा आज पनि गरी रहेका छन्। सपा पनि त्यस बाटोमा लागि सकेको जस्तो छ र त्यसकारणले म पदमुक्त हुन पुगेको हुँ। म माथि कारवाही संसदीय दल र पार्टीको विधान विपरीत गरिएको छ तर पार्टीमा आन्तरिक लोकतन्त्रको अभाव छ। मेरो प्रस्तावलाई पार्टी र संसदीय दलमा समेत बहसमा लग्न नसक्ने र हतारहतार षड्यन्त्रपूर्वक ढंगले जसपा हुनुभन्दा अघि पार्टीले ममाथि कारवाही गर्नुलाई के भन्ने हो ? समाजवादी पाटी र राष्ट्रिय जनता पार्टीबीच सहमति भई दुबै पार्टीका नेता जसपाको नेताका रुपमा प्रेस विज्ञप्ति निकाली रहेका थिए र सहमति पत्र निर्वाचन आयोगमा समेत बुझाइसकेका थिए। समाजवादी पार्टीले निर्णय गर्नुभन्दा अघि निर्वाचन आयोगले निर्णय गरी जसपा दर्ता भइ सकेको थियो। तर म माथि कारवाही गर्न निर्वाचन आयोगबाट पत्र बुझिएन। तर म माथि कारवाही गर्न बन्द कोठामा समाजवादी पार्टीका पदाधिकारीहरुले बैठक गरे। यसबारेमा म धेरै के भन्न सक्छु। नैतिकता र पारदर्शिताको ठूलो अभाव देखियो समाजवादी पार्टीका पदाधिकारीहरुमा। यस्ता कामहरु कम्युनिष्ट चरित्रको परिचयक हुन्। पहिला पनि समाजवादी पार्टी कम्युनिष्ट पार्टीको सिद्धान्त र परम्पराअनुसार काम गरेको मैले पाएको थिएँ। हरेक कुरामा निर्णय पदाधिकारीहरुको सुविधा र स्वार्थअनुसार गर्ने गरेको देखेको थिएँ। समाजवादी भन्दैमा कोई लोकतन्त्रवादी हुँदैन। समाजवादी कम्युनिष्ट नेता तथा पदाधिकारीहरुका लागि एउटा आवरण मात्र बनेको छ जस्तो लाग्छ मलाई। सर्वोच्च अदालत पनि राष्ट्रवादको पापुलर नाराको दबाबमा आए जस्तो छ। संविधान र कानूनअनुसार अदालतले अन्तरिम आदेशबारे निर्णय गर्न सकेको छैन। पार्टीबाट निलम्बन अथवा पार्टीको साधारण सदस्यताबाट मलाई मुक्त गर्ने केही पदाधिकारीहरुको निर्णयको आधारमा दल त्याग ऐनलाई प्रयोग गरी मलाई सांसद पदबाट निष्काशन गर्न सकिन्न। दल त्याग र दलबाट निष्काशन एउटै कुरा होइन। शब्दको अर्थ नै परिवर्तन गरिएको जस्तो छ। अदालतलाई महाभियोग लगाउने धमकी सुनवाईको एक दिन अघि बाबुराम भट्टराई सार्वजनिक रुपमा दिनु भएको थियो। माओवादीबाट नयाँ शक्ति र त्यसपछि समाजवादी भए पछि व्यक्तित्व परिवर्तन हुँदैन नी। अहिले पनि अदालतमा मुद्दा विचाराधीन छ। म आशा गर्दछु कि संविधान र कानूनबमोजिम निर्णय हुनेछ। जसपासँग मधेशको समस्याको समाधान गर्न सक्ने स्पष्ट दृष्टिकोण छैन।

**० डा.बाबुराम भट्टराई र तपाईंबीच पहिला पनि राजनीतिक टकराव देखिएको थियो, तपाईंमाथि समाजवादीले त्यो हदसम्म गरेको कारबाहीमा उहाँको कतिको भूमिका हुनसक्छ ?**

– समाचारमा आए अनुसार उहाँ राष्ट्रवादको नाममा कारवाही हुनु पर्ने धारणा राख्नु भएको थियो। अरु केही कारण पनि हुन सक्छन्। विस्तारै सबै अगाडि आउँछ। तर म एक व्यक्तिको बारेमा मात्र कुरा गर्न चाहन्न। समाजवादी पार्टीले कारवाही गरेको छ। सन् १८१६ को सन्धिको कुरा गर्न समाजवादी पार्टीको दृष्टिकोणमा राष्ट्र विरोधी काम हो। अब जसपाले यसको जवाब मधेशलाई दिनु पर्दछ।

**० लिपुलेक, कालापानी र लिम्पियाधुरासहितको नक्सा सन्दर्भमा तपाईंको फरक मतकै कारण पार्टीले कारबाही गरेको देखिन्छ, वास्तविकता यही नै हो त ?**

– फरक मतको सम्मान गर्न सक्नु पर्दछ। तर सपाको अवधारणा र आधार के रहेको थियो यस विषयमा मैले लिखित रुपमा केही बुझ्न सकेको छैन। पार्टीमा यस विषयमा कहिले छलफल भएन। संसदीय दलको निर्णयको प्रति मैले पछि देखें। त्यसमा सरकारको विधेयकको पक्षमा मतदान गर्ने निर्णय मात्र लेखिएको छ। यो त केटाकेटीको खेल जस्तो लाग्यो मलाई या फेरि तानाशाहीको चरम उदाहरण।

**० अब कुरा गरौं तपाईं हालै घोषणा गर्नुभएको संगठनको विषयमा। तराई-मधेश वृहत् लोकतान्त्रिक मोर्चा के हो र किन आवश्यक पर्‍यो।**

– यो एउटा वृहत् मोर्चा हो र यसको सदस्य व्यक्ति, राजनीतिक दल, संघ संस्था जो पनि हुन सक्दछ । अहिले तीन वटा दल यस मोर्चासँग आबद्ध भइसकेका छन्। लक्ष्यको बारेमा मैले माथि भनिसकेको छु। कार्यक्रमका साथ यो मोर्चा अब जनतामा जाने छ।

**० तपाईंले समग्र मधेश एक प्रदेश राजनीतिक एजेन्डा ल्याउनु भएको छ, त्यो त ठिकै हो तर पहाडमा पनि एउटा मात्रै प्रदेश किन?**

– नेपाल एक देश रही रहोस्, संघीयता सफल होस् र भूगोललाई आधार बनाई दुई वटा प्रदेशको निर्माण होस्। प्रत्येक प्रदेशको आफनो संसद र प्रधानमन्त्री रहोस्। आवश्यकताअनुसार दुबै प्रदेशमा स्वायत्त इकाइको निर्माण गर्न सकिन्छ। हामी राष्ट्रको एउटा छुट्टै संसद र प्रधानमन्त्रीको समेत परिकल्पना गरेका छौं। इतिहास र भूगोलको आधारमा दुई वटा प्रदेशको अवधारणा हामीले अगाडी बढाएका छौं। यो एकदम नयाँ विषय पनि होइन। नेपाल सद्भावना पार्टी आनन्दी देवीको वीरगञ्ज महाधिवेशनबाट हिमाल, पहाड र मधेश तीन प्रदेशको अवधारणा हामीले पारित गरेका थियौं। उक्त अवधारणा मैले नै प्रस्तावित गरेको थिएँ। तर हिमाल अहिले एकदम कमजोर अवस्थामा छ। त्यहाँको जग्गा चीनले अतिक्रमण गरिरहेको छ। गोरखाको रुई गाउँमा के भएको हो ? सबैलाई थाहा छ। त्यसैले हिमाली भेगलाई पनि पहाडमा राख्ने मोर्चाको निर्णय रहेको छ। मधेश र पहाडबीचको आधिकारिक सम्बन्ध २२० वर्ष पुरानो छ। साथै दुबै क्षेत्रको जनताबीचको सम्बन्ध त सनातन कालदेखि रहंदै आएको छ। हामी त्यसको सम्मान गर्छौं।

**० अधिकार आन्दोलनमा होमिएका पहाडका आदिवासी-जनजाति, दलित लगायत तपाईंको आन्दोलनका मित्र शक्ति हुन्। पहाडमा एक प्रदेश भनेपछि तिनीहरुले तपाईंलाई सहयोग गर्लान् ?**

– अहिले जसपाले १०+१ प्रदेश को अवधारणा ल्याएको छ, त्यो वास्तवमा स्वायत्त इकाईकै अवधारणा अनुसार छ। मधेशको समस्या यथावत राखी पहाडतिर छलांग लगाएको छ जसपाले। आवश्यक्ताअनुसार पहाड अथवा मधेश प्रदेशमा स्वायत्त अथवा संरक्षित इकाई बनाउन सकिन्छ। अहिलेको सात प्रदेश त आर्थिक रुपले यति महँगो भइ सकेको छ कि संघीयता विघटनको मांग उठ्न थालेको छ। राजनीतिक अथवा कानूनी दृष्टिकोणले अधिकार सम्पन्न संघीय प्रदेश अहिलेको सात प्रदेश हुंदै होइनन। यो संघीयताको नाममा स्वायत्त इकाई जस्तै हुन र नेता तथा कार्यकर्ताको ठूलो जमात पाली राख्ने संयन्त्र मात्र हो। अहिलेको संघीय स्वरुप देशको अर्थ व्यवस्थाले धान्न सक्दैन। देशलाई पुनः एकात्मक शासन प्रणालीमा लग्ने षड्यन्त्रको जालो अहिलेको सात अथवा ११ प्रदेश हो।

**० तपाईंले घोषणापत्रमा खुला सीमाको कुरा गर्नु भएको छ तर छिमेकी राष्ट्रद्वारा सीमा अतिक्रमणका सवालमा मौनता किन ?**

– सीमा विवादबारे दक्षिणी छिमेकी वार्ता गर्न तयार थियो। तर सरकार र अन्य दललाई कोरोना संक्रमणको कालमा नै नयाँ नक्सा संसदबाट पास गर्न किन त्यति हतार भयो ? सरकारले जवाब दिनु पर्दछ। म उत्तरी छिमेकीसँग सीमा विवादबारे संसदमा पनि बोल्दै आएको थिएँ र अहिले पनि बोल्दैछु। नेपाल सरकार र चिनियाँ सरकार दुबै बोल्दै छन् कि नेपाल र चीनबीच सीमा विवाद छैन। तर स्थानीय जनता र स्थानीय सरकार र तथ्यांकले बोल्दैछन कि चीनले सगरमाथाको अतिक्रमण गरी सकेको छ। सरकारले मौन धारण गरेको छ। अब समय आइसक्यो। बीपी कोइराला र राजा महेन्द्रले चीनसँग सीमानाबारे गरेको सहमतिलाई प्रकाशित गरियोस्। अबको प्राविधिक युगमा तथ्य र प्रमाणको आधारमा कुरा हुनु पर्दछ।

पहिला नेपालले तिब्बतबाट सलाना १०,००० रुपैयाँ कूत पाउँथ्यो। राजा महेन्द्रले १९६० मा चीन भ्रमणको क्रममा नेपालको त्यो अधिकार चीनलाई हस्तान्तरण गरे किनभने राजा महेन्द्रलाई आफ्नो सत्ता टिकाउनु थियो। इतिहासको आधारमा अनुमान लगाउन सकिन्छ अहिलेको कम्युनिष्ट सरकार आफ्नो सत्ता टिकाउन अघोषित रुपमा चीनसँग सहमति गर्दै नेपालको जग्गा छोड्दै पछाडि हट्दै गइरहेको छ।

**० तपाईंको अभियानले कुन आधारमा यी कुराहरु प्राप्त गर्ने, अभियानको कार्याविधि के हो ?**

– आधारको कुरा मैले माथि गरी सकें। अन्य पक्ष माथि हामी कार्य गर्दैछौं।

**० मधेशमा अहिले बलियो राजनीतिक शक्तिको रुपमा जसपा बनेको छ। तपाईंको कुनै संगठन छैन। कसरी यो अभियानलाई अगाडि बढाउनुहुन्छ ?**

– बलियो म त्यस्तो शक्ति वा संगठनलाई भन्छु जसले जनतासँग गरेको वचन पुरा गर्न सक्दछ। जसपाको मत मधेशको हो तर समस्या यथावत छ। एउटा चुनावमा गरेको वचन यदि अर्को चुनावमा जानुभन्दा अघि पूरा गर्न सकिएको छैन भने संख्याको आधारमा मात्र बलियो भन्न सकिन्न। समय र काल परिवर्तनशील हो। आज जो बलियो देखिएको छ त्यो भोली बलियो नरहन पनि सक्छ।

# देउवाले नचाहे सभापतिमा निधिको जीत अप्ठ्यारो छ



भरत कुमार शाह

प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

सभापति देउवाले नचाहेसम्म उहाँ जित्न सक्नुहुन्न। सभापति देउवाले नै आफ्नो उम्मेदवार बनाएपछि मात्रै अन्य समूहसँग राम्ररी प्रतिस्पर्धा गर्न सक्नुहुन्छ। त्यसमा सभापति देउवा, निधि, पार्टी अन्य मुख्य-मुख्य नेताहरुको कुरा मिल्नुपर्‍यो।

**० नेपाली कांग्रेसको १४औं महाधिवेशन तोकिएको मितिमा नहुने निश्चित देखिएको छ। तपाईंको आँकलन के छ ?**

– कांग्रेसको १४औं महाधिवेशन तोकिएको मिति अर्थात् आगामी फागुनमा नहुने निश्चित नै छ। किनभने साउनभित्र सबै सक्रिय सदस्यता बनाइसक्नुपर्नेमा असोजमा पनि पूरा नहुने देखिएको छ। त्यसकारण फागुनमा त हुन सक्दैन। केही समय सारेर बैशाख वा जेठसम्म हुन सक्छ।

**० तोकिएको मितिमा महाधिवेशन हुन नसक्नु कोरोना मात्र कारण हो कि पार्टीको आन्तरिक कलह पनि हो ?**

– खासमा विवाद भनेको पार्टीको नेतृत्व कसले लिने भन्ने नै हो। पार्टीभित्र चुनाव हुँदैछ, सबैले आफूलाई अब्बल देखाउनका लागि आआफ्ना किसिमले तयारी गरिरहेका छन्। ती सबै विवादको समाधानको थलो महाधिवेशन नै हो। कांग्रेसभित्र देखिएको अहिलेको विवाद सैद्धान्तिक होइन। आफू कसरी नेतृत्व तहमा पुग्ने त्यसैमा विवाद केन्द्रित छ। कांग्रेसको सिद्धान्त त एउटै हो। पार्टीमा आफ्नो नेतृत्व स्थापित गर्नका लागि विवाद जस्तो देखिन्छ।

**० तोकिएको मितिमा महाधिवेशन नहुने निश्चित भएपछि अब विकल्पहरु के-के छन् ?**

–संविधानतः महाधिवेशन भाद्रभन्दा पछाडि लग्न पाइदैन। महाधिवेशनको मिति हामीले बढाउन सक्ने भने हाम्रो विधानले चार वर्षमा चुनाव गर्ने भनेको छ। एक वर्षमा विशेष परिस्थितिमा थप्न गर्न सकिनेछ भन्ने प्रावधान छ। त्यो थप गरियो भने बैशाख-जेठसम्म जाने हो। संविधानले त विशेष परिस्थितिमा ६ महिना थप्ने भनेको छ। भनेपछि भाद्रभन्दा उता त संवैधानिकरुपमा पनि लग्नै मिल्दैन। भाद्रभन्दा उता लगियो भने पार्टी नै कोल्याप्स हुनसक्छ।

**० रामचन्द्र पौडेलले त विशेष महाधिवेशनको कुरा गर्नुभएको छ ?**

– विशेष महाधिवेशन केका लागि गर्ने ? कसले गर्ने ? सभापति शेरबहादुर देउवा र पौडेल दुई जना बसेर त महाधिवेशन हुँदैन। कांग्रेसमा हजारौं क्रियाशील सदस्यहरु छन्, उनीहरुको नवीकरण गर्नुपर्‍यो। विभिन्न चुनावहरुमा ज्यान फालेर उनीहरु लागेका छन्, कतिपय नयाँ सदस्यहरु पनि थपिएका छन्। उनीहरुले पनि त क्रियाशील सदस्यता पाउनुपर्‍यो। त्यसकारणले सम्भव नभएका कुराहरु गरेर हुँदैन।

**० विशेष महाधिवेशनको माग सान्दर्भिक होइन ?**

– विशेष महाधिवेशन कसरी गर्ने ? महाधिवेशन गर्नका लागि त सक्रिय सदस्यहरु चाहियो नि। भोटर लिष्ट नै छैन भनेपछि कसरी महाधिवेशन गर्न सकिन्छ ? उहाँहरु पुरानै सदस्यताबाट महाधिवेशन गरौं भन्नुहुन्छ। पुरानामध्ये कतिले पार्टी छोडेर गइसकेका होलान्, कति मरेर गइसके होलान्। कतिपय अरु पार्टीका सक्रिय नेता कार्यकर्ताहरु आएका होलान्। तिनीहरुलाई के गर्ने त ?

**० नेपाली कांग्रेसको अहिलेको नेतृत्व कतिको सफल देखिनुभएको छ ?**

– नेतृत्व सफल वा असफलभन्दा पनि सभापति शेरबहादुर देउवाले राम्रै काम गर्नुभएको छ। कमी कमजोरी त सबैमा हुन्छ, केही कमी कमजोरी उहाँमा पनि होला। उहाँले आफ्नो तर्फबाट गर्नुपर्ने काम गरिरहनु भएको छ। सबै कुरा सबैका लागि सही नै हुन्छ भन्ने कुरा हुँदैन।

**० कांग्रेसको प्रमुख प्रतिपक्षीको भूमिका कमजोर रहेको पार्टीबाटै गुनासाहरु छन् नि ?**

– कांग्रेसले प्रतिपक्षीको भूमिका प्रभावकारीरुपमा निर्वाह गर्न सकेन भन्ने गुनासाहरु त छन्। तर, सभापति मात्रै यसको भागेदारी होइन। पार्टीका सबै नेता कार्यकर्ता हुन्छन्। सभापतिले मात्रै गरेर हुँदैन, पार्टीका सबैले गर्नुपर्‍यो। प्रतिपक्षीको भूमिका सभापतिले मात्रै गर्नुपर्ने होइन नि। उहाँहरु के गरिरहनुभएको छ, उहाँहरु पनि त्यही हुनुहुन्छ। त्यसकारण ती कुराहरु भन्ने मात्रै हो। आआफ्नो जिम्मेवारी सबैले लिनुपर्छ। दुई तिहाइ नजिकको सरकारले निश्चितरुपमा नै मनपरी गरेको छ। भ्रष्टाचार गरेको छ, संवैधानिक निकायहरुलाई काम गर्न दिएको छैन। प्रजातन्त्रको मर्मअनुसार काम गर्न दिएको छैन। यो सरकारले धेरै यस्ता कामहरु छन्, गर्न नहुने हो। त्यसका लागि प्रमुख प्रतिपक्षीले सशक्त भूमिका निर्वाह गर्नुपर्ने नै हो। यसमा पार्टीको कमी कमजोरी त छ, यसमा लुकाउनुपर्ने कुरा केही पनि छैन। तर, एउटै व्यक्तिको मात्रै कमी कमजोरी भन्न मिल्दैन।

**० तर, पार्टीको नेतृत्व गर्ने कमाण्डर नै मुख्य जिम्मेवार हुनुपर्छ, होइन र ?**

– अलि बढी जिम्मेवारी लिनुपर्ने नेतृत्व व्यक्ति नै हो। तर, पार्टीमा त सामूहिक जिम्मेवारी छ नि। कांग्रेसभित्र सबै चुनावबाट जितेर आएका छन्। सबै पदाधिकारी, सदस्यहरु निर्वाचित भएर आएका छन्। पार्टीमा एकल नेतृत्व त होइन, सामूहिक नेतृत्व हो। त्यसमा सबै जिम्मेवारी केही न केही त बन्छ नि।

**० कांग्रेसमा पहिलोपटक मधेशी मूलका कुनै नेताले सभापतिका लागि अगाडि आउनुभएको छ, विमलेन्द्र निधि। पार्टी सभापतिमा उहाँको सम्भावना कति देख्नुहुन्छ ?**

– सभापतिका लागि उहाँ पनि प्रवल दावेदार हुनुहुन्छ। उहाँले कांग्रेसबाट नै राजनीतिक यात्रा सुरु गरेर धेरै संघर्ष गर्नुभएको छ। सानै उमेरदेखि कांग्रेसमा लागेको मान्छे हुनुहुन्छ उहाँ। अहिले उपसभापति पनि भइसक्नुभो। तर सभापतिका लागि त कार्यकर्ताले चुन्ने हो। अहिले पार्टीभित्र विभिन्न समूहहरु छन्, सबैले आआफ्नो दाबेदारी गरिरहेका छन्।

**० सभापति देउवा आफैं पनि आकांक्षी देखिनुभएको छ र निधिले पनि दाबेदारी गर्नुभएको छ। निधिलाई स्वीकार गर्न सक्ने अवस्था छैन ?**

– सभापति देउवाले नचाहेसम्म उहाँ जित्न सक्नुहुन्न। सभापति देउवाले नै आफ्नो उम्मेदवार बनाएपछि मात्रै अन्य समूहसँग राम्ररी प्रतिस्पर्धा गर्न सक्नुहुन्छ। त्यसमा सभापति देउवा, निधि, पार्टी अन्य मुख्य-मुख्य नेताहरुको कुरा मिल्नुपर्‍यो। अहिलेको परिस्थितिमा कसलाई सभापति बनाउँदा उपयुक्त हुन्छ भन्ने कुरा निष्कर्ष निकाल्दा राम्रो हुन्छ।

**० निधिलाई यस पटकका लागि सभापति चलाउन दिनुपर्छ भन्ने कुरामा तपाईंको निजि विचार के हो ?**

– म पनि शेरबहादुर गुटकै हुँ र विमलेन्द्रजी पनि त्यतै हुनुहुन्छ। हामी एकै गुटका हौं। तर, मैले फलानालाई बनाउनुपर्छ भनेर हुँदैन। हाम्रा गुटका सबै मान्छेहरु बसेर निर्णय गर्नुपर्छ। म व्यक्तिगतरुपमा बोल्दै हिंड्नु राम्रो हुँदैन। बैठक बोलाएपछि आफ्नो धारणा राख्ने कुरा हुन्छ।

**० निधिनिकट स्रोतका अनुसार सभापति देउवाले उहाँलाई सहयोग गरे पनि वा नगरे पनि आफ्नो दाबेदारी छोड्नु हुन्न। त्यसोभए, निधिले सभापतिमा जित्ने सम्भावना कतिको देख्नुहुन्छ ?**

– सभापति शेरबहादुर देउवाको मन्जुरीबिना उहाँले उम्मेदवारी दिनुहुन्छ जस्तो मलाई लाग्दैन। उहाँले हाम्रो गुटबाट म मात्रै उम्मेदवार हुनुपर्छ भन्नुहुन्छ। शेरबहादुरजीलाई भन्नुभएको कि मलाई सहयोग गर्नुपर्‍यो। तर, अहिलेसम्म शेरबहादुरजीले पनि केही भन्नुभएको छैन। उहाँ आफैले अहिलेसम्म उठ्ने कुरा आइरहेको छ। त्यसकारणले अहिलेसम्म सभापतिको उम्मेदवारी हाम्रो समूहबाट कसले दिने निश्चित भइसकेको छैन। अहिले महाधिवेशनका लागि समय पनि बाँकी छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशको जनमत अझै स्थिर

नेपालमा सात पटक संविधान लेखन कार्य भइसकेको छ। वर्तमान संविधान पनि सन्तोषजनक नरहेको बहस विभिन्न क्षेत्रबाट हुने गरेको छ। संघीयता र गणतन्त्रको स्थापना गरेर केही प्रगतिशील बन्न पुगेको वर्तमान संविधानलाई एकल सामुदायिक वर्चस्वको संरक्षण गर्ने मानसिकताले शासन व्यवस्थामा सबैको अधिकार समावेश गराउन अझै स्वीकारेको छैन।



**देवेश झा** राजनीतिक विश्लेषक

सत्तालाई मधेशको विषयमा भ्रम यथावत् छ। वेदानन्द झा नेतृत्वको तराई कांग्रेसले २०१५ सालको आमनिर्वाचनमा भाग लिँदा प्रारम्भ भएको 'पहिचानको खोजी' अझै निष्कर्षमा पुगेका छैन। एउटा सीटमा पनि सफल हुन नसकेको तराई कांग्रेसलाई पहिलो आमनिर्वाचनमा २% मत प्राप्त भएको थियो। गजेन्द्र बाबु (गजेन्द्र नारायण सिंह)को नेतृत्वमा नेपाल सदभावना पार्टीले ४% सीट प्राप्त गरेको थियो। वेदानन्द झालाई पहिले गृहमन्त्री र पछि लामो समयसम्मका लागि भारतमा नेपाली राजदूत नियुक्त गरेर तत्कालीन सत्ताले मधेश मुद्दा विसर्जन भएको ठाने तर गजेन्द्र नारायण सिंहमार्फत् दोब्बर शक्ति आर्जन गर्दै मधेशको पुनर्जागरण भएर आयो।

गजेन्द्र नारायणको भौतिक जीवनसँग जोडिएको मान्दै आएका नेपाली राज्य सत्ताले दिन गन्दै समय बिताइरहँदा अनुमान भन्दा ठिक विपरित दृश्य २०६३ को मधेश जनविद्रोहले देखायो। सामान्य गैरसरकारी संस्था मधेशी जनअधिकार फोरमको आह्वानमा शुरु भएको आन्दोलनले विकराल रुप धारण गर्दै सम्पूर्ण व्यवस्थालाई चुनौती दिएर अन्ततः देशको शासन प्रणालीलाई संघीय बनाउन बाध्य तुल्यायो। मधेश आन्दोलन हुँदा गजेन्द्र बाबुको लिगेसी बोकेको दाबी गर्दै आएको नेपाल सदभावना पार्टी सरकारमा सहभागी थियो।

मधेशप्रति राज्य सत्ताको बेवास्ताका परिणामस्वरूप २ बाट ४ प्रतिशत मतको समर्थन पाउने मधेश मुद्दा समर्थित मत २०६३ को आन्दोलन पछि पहिलो संविधान सभाको निर्वाचन हुँदा ११% मा पुगिसकेको थियो। तर पनि चेत नखुलेका भ्रमितहरुले मधेशी नेताहरुबीच फाटो ल्याउँदा मधेशको राजनीति टुंगिने दृष्टिकोण अंगिकार गरे र सबै हतकण्डा अपनाएर मधेशी दलहरुलाई छिन्नभिन्न पार्न सफल भए। उपेन्द्र यादवको फोरमबाट विजय कुमार गच्छदार र जेपी गुप्ता, महन्थ ठाकुरको तमलोपाबाट महेन्द्र राय यादव तथा गजेन्द्र नारायण सिंहको नेसपाबाट राजेन्द्र महतो र अनिल झा छुट्टिन पुगे।

दोश्रो संविधान सभाको निर्वाचनमा यी नेताहरु आ-आफ्नो पार्टीलाई चुनावी मैदानमा उतारे र पराजित भए। राज्य सत्ताका लागि आफ्नो योजना सफल भएको देखिए पनि समग्र मधेशी दलहरुको मत परिणाम वृद्धि भएर १२% मा पुगिसकेको थियो। यसरी पहिलो संविधान सभामा ठूलो बहुमत प्राप्त परिवर्तनकारी शक्तिहरु दोश्रो संविधान सभाको निर्वाचन हुँदा प्राविधिक रुपमा सत्ता बाहिर बस्ने स्थिति बनाउने काम भयो। परिणामतः ३५% मा झरिसकेको यथास्थितिवादी शक्तिहरु फेरि ७०% स्थान कब्जा गर्न सफल भए। पछिल्लो संसदीय निर्वाचनमा मधेशी दलहरुबीच सहमति गरेर भाग लिने तय भएपछि यसको अनुपात फेरि घटेर ५५% मा पुगेको छ। जनसांख्यिक आधारमा यो आफ्नो वास्तविक उपस्थिति भन्दा २०% बढी हो।

नेपाली राजनीतिमा स्थिरता कायम गर्ने प्रयासलाई यस प्रकरण मार्फत् गम्भीर धक्का हानियो। नेपालको एकीकरण अभियानमा सहभागिता जनाएका विभिन्न जात, जाति, भाषा, धर्मलाई समेटेर एकजुट बनाउने प्रयासस्वरुप चार वर्ण छत्तीस जातको साझा फूलबारीसम्बन्धी अवधारणालाई अपहरण गरेर सीमित सामुदायिक राज्य सत्ता बनाउने कार्यलाई निरन्तरता दिन अनेकौं प्रपञ्चद्वारा परिवर्तनको सबै मुद्दाहरु धुमिल पार्नु नै दोश्रो संविधान सभाको लक्ष्य राखिएको थियो। यसका लागि माओवादी नेतृत्वलाई दबाव र प्रलोभनको रणनीति प्रयोग गरेर निस्तेज बनाइयो र सामुदायिक एकीकरण गर्दै संविधान जारी गरियो।

प्रगतिशील संविधान देखाइएको भएपनि घुमाउरो पाराले केन्द्रिकृत शासन प्रणालीको निरन्तरता कायम राख्ने कोशिसलाई अस्वीकार गर्दै सम्पूर्ण मधेश दोश्रो पटक फेरि आन्दोलित हुँदा हिंसात्मक दमन नीति अंगिकार गरेको राज्य सत्ताले निर्दयीताको पराकाष्ठा देखाए। पश्चिमी नेपालमा राज्य प्रशासन र थारु समुदायबीच भएको हिंसक झडपमा उच्च प्रहरी अधिकृतहरु पनि हताहत भए। यसैगरी अन्य ठाउँको प्रदर्शनमा प्रहरीको बर्बरता चरम रुपमा देखा परेको थियो।

तथापि आश्चर्यजनक रुपमा मधेश अथवा थारु विद्रोहले विखण्डनलाई अस्वीकार गर्दै आएको छ। विगतमा जयकृष्ण गोइत, ज्वाला सिंहहरूद्वारा सञ्चालित हिंसात्मक द्वन्द्व मधेशमा टिक्न सकेन। यहाँसम्म कि विखण्डनको नारा लगाई रहँदासम्म सिके राउत तुलनात्मक रुपमा स्वीकार्य हुन सकेको थिएन। मधेश र थारु समुदायले नेपालबाट छुट्टिन नखोजेको प्रमाणित भए पनि समकालीन राजनीतिमा पहाडे नेताहरुले आफ्नो समुदायलाई विखण्डनको त्रास देखाएर राजनीतिक लाभ लिने गरेको देखिन्छ भने त्यहीअनुरुप मधेशका नेताहरुको पनि समस्या समाधान गर्ने भन्दा बढी सत्ता राजनीतिमा भूमिका खेल्न ध्यान केन्द्रित रहेको छ।

अन्ततः बलपूर्वक लागू गरिएको संविधानअनुसार संसदीय निर्वाचन गर्दा पनि मधेश मुद्दाको पक्षमा रहेको मत परिणाम यथावत् कायम रहेको देखिन्छ। तत्कालीन दुवै मधेश केन्द्रित दलहरुले लगभग १०/५५ मत प्राप्त गरेका छन्। जबकि पहिलो चरणको निर्वाचनमा राजपाले भाग नलिएको र हृदयेश त्रिपाठी लगायतका पुराना राजपा नेताहरु एमालेको सूर्य चुनाव चिह्नबाट चुनाव लडेका थिए। यसरी प्रष्ट रुपमा देख्न सकिन्छ कि मुद्दाको हिसाबले मधेशको जनमत आफ्नो ठाउँमा स्थिर रहेको छ।

यस पटकको संसदीय निर्वाचनको अर्को महत्वपूर्ण पक्ष भनेको थारु समुदायको उदासीनता रहयो। संविधान जारी भएपछिको आन्दोलनले उग्र रुप लिदै गर्दा कैलाली जिल्लामा भएको हिंसक दुर्घटना र त्यसले निर्माण गरेको डरलाग्दो परिवेशमा सुदूरपश्चिमका दुई जिल्ला गम्भीर रुपमा प्रभावित भए। त्रासमय वातावरणमा सम्पन्न निर्वाचनमा परिणाम प्रभावित हुनु स्वाभाविक थियो तथापि तत्कालीन राजपा उम्मेदवारको रुपमा ठूलो बहुमतले निर्वाचित रेशम चौधरीको उत्साहजनक विजयले परिवर्तनको पक्षमा रहेको सामुदायिक चाहनालाई प्रतिविम्वित गर्छ।

नेपालको राजनीतिमा एकल सामुदायिक वर्चस्वको अभ्यास नौलो कुरा होइन। थापा, पाण्डे र जहानियाँ राणा शासनको कालखण्डमा यसका लागि योजनाबद्ध ढङ्गले रणनीतिक प्रक्रिया अवलम्बन गरिएको थियो। बन्दुक, कलम र खजानामाथि पूर्णतः नियन्त्रण गरेर राज्यसत्ता कब्जा गर्ने प्रयासस्वरुप सेना, प्रशासन-न्याय र राजस्व संकलन गर्ने महत्वपूर्ण स्थानहरुमा स्वजातीय नियुक्तिको निरन्तरता लामो समयदेखि जारी रहेको छ। जनगणनाबाट उपलब्ध तथ्यांक विपरीतको यस व्यवस्थाका कारण सामाजिक परिवेश असन्तुलित भएर विभिन्न प्रकारको आन्दोलन तथा विद्रोह मार्फत जनभावना मुखरित हुदै आएका पनि छन्। विगत ७० वर्षदेखि नेपालमा राज्य सञ्चालन गर्न अभ्यास गरिएको आधुनिक मापदण्ड सहितको राजनीतिक एवम् प्रशासनिक संरचनाले राष्ट्रिय एकतामा पारेको प्रभावबारे बहसको अनिवार्यता देखिन्छ।

जहानियाँ राणा शासन विरुद्धको प्रजातान्त्रिक आन्दोलन, सक्रिय राजतन्त्रसहितको निर्दलीय पञ्चायती व्यवस्था विरोधी आन्दोलन अथवा माओवादीको हिंसक र मधेशको अहिंसक विद्रोहको पछाडि एउटै मनोविज्ञानले काम गरेको छ। नेपालको राजनीतिक क्षेत्रमा नियन्त्रित जातीय दृष्टिकोणलाई राष्ट्रवादको संज्ञा दिएर महिमा गरिएपनि यसले सामाजिक सद्भाव कायम राख्न दिनानुदिन जटिलता थपिँदै गएको छ। नश्लीय सोचबाट प्रेरित सत्ता र परिवर्तनकारी दुवै पक्षले समाजलाई महज राजनीतिक प्रयोजनका लागि ध्रुवीकरण गरेर घृणाको व्यापार बढाउने काम गरेका छन्।

राणा शासनको अन्त्यसँगै प्रारम्भ भएको खुला राजनीतिमा प्रतिस्पर्धात्मक व्यवस्थामार्फत् सामाजिक सहजता वृद्धि गर्ने सुअवसरलाई एकल सामुदायिक वर्चस्वको संरक्षण गर्ने प्रयासले ठूलो क्षति पुऱ्यायो। प्रजातान्त्रिक आन्दोलनका नेतृत्वकर्ता दलको हैसियतले नेपाली कांग्रेसलाई राज्य पुनर्संरचना गर्ने महत्वपूर्ण अवसर प्राप्त भएपनि दल भित्रको आन्तरिक किचलोका कारण समय खेर फालियो। परिणामतः बखान सिंह गुरुङ, महेन्द्र नारायण निधि, परशु नारायण चौधरी जस्ता अग्रपंक्तिका योद्धाहरु नेतृत्वमा स्थापित हुन सकेन। समाजमा समानताको अनुभूति गराउन सक्ने ठूलो सम्भावना बोकेको कालखण्डलाई सत्ता र शक्ति संग्रह गर्ने अवसर बनाउन खोजिएकोले समय र परिस्थितिद्वारा राजदरबारलाई विकल्प उपलब्ध गराइएको थियो।

त्यसपछिको युगमा आधुनिक राज्य व्यवस्थाको महत्वपूर्ण अंग मानिएको प्रणालीगत सुधारको रुपमा लोक सेवा आयोग, अदालतको भूमिका लगायतका विषयहरु प्रवेश गराइएको भएपनि नियन्त्रणको प्रक्रिया यथावत् कायम रहेको थियो। संस्थागत परिवर्तनको अपेक्षा गर्ने जनताको लागि फेरि आन्दोलन अपरिहार्य भएर जनपक्षीय नेतृत्व स्थापित भयो तर परिवर्तनको नेतृत्व गर्दै सत्तामा पुग्न सफल भएकाहरुले पनि शासन व्यवस्थामा रहेको नश्लीय चिन्तनलाई परिमार्जन गर्न सकेन, परिणामतः सामाजिक असन्तुष्टि समाधान हुन सकेको छैन।

नेपालमा सात पटक संविधान लेखन कार्य भइसकेको छ। वर्तमान संविधान पनि सन्तोषजनक नरहेको बहस विभिन्न क्षेत्रबाट हुने गरेको छ। संघीयता र गणतन्त्रको स्थापना गरेर केही प्रगतिशील बन्न पुगेको वर्तमान संविधानलाई एकल सामुदायिक वर्चस्वको संरक्षण गर्ने मानसिकताले शासन व्यवस्थामा सबैको अधिकार समावेश गराउन अझै स्वीकारेको छैन। धेरै लामो कालखण्डसम्म सत्तामा बस्नेहरुका लागि विगतमा गरिएका आफ्नो व्यवहारका कारण आफै त्रसित बन्ने मानसिकता कायम भएको छ।

तुलनात्मक रुपमा अहिलेसम्मको सबै संविधान भन्दा बढी समावेशिताको सम्भावना बोकेको वर्तमान संविधानलाई विभिन्न ऐन कानुनहरु निर्माण गरेर प्रतिगामी बनाउने प्रयास जारी राखिएको छ। जनताद्वारा प्रत्यक्ष प्रतिनिधित्व गराउने सिद्धान्तमा जनसंख्याको आधार निर्णायक मानिने चलन भएपनि नेपालको राजनीतिमा लोकतन्त्रको मूल आदर्शलाई उपेक्षित गरिएको छ। संघीयता संचालनको लागि सामुदायिक प्रतिनिधित्व नभएसम्म समाजमा विद्यमान उकुसमुकुस अन्त हुने छैन। प्रधानमन्त्री केपी ओलीले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन सक्ने भन्दै आउनु भएको छ तर त्यसबारे स्पष्ट परिभाषा गर्नु भएको छैन।

संसदीय निर्वाचन हुन लाग्दा संविधान संशोधनको अनिवार्यता स्वीकारेर तत्कालीन माओवादी नेतृत्वको कांग्रेस सम्मिलित सरकारले संसदमा संशोधन प्रस्ताव दर्ता गराएको थियो तर रहस्यमय ढंगले सत्ताधारी दलका सभासदहरु अनुपस्थित रहेको कारण पारित हुन सकेन। संसदीय राजनीतिमा दलद्वारा औपचारिक रुपमा संसदमा प्रस्ताव प्रस्तुत भइसकेपछि त्यसलाई वैधानिक समर्थन दिएको मानिन्छ। यसरी पछिल्लो संसदमा दर्ता भएको संशोधन प्रस्ताव वर्तमान संसदमा निर्वाचित भएर आएका नेपाली कांग्रेस, तत्कालीन माओवादी र मधेश केन्द्रित दलका सांसदहरुका लागि नैतिक जिम्मेवारीको विषय हो।

नेपाल पनि विश्व राजनीतिको अभिन्न अङ्ग भित्रै पर्दछ। मानव सभ्यताको विकाससंगै विकसित भएको वर्चस्व र संरक्षणको राजनीतिले कालान्तरमा संरक्षित वर्गलाई बाँकी समाजबाट अलग्याउने गरेको हुँदा त्रासको मानसिकता बन्ने गरेको हुनाले संरक्षण प्राप्त समुदाय आफ्नै वरिपरि पर्खाल खडा गर्दै एक्लिएका हुन्छन्। प्रायः कमजोर र असुरक्षित मनस्थितिका कारण बनेको यस्ता संवेदनशील संरचनालाई जोगाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय दवावमा अनेकौं जायज-नाजायज सम्झौताहरु गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जित हुने गरेका हुन्छन्।

यसरी समग्र विश्लेषण गर्दा नेपालको राज्य व्यवस्था एकतर्फी रुपमा एकल सामुदायिक संरक्षणका लागि प्रयोग हुने गरेको यथार्थ छ। एकीकरण गर्ने बेलामा सबै जातजाति, भाषाभाषी, धर्म-संस्कृतिलाई समेटिने गरी जनाइएको प्रतिबद्धता अपहरित भएको छ। शाहवंशीय राजतन्त्रको कालखण्डसम्म खस क्षेत्रीहरुको बहुलता र निर्णायक भूमिका रहदै आएकोमा २०४६ को परिवर्तन पछि क्रमिकरुपमा पहाडी मूलका बाह्मणको वर्चस्व स्थापित हुदै गएको देखिन्छ। वर्तमान संविधान प्रति मधेशको मुखर असहमति छ भने जनजातिहरुले मौन असहमति राख्दै आएका छन्।

राष्ट्रियताको संज्ञाबाट विभुषित बनाइएको वर्तमान राजनीतिक प्रणालीमा परिवर्तनकारी सोचबाट प्रेरित भएर सकारात्मक परिणाम ल्याउनु नै राष्ट्रहितको एकमात्र मार्गचित्र हुनसक्छ। अन्यथा जहानियाँ शासनबाट संवैधानिक राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र वा संघीय गणतन्त्र भनेको भए पनि शासन व्यवस्थालाई संचालन गर्ने प्रक्रियामा जनताले खोजेको अधिकार सुनिश्चित नभएसम्म समाजमा अराजकता सिर्जना भइरहने छन् र देशले फेरि पनि आन्दोलन अथवा विद्रोहको सामना गरि रहनु पर्दछ। प्रष्टरुपमा भन्नु पर्दा एकल सामुदायिक वर्चस्वबाट संरक्षितहरु बाहेकको नेपाली समाज अझै पनि परिवर्तनको लागि प्रतीक्षारत अवस्थामा रहेको देखिन्छ।

## मधेश अपडेट

### तरूण दल र नेविसंघ सडक निर्माणमा

कपिलवस्तु। नेपाली कांग्रेसको भातृ संस्था तरण दल र नेपाल विद्यार्थी संघ नियमित रुपमा सामाजिक काममा लागेका छन्। नेपाल तरुण दल र नेविसंघ क्षेत्र नं. १ कपिलवस्तु द्वारा बाणगङ्गा नगरपालिका २ कप्टैयाको गाउँमा जाने बाटो ग्राभेल गरिएका छन्। हालसम्म ग्राभेल पनि नभएको भत्केको र बिग्रेर जनतालाई सामान्य हिडडुल गर्न समेत गाह्रो भएको ती ठाउंहरुमा ग्राभेल गरेर बाटोलाई सुधार गरिएको नेविसंघका इकाई सभापति दिनेश क्षत्रीले बताए। करिब १ लाख भन्दा माथिको लागत लागेको उक्त ग्राभेल गर्ने योजना सम्पन्न गरिएको छ। गाउका जनता सधै हिलोमा हिड्नुपर्ने र बर्खा याममा सबारी साधन पनि जान नसक्ने उक्त ठाउँमा हिउँदयाममा धुलोले बाटो नै पुरिने अवस्था रहेको थियो। यस्तो अवस्था आफुहरु स्वयमले देखेको र गाउबाट पनि गुनासो आएपछि आफुहरुले सडक निर्माण गरेको तरुण दलका क्षेत्रिय सभापति तिलक थापाले बताए। यता नेविसंघका क्षेत्रीय सभापति चन्द्रकान्त पोखेलले विपिको सपना दुरदराजका गाउँ बस्तिमा जनता खुसी भएमा नै राष्ट्र खुसी रहने र आफुहरु विपिको सिद्धान्तलाई शिरोपर गर्दै समाजमा हुने हरेक दुःखसुखमा आफुहरु लागि परेको बताए ।सरकार भ्रस्टाचारमा लिप्त रहेको र गर्न चाहे के हुदैन भन्दै आफुहरु आफ्नो खाजा खर्च कटाउदै विभिन्न ब्यक्तित्व हरु सङ्गको सहयोग मा यो कार्यक्रम सम्पन्न गरिएको उनले बताए।

### रुपन्देहीको इमलिहवामा बीओपी स्थापना

भैरहवा। सीमा सुरक्षालाई व्यवस्थित गर्न सशस्त्र प्रहरी बल नेपालले रुपन्देहीको रोहीणी गाउँपालिका-५ इमलिहवा (बुची) मा बोर्डर आउट पोस्ट (बीओपी) को स्थापना गरेको छ। यो पोस्ट भारतसँग सिमाना जोडिएको रुपन्देहीको ५९.७ किमी सिमानामा स्थापना गर्न लागिएको २५ वटा बीओपीमध्ये छैठौं हो। यसभन्दा अघि पजरकट्टी, डन्डा, मझगवा, बोगडी र बयरघाटमा स्थापना भइसकेका छन्। सिसहवा, ठर्की, पन्चवारे र थुमुवामा ३ महिनाभित्र बीओपी स्थापना गरिने सशस्त्र प्रहरी बल नेपाल २७ नम्बर गण रुपन्देहीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक तेजकुमार पोखरेलले बताए। ती स्थानमा बीओपी स्थापनाका लागि जग्गाको प्रकृया अघि बढाइएको पोखरेलले जनाए। २०७६ मंसिर ३० गते मन्त्रिपरिषद्को बैठले नेपाल-भारत र नेपाल-चीनको सीमा क्षेत्रमा सशस्त्रका १ सय १४ वटा बीओपी स्थापना गर्ने निर्णय गरेको थियो। त्यही निर्णयको आधारमा जिल्ला सुरक्षा समिति रुपन्देहीको २०७६ पुस १८ को बैठकले पहिलो चरणमा जिल्लाका अत्यावश्यक ५ ठाउँमा बीओपी स्थापना गर्ने निर्णय गरेको थियो। सरकार र जिल्ला सुरक्षा समितिको निर्णयको आधारमा बुचीमा स्थापना भएको बीओपी पहिलो हो।

### नारायणी अस्पतालको जनरल सेवा सुचारू

पर्सा। कोरोनाको उच्च जोखिममा रहेको पर्सा जिल्लामा संक्रमणको दर निरन्तर घट्दै गएपछि नारायणी अस्पतालले जनरल सेवा शुरु गरेको छ। अस्पतालका प्रवक्ता डा. अतुलेश चौरसियाले पर्सा जिल्लामा कोरोनाको जोखिम बढ्दै गएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लकडाउन शुरु भएको एक महिनापछि नारायणी अस्पताललाई अस्थायी कोभिड अस्पतालमा परिणत गरि जनरल सबै सेवाहरु बन्द गरिएको थियो। जनरल सेवाहरु बन्द भएपछि जनस्तरबाट विभिन्न राजनीतिक दल सामाजिक सङ्घ संस्थाबाट सोको विरोध भएपछि मन्त्रालयले सो आदेश एक महिनापछि फिर्ता लिएको भए पनि ठुलो सङ्ख्यामा उपचारमा सलग्न रहेका स्वास्थ्यकर्मीहरु बढी सङ्क्रमित भएपछि ओपिडिलगायतका जनरल सेवा ठप्प गरी आकस्मिक सेवा मात्र सञ्चालनमा रहेकोले अवस्था समान्य हुदैं गएपछि शुक्रबारदेखि ओपिडिलगायतका सबै सेवाहरु सुचारु भएको हो। प्रवक्ता चौरसियाले स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड अनुसार बढी भिडभाड नहुने गरि हालका लागि ओपिडिका सबै बिभागहरुमा प्रत्येक दिन बढीमा २५ जनाको उपचार गरिने र भर्ना प्रक्रृयालाई नियमित गर्दै लैजाने बताए। कोरोनाको उच्च जोखिममा पर्सा जिल्ला रहेकोले मन्त्रालयले पर्सा जिल्लालाई रोड जोनमा राखेकोमा यता केही दिनदेखि नारायणी अस्पतालमा गरिएको पीसिआर परिक्षणमा सङ्क्मणको दर निरन्तर घट्दै गएपछि अस्थायी कोभिड अस्पतालको रुपमा रहेको गण्डक अस्पतालमा २० जनाको उपचार आईसोलेशन कक्षमा भईरहेको र वीरगन्ज हेल्थ केयर अस्पताल खाली भई जेनरल सेवा शुरु भइसकेको छ।

### चिनियाँ अतिक्रमणविरुद्ध प्रदर्शन

रुपन्देही। चिनियाँ पक्षले हुम्लाको नाम्खा गाउँपालिका-६ लिमी गाउँस्थित लाप्चामा नौवटा घर बनाएपछि देशको विभिन्न स्थानमा नेपालीहरुले विरोध गरेका छन्। नेपाली भूमिमा चिनियाँ पक्षले घर बनाएकाहरुलाई तत्काल हटाउन उनीहरुले माग गरेका छन्। चिनियाँ अतिक्रमणविरुद्ध लम्बिनी नागरिक समाजले लुम्बिनीमा विरोध प्रदर्शन गरेको छ। प्रहरीको हस्तक्षेपका बावजुद तिनीहरुले विरोध प्रदर्शन गरेका हुन्। भीड जुटिरहेको बेला प्रहरीले हस्तक्षेप गरेका थिए। जसपाका स्थानीय नेता तथा नेपाल भारत खुला सिमा संवाद समूहका रुपन्देही अध्यक्ष महेन्द्र गुप्ताको नेतृत्वमा सो प्रदर्शन गरिएको छ। विरोध प्रदर्शनमा अजाद गुप्ता, मनोज यादव, राकेश गुप्ता, घन्श्याम लोघ, बिनोध लोघ, सुरेन्द्र हरिजन, दिलिप यादव लगायतका दर्जनौं व्यक्तिहरुको सहभागिता रहेको थियो। सो क्रममा चीन विरुद्ध नारावाजी गर्दै 'हाम्रो भूमि खाली गर, चिनियाँ विस्तारवाद मुर्दावाद, चिनियाँ दादागिरी बन्द गर' लागायतका नाराहरु लगाइएको थियो।

### खुल्यो जानकी मन्दिर

जनकपुरधाम। लकडाउन र निषेधाज्ञाका कारण बन्द रहेको जनकपुरधामस्थित जानकी मन्दिर दर्शनार्थीका लागि खुला गरिएको छ। मन्दिर खुल्ला गरिएको मन्दिरका उत्तराधिकारी रामरोशन दासले बताए। तर केन्द्र, प्रदेश सरकारका कुनै पनि निकायले मन्दिर खोल्ने निर्णय गरेका छैनन्। महन्तहरुले नै मन्दिर खुला गरेका हुन्। मन्दिर खुल्ला गरिएसँगै चहलपहल बढेको छ। अहिले बाहिरका श्रद्धालु एवं दर्शनार्थी नआए पनि जनकपुरधाम र नजिकका आउन थालेको दासले बताए। अहिले दैनिक ३ सयदेखि ४ सयसम्म दर्शनार्थी आइरहेका छन्। उनीहरुलाई दूरी कायम गरी दर्शन र पूजापाठ गर्न दिइएको छ। मन्दिर खुलेसँगै यहाँ पूजा सामग्री बेच्ने पसलहरु पनि संचालनमा आएको छ। मन्दिर आसपास भएका मिठाइ, फुल तथा अन्य सामग्रीका पसल संचालनमा आएको छ। यसअघि मन्दिर बन्द गरिए पनि भित्र पूजापाठ नियमित भइरहेको थियो। लकडाउनका कारण मन्दिर बन्द गरिँदा यस पटकको राम नवमी, सीता नवमीसहितका पर्वहरु खल्लो देखिएको थियो।

### नवलपरासीका बाढीपीडितका लागि टेन्ट हस्तान्तरण

नवलपरासी (बर्दघाट पश्चिम)। बाढीपीडितका लागि भारत सरकारले उपलब्ध गराएको टेन्ट र त्रिपाल नवलपरासी (बर्दघाट पश्चिम)मा नेपाल-भारत महिला मैत्री समाजले हस्तान्तरण गरेको छ। समाजकी अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य चन्दा चौधरीले मंगलबार नवलपरासी (बर्दघाट पश्चिम) का सरावल गाउँपालिका र प्रतापपुर गाउँपालिकाका बाढीपीडितहरुका लागि टेन्ट र त्रिपाल प्रदान गरेकी छन्। सांसद चौधरीले १०५ टेन्ट तथा १६० त्रिपाल नेपाल गण्डक सिंचाई परियोजनाको कार्यालय परिसरमा गाउँपालिका अध्यक्षलाइ हस्तान्तरण गरेकी हुन्। जिल्ला विपद् व्यवस्थान समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकको अध्यक्षतामा भएको एक कार्यक्रमका बीच संस्थाकी अध्यक्ष चौधरीले उक्त टेन्ट प्रतापपुर गाउँपालिकाकी कार्यकारी अध्यक्ष अन्जु चौधरी तथा सरावल गाउँपालिकाका अध्यक्ष राधेश्याम चौधरीलाइ हस्तान्तरण गरिन्। उक्त टेन्ट तथा त्रिपाल प्रतापपुरका वडा ३ र सरावल गाउँपालिकाका वडा ६ र ७ मा वितरण गरिने जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। नेपालका ५ जिल्लामा बाढी पहिरोबाट पीडित परिवारहरुलाई वितरणका लागि आपतकालीन राहत सामग्रीको रुपमा त्रिपाल र टेन्ट भारत सरकारले नेपाल-भारत महिलामैत्री समाजलाई प्रदान गरेको थियो।

### हिरासतमा मृत्यु भएकाको परिवारद्वारा प्रदर्शन

कैलाली। गत शुक्रबार जिल्ला प्रहरी कार्यालय कैलालीको थुनुवा कोठाभित्र आत्महत्या गरेको भनिएकाको परिवारजनले प्रदर्शन गरेको छ। मृतकका परिवार र आफन्तले बुधबार पनि धनगढीमा प्रदर्शन गरेका छन्। उनीहरूले मुख्यमन्त्री कार्यालय र जिल्ला प्रहरी कार्यालयमा धर्ना दिएका हुन्। धनगढी उपमहानगरपालिका-५ का १९ वर्षीय रोशन विकको मृत्यु कुटपिटबाट भएको परिवारको दाबी छ। छानबिनबाट सत्यतथ्य बाहिर ल्याउनुपर्ने माग गर्दै उनीहरूले प्रदर्शन गर्दै आएका छन्। विकलाई मोबाइल चोरीको अभियोगमा प्रहरीले भदौ २२ पक्राउ गरी हिरासतमा राखेको थियो। पाँचौं दिन बिहान उनले आत्महत्या गरेको खबर प्रहरीले सार्वजनिक गरेको थियो। भाइको अनुहारभरि घाउचोट रहेको, नाकबाट रगत बगेको र घाँटीमा चोट रहेको मृतकका दाजु रवि विकले बताए।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# ‘हाम्रो संविधान सबै अट्ने गतिशील दस्तावेज हो’

संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाईरहनु भएका समस्त दिदीबहिनी तथा दाजुभाइहरु,

स्वदेश एवं विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु !

- आज हामी छैटौं संविधान दिवस एवं राष्ट्रिय दिवस मनाउन यहाँ उपस्थित भएका छौं । सात दशक लामो संघर्ष र बलिदान एवं संविधान निर्माणको सन्दर्भमा बहस,विवाद र सहमतिको छ बर्ष लामो शृङ्खला पारगरी पाँच बर्ष अघि आजकै दिन हामीले संविधानसभाबाट नेपालको संविधान जारी गरेका थियौं । यस ऐतिहासिक दिनको अवसरमा सर्वप्रथम म, नेपाल सरकार तथा आफ्नो तर्फबाट मुलुक भित्र र मुलुक बाहिर रहनु भएका सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । आन्दोलनको क्रममा सहादत वरण गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । जननिर्वाचित संविधानसभाद्वारा जनता आफैंले लेखेको संविधान जारी गराउनेबिन्दुसम्म नेपाली राजनीतिक आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । आन्दोलनको क्रममा बेपत्ता पारिएर, बेघरबार भएर, शारीरिक, मानसिक एवं पारिवारिक रुपमा क्षति ब्यहोरेर योगदान गर्नुहुने सम्पूर्ण देशबासीप्रति हार्दिक आदरभाव व्यक्त गर्दछु ।

- हामीले विगत तीन बर्ष यता यस राष्ट्रिय दिवसलाई विभिन्न तरिकाले मनाउँदै आएका छौं । संविधान जारी भएपछि निर्वाचित सरकार सञ्चालनको पहिलो बर्ष हामीले औपचारिक कार्यक्रम गर्‍यौं । जनआकांक्षाका कुरा गर्‍यौं र त्यसलाई अघि बढाउन आधार तयार गर्‍यौं ।

- गत बर्षदेखि यस राष्ट्रिय दिवसलाई औपचारिक सरकारी समारोहबाट घर/घरमा चर्चा हुने राष्ट्रिय चाडकारुपमा मनाउने प्रयास गर्‍यौं । जनआकांक्षा पूरा गर्न गरिएका कामको समीक्षा र त्यसको प्रगतिबारे चर्चा गर्‍यौं ।

- यो बर्ष हामी हाम्रो सामाजिक जीवनलाई अस्तब्यस्त पार्ने र देखिनेगरी उचाई लिन लागेको हाम्रो अर्थतन्त्र र विकासको अभियानलाई गम्भीर धक्का दिनेमहामारी र त्यसको प्रभावका बारेमा विमर्श गर्दैछौं । महामारीले तोकिदिएको सीमाभित्र रहेर यस राष्ट्रिय दिवसको उत्सव मनाउँदै छौं । महामारीबाट भएको धनजनको क्षतिप्रति दुःख र समवेदना जनाउँदै छौं ।

- कोभिड-१९ को महामारी रोकथामको लागि पहिलो पटक लकडाउन गरिएदेखि अहिलेसम्मै जनजीवन सामान्य हुन सकेको छैन । यसअवधिमा मुलुकभित्र रहनुभएका ६० हजार भन्दा बढी दिदीबहिनी तथा दाजुभाइहरु यस महामारीबाट संक्रमित भइसक्नु भएको छ । ४३ हजार भन्दा बढी संक्रमित यस अवधिमा निको भएपनि देशभित्र झण्डैचार सयर देशबाहिर विभिन्न मुलुकमा कार्यरत सयौंको संख्यामा नेपालीहरुको ज्यान यस महामारीले लिइसकेको छ ।संक्रमितहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यस महामारीबाट यति धेरै नेपालीहरुकोजीवन गुमेकोमा दुःख व्यक्त गर्दछु । आफन्तको वियोगमा पीडाबोध गरिरहनु भएका स्वदेश तथा विदेशमा रहने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा गहिरो समवेदना प्रकट गर्दछु ।

- मानव जातिले प्राकृतिक विपत्ति भोग्दै आएको छ र हामी नेपालीलेपनि हरेक बर्ष भोग्दैआएका छौं । महामारीका अतिरिक्त भूकम्प, बाढी पहिरो, हावाहुरी र आगलागीजस्ता हामीले सामना गर्दै आएकाप्राकृतिक विपत्तिहरु हुन् । यसपटक अतिबृष्टिका कारण देशका विभिन्न भागमा आएको बाढी/पहिरोबाट धेरैको ज्यान गएको छ भने दर्जनौं नेपालीले त सिंगो परिवार नै गुमाउनु परेको छ । केही बस्तीहरु सखाप भएका छन्, कैयौं परिवार घरबारबिहीन हुन पुगेका छन् । महामारीबाट ज्यान गुमाउने जत्तिकै संख्यामा यी प्राकृतिक विपत्तिमा पनि नेपालीहरुको ज्यान गएको छ । यस विपत्तिबाट जीवन गुमाउनेहरुप्रति दुःख व्यक्त गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

- प्रकृतिको नियम हो, कस्तै महामारी र विपत्तिमा पनि समयरोकिंदैन । ऋतु फेरिन्छन् ।जतिसुकै पीडा वा छटपटी रहेपनि मानिसहरु जीवनलाई निरन्तरता दिन्छन् । गौरवगाथा गाउने दिन गाउँछन्, स्मरण गर्नुपर्नेहरुलाई श्रद्धापूर्वक सम्झिन्छन् । प्रतिबद्धतालाई निरन्तरता दिन्छन्, बाँकी रहेको जिम्मेवारी पूरा गर्ने प्रण गर्छन् ।महामारी र विपत्तिबीच हामी यिनै शोक र संकल्पहरुबीचयसबर्षको राष्ट्रिय दिवसको उत्सवमा सरिक भइरहेका छौं ।

दिदीबहिनी तथा दाजुभाइहरु,

- कोभिड-१९ एक्कासी आएको विपत्ति थियो । यस महामारीसँग सामना गर्न विश्वका कुनैपनि मुलुक तयारी अवस्थामा थिएनन् । हामी पनि थिएनौं । शुरुका दिनमा यसको प्रभाव र प्रवृत्तिका बारेमा अनुसन्धानमा संलग्न विज्ञहरुसमेत अलमलमा थिए । अफवाह थिए, आशंका र आतङ्क थिए । कोही लकडाउनको पक्षमा थिए, कोही विपक्षमा । कसरी सर्छ, कसरी फैलिन्छ, कसरी रोकथाम हुन्छ, कहिलेसम्म यसको कहर कायम रहन्छजस्ता विषयमा अड्कलबाजीहरु धेरै थिए ।यहाँसम्म किकोरोना महामारी हो कि व्याधी भन्नेमा समेत बहस भएका थिए ।

- हामीले गत सालको चैत ११ गते पहिलो पटक लकडाउन गर्‍यौं, छिमेकी मुलुक भारतमा भन्दा एक दिन अघि । त्यस बखतहामीकहाँ संक्रमितहरुका २ वटा मात्र केस पहिचान भएका थिए । छिमेकी चीनमा यो महामारी नियन्त्रणमा आइसकेको थियो, छिमेकी भारतमा संक्रमितको संख्या ३ अङ्कमा सीमित थियो । त्यतिबेला विश्वस्तरमा नै मास्कसहित आवश्यक स्वास्थ्य सामग्रीको अभाव थियो । अभाव मात्रै होइन, हाहाकार नै थियो । अहिले विश्वकै स्वास्थ्य सामग्रीको प्रमुख स्रोत मुलुक मानिएको चीनमा समेत शुरुका दिनमा सर्जिकल मास्कको समेतअभाव थियो । हुने वा कम हुने छिमेकीहरुले जे जति छ, त्यति सर्जिकल मास्क ऐक्यबद्धता स्वरुप पठाई रहेका थिए ।

- आपतमा अत्तालिने र समयक्रममा बिर्सने मानवीय स्वभावलाई ध्यानमा राखी म त्यतिबेलाको अवस्था स्मरण गर्न यी विषयमा चर्चा गरिरहेको छु । त्यतिबेला हामीमध्ये केही अलिक आत्तिएका थियौं, थोरै केही हुन्न भन्नेमा पनि थियौं । समग्रमा जनताको सुझबुझपूर्ण सहयोगमा कोरानालाई तह लगाउन सकिनेमा हामी विश्वस्त थियौं । हामीले लकडाउन गर्‍यौं । सर्वपक्षीय सल्लाह गर्‍यौं, सल्लाहमै रोकथाम, नियन्त्रण र उपचारको लागि क्षमताले भएसम्मका उपायहरुअपनायौं । हामीले ‘जनताको जीवन रक्षा पहिला’ भन्ने नीति अगाडि सार्‍यौं । उपलब्ध नयाँ तथ्यका आधारमा जनतालाई सचेत पार्ने हरसंभव प्रयास गर्‍यौं ।यस अवधिमाप्रधानमन्त्रीको



हैसियतमा मैले पटकपटक औपचारिक सम्बोधन गरें । मृगौला प्रत्यारोपणको लागि अपरेसन थियटरमा जानुअघि र अस्पतालबाट डिस्चार्ज भएलगत्तै पनि सम्बोधन गरें । यी सबै सम्बोधनमार्फत गरिएका काम र गर्ने कामका बारेमा आम देशबासीसँग सम्वाद गरें । सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने र समय समयमा हात धुने मात्रै होइन, आफ्नो आन्तरिक रोग प्रतिरोधी क्षमता बृद्धि गरी सिङ्गो मुलुकलाई ‘निरोगी नेपाल अभियान’मा संलग्न हुनुपर्नेमा जोड दिएँ । चिकित्सक तथा स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, सबै प्रकृतिका कामदार/कर्मचारीहरु, तीनवटै तहमा कार्यरत जनप्रतिनिधिहरु, विज्ञहरु, राजनीतिक दल तथा आम नागरिकहरुको महामारी नियन्त्रण, रोकथाम र उपचारको यस राष्ट्रिय अभियानमा सक्रिय संलग्नता रह्यो, जुन खुशीको कुरा हो ।

दिदी-बहिनी दाजुभाइहरु,

- पर्याप्तता भन्ने सापेक्षित कुरा हो । सरकारलेमहामारीलाई चुनौतिका रुपमा मात्रै होइन, अवसरको रुपमा समेत उपयोग गर्नेगरी चालू आर्थिक वर्षको बजेटमार्फत मुलुकभर स्वास्थ्य पूर्वाधार खडा गर्ने योजना कार्यान्वयनमा ल्याएको छ । डिलमा बसेर आलोचना गर्नु बेग्लै कुरा हो, तरमहामारी नियन्त्रणका लागि चालिएका कदमहरुको संक्षिप्त समीक्षा गर्ने हो भने अहिलेसम्मकोकामका तस्बिर उराठलाग्दो होइन, उत्साहजनक देखिन्छन् । कोभिड-१९ को संक्रमण नेपालमा देखिनु पूर्वको कमजोर र अहिले उपचारका पूर्वाधार तथा क्षमतामा उल्लेखनीय प्रगति भएको अवस्था बीचमा आकाश जमिनको फरक छ ।

२०७६ माघ ९ गते कोभिड-१९ को पहिलो केस पहिचान हुँदा पिसिआर परीक्षण देशभित्रको प्रयोगशालामा संभव नभएकाले त्यसको नमूना विदेश पठाउनु परेको थियो । हाल देशभित्र सरकारी ३३ र निजी १४ गरी ४७ आरटी-पिसिआरपरीक्षण प्रयोगशालाहरु सञ्चालनमा छन् । परीक्षणको दैनिक क्षमता २३ हजार ५०० भन्दा माथि छ ।

शुरुको समयमा प्रतिपरीक्षण लागत रु ८ हजार ५ सय थियो । हाल निजी र सरकारी दुबै प्रकृतिका प्रयोगशालाहरुमा २ हजार रुपैंयामा परीक्षण हुन थालेको छ । सिङ्गो जनसंख्याको कम्तिमा २ प्रतिशतमा पिसिआर परीक्षण गर्ने हाम्रो अनुमानित प्रतिबद्धता पूरा भएको छ र त्यो अहिले कम हुने देखिएको छ । प्रतिदशलाखमा पिसिआर परीक्षण ३० हजार नाघेको छ ।

पहिले आइसियू बेड क्षमता १ हजार ५५१ थियो, अहिले २ हजार ६०० पुर्‍याइएको छ ।

पहिले भेन्टिलेटर संख्या ७७० थियो, अहिले ९०० पुर्‍याइएको छ ।

पहिले जिल्ला अस्पताल रहेका स्थानीय तहमा मात्रै अस्पताल सेवा उपलब्ध थिए, अहिले बाँकी ६४९ स्थानीय तहमा ५ बेडको अस्पताल निर्माणको व्यवस्था गरिएको छ । प्रदेश सरकार र अस्पतालहरुलाई आवश्यक पूर्वाधार, स्वास्थ्य सामग्री, मानवीय तथा वित्तीय स्रोतको व्यवस्था गरिएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत १०० जना पोष्ट ग्रेजुयट चिकित्सक परिचालन गर्ने तयारी पूरा भएको छ । २५ हब अस्पताल र २० शिक्षण अस्पतालहरुमा विशेषज्ञ चिकित्सकको नेतृत्वमा तुरुन्तै परिचालन गर्न सकिने टीमहरु तयारी अवस्थामा राखिएको छ । बहुसंख्यक नेपालीहरुलाई कोभिड-१९का लक्षण तथा हात धुने, भिडभाडबाट टाढा रहने, मास्क प्रयोग गर्नेजस्ता रोकथामका उपायहरुबारे जानकारी छ ।मोवाइल रिङ्ग टोन, टोल फ्री हटलाइन फोन, वेवपोर्टल, रेडियो, टिभी, सामाजिक सञ्जाल तथा पत्रपत्रिकाका अतिरिक्त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दैनिक ब्रिफिङबाट स्वास्थ्य जनचेतना तथा जोखिम बारेको सूचनाप्रवाह गरिएको छ ।

केस व्यवस्थापनका लागि आवश्यक पिपिई सहितका सामग्रीहरु उपलब्ध छन् । मास्क, सेनिटाइजर लगायत आधारभूत स्वास्थ्य उपकरणको उपलब्धता छ ।

पहिले परम्परागत औषधि आदिका बारेमा द्विविधा थियो, अहिले हाम्रा जडिबुटी र परम्परागत वस्तुहरुको प्रयोगबाट आफू निको भएको भनेर कतिपय संक्रमितहरुका अनुभव पनि सुन्न थालिएको छ ।

दिदी-बहिनी दाजुभाइहरु,

गत बर्ष आजकै दिन मैले सरकार सञ्चालनको १८ महिनामा भएका उपलब्धिको संक्षिप्त विवरण राखेको थिएँ । यदि कोरोना महामारी हुँदैनथ्यो भने आज गत बर्ष कबुल गरिएका कतिपय काम सम्पन्न भएको विवरणको चर्चा हुनेथियो । केही राष्ट्रिय गौरवका आयोजनाहरु उद्घाटन हुने थिए । भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको हुने थियो । माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट उर्जा उत्पादन शुरु भएको हुने थियो । मेलम्चीको पानी आउन थालेको हुने थियो । रानीपोखरीको पुनर्निर्माण सम्पन्न भइसकेको हुने थियो । धरहरा निर्माणको कार्य सकिने थियो । निजी आवास पुनर्निर्माणको काम पूर्ण रुपमै भइसकेको हुने थियो ।

विगत तीन बर्षदेखि हाम्रो अर्थतन्त्रले उच्च आर्थिक बृद्धिदरको लय समातेको थियो । मानव विकास सूचकांक, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति-सुव्यवस्थातथा कानूनी शासन, भ्रष्टाचार निवारण, पर्यटकीय प्रतिस्पर्धा, लैंगिक समानता, विद्यालय शिक्षा, बालबालिका र स्वास्थ्यजस्ता विश्वव्यापी १४ विभिन्न सूचकांकमा नेपालले उल्लेख्य सुधार गरेको पनि थियो । तर दुःखको कुरा अहिले कोभिड-१९ का कारणले नेपालको अर्थतन्त्रमा नकारात्मक असर परेको छ, तर हामी यस प्रतिकूल अवस्थाको छिट्टै अन्त्य गर्ने छौं र परिस्थितिलाई अनुकूल बनाउने छौं ।

- सरकारले कोभिड-१९ बाट प्रभावित उद्योग/व्यवसायलाई सहज सञ्चालनको वातावरण बनाउन बजेट र मौद्रिक नीतिमार्फत आर्थिक पुनरुत्थानका प्रस्तावहरु अघि सारेको छ । कर सहुलियत देखि बैक ब्याज एवं विद्युत महसूल छुट र श्रमिकको सामाजिक सुरक्षा कोषमा सरकारका तर्फबाट रकम योगदान गर्नेसम्मका कामहरु भएका छन् ।अर्थतन्त्रलाई पुनरुत्थान गर्नकृषि, उर्जा, पर्यटन तथा घरेलु, साना एवम् मझौला उद्योग समेतलाई समेट्नेगरी पुनरकर्जाकोषको व्यवस्था गरिएको छ । यसबाट २ खर्बभन्दा बढी लगानी परिचालन हुनेछ ।

- झण्डै ६ महिना अवरुद्ध आर्थिक क्रियाकलापका बाबजूद आर्थिक बृद्धिदर बाहेकका परिसूचकहरु सकारात्मक छन्, यो हाम्रालागि सुखद पक्ष हो ।

कोभिडको महामारी पछि विश्वका धेरै मुलुकमा आर्थिक बृद्धिदर नकारात्मक हुँदा पनि हाम्रो आर्थिक बृद्धिदर सकारात्मक नै रहेको छ ।

कोभिडका कारण राजस्व र खर्चको अवस्थामा असर परेपनि समग्र सरकारी वित्त स्थिति सन्तुलनमा नै छ । राजस्व प्रणालीमा दूरगामी महत्व राख्ने सुधार भएका छन् ।

मूल्य वृद्धि नियन्त्रणमा नै छ । सरकारले बन्दाबन्दी र निषेध आदेशको अवस्थामा पनि जनताका दैनिक आवश्यकताका वस्तुहरुको आपूर्ति निरन्तर गराई रहेको छ । इन्धन, खाद्यवस्तु, तरकारी, फलफूल, औषधी लगायतका अत्यावश्यक उपभोगका वस्तुहरुको आपूर्तिमा कमी हुन दिएको छैन । हाल सरकारी र निजी क्षेत्रमा खाद्य पदार्थको मौज्दात पर्याप्त छ ।

वैदेशिक व्यापार घाटा सुधारोन्मुख छ ।वर्तमान बन्दाबन्दीको अवस्थामा पनि विप्रेषण आप्रवाहमा निरन्तरता छ । यस अवधिमा मासिक औसतभन्दा बढी नै विप्रेषण आप्रवाह भएको छ । जेठ, असार र साउन-पछिल्लायी तीन महिनामा करिब २८७ अर्ब रुपैंयाविप्रेषण आप्रवाह भएको छ ।

गत वर्षभरिमाशोधनान्तर स्थिति रू. २८२ अर्बले वचतमा रहेको छ । कूल विदेशी बिनिमय सञ्चिति रू. १हजार४०१ अर्ब पुगेको छ ।

कोभिडले ल्याएको विश्वव्यापी आर्थिक संकटका बावजूद पनि दातृ निकायको सहयोग बढिरहेको छ ।यस अवधिमा १६८ अर्बरुपैंया बजेटरी सहायतासहित कूल ५ खर्ब रुपैंयाबराबरको विकास सहायता प्रतिबद्धता प्राप्त भएको छ । यस २ वर्षको अवधिमा रू.२ खर्बभन्दा बढीको बाह्य लगानी स्वीकृत भइसकेको छ भने रू. १४ खर्बभन्दा बढीको लगानी प्रतिबद्धता पनि प्राप्त भएको छ ।

बैकिङ्ग तथा वित्तीय क्षेत्रमा स्थायित्व कायम छ । बैक सेवामा उल्लेख्य विस्तार भएको छ । निजी क्षेत्रका लगानीका लागि बैकिङ्ग क्षेत्रमा करिब रु. २०० अर्ब थप तरलता उपलब्ध छ । बैकिङ्ग क्षेत्रमा रहेको पर्याप्त तरलताको कारण ब्याजदर कम हुँदै अर्थतन्त्र चलायमान रहन सहज भएको छ ।उद्योग/व्यवसायहरु निर्बाधरुपमा सञ्चालनमा आउँदा सिर्जना हुने कर्जा मागलाई सम्बोधन गर्न बैंकहरु सक्षम छन् । बीमा तथा पूँजीबजारको दायरामा उल्लेख्य विस्तार भएको छ ।

- लकडाउनमा पनि विकास निर्माणलाई यथासक्य निरन्तरता दिइएको छ । यस अवधिमा १७८ किमी सडकलाईकालोपत्रे गरिएको छ । ८९ मोटरेवल पुल निर्माण भएका छन् ।भूकम्पबाट भत्किएका ५३ हजारभन्दा बढी निजी आवास पुनर्निर्माण भएका छन् ।

दाजुभाइ तथा दिदीबहिनीहरु,

- यसबर्षको जेठ २४ गते हाम्रो संसदले सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सन्दर्भमा सर्वसम्मत निर्णय गरेको छ । हाम्रो निशान छाप संशोधनमार्फत संविधानलेसर्वस्वीकार्यता हासिल गरेको छ । सिङ्गो राष्ट्र एक भएको त्यस दिनलाई इतिहासमा बिरलै हुने अविस्मरणीय दिनका रुपमा स्मरण गरिनेछ । म संघीय संसदका सम्पूर्ण माननीय सदस्यहरुलाई धन्यवाद भन्न चाहन्छु । सम्पूर्ण देशबासी दाजुभाइ दिदीबहिनीहरुलाई बधाई ज्ञापन गर्दै त्यस ऐतिहासिक क्षणको म गर्वका साथ स्मरण गर्न चाहन्छु ।

- मैले सरकारको नेतृत्व सम्हालेदेखि नै कसैकसैले म, यो सरकार र सत्तारुढ दलको लोकतन्त्रप्रतिको निष्ठाका बारेमा गरिने आशंका वा भ्रम सिर्जना गर्ने प्रयासबाट विस्मितहुने गरको छु । मैले भन्दै आएको छु- लोकतन्त्रमा असहमत स्वरहरुले स्थान पाउँछन्, पाउनु पर्छ । तर हल्लाबाट प्रभावित हुने र जता हावा बग्छ त्यतै बरालिने परिपाटी लोकतन्त्र होइन । लोकतन्त्र, निरङ्कुशतन्त्रको विकल्प हो र यो विधिको शासन हो ।यो मर्यादित र अनुशासित प्रणाली हो ।

- स्वतन्त्र प्रेस लोकतन्त्रको अभिव्यक्ति हो । यसले लोकतन्त्रलाई सुदृढ बनाउँछ, लोकतान्त्रिक संस्कार, व्यवहार र अभ्यासलाई बलियो बनाउँछ । हाम्रा आम सञ्चारका माध्यमहरुले पनि‘तथ्यको आधारमा सत्य पस्किने र समाजलाई सुसूचित गर्ने’ दायित्व बहन गरी आफूलाई ‘व्यावसायिक पत्रकारिता’को तहमा उठी जनताको सही सूचना प्राप्त गर्ने हकको रक्षा गर्न प्रतिवद्ध र सफल हुनु पर्दछ भन्ने म ठान्दछु । हिजो नियन्त्रित र कमजोर अवस्थामा पनि अग्रगामी आन्दोलनमा योगदान पुर्‍याउने सञ्चार माध्यम र वौद्धिक जगतले आज बाटो अल्मलिन मिल्दैन । अझ स्पष्ट र सुदृढ योगदानको अपेक्षा नेपाली जनताले गरेको मैले पाएको छु ।

- संकटको बेला, अझ मानिसको मन दुःखेको बेला हल्लाहरुले जनमतलाई प्रदूषित गर्ने जोखिम हुन्छ । विगत एक बर्षयता हाम्रो लोकतन्त्र, गणतन्त्र र संघीयताका बारेमा कहिले मन्द त कहिले प्रष्ट सुनिनेगरी प्रश्न उठेको मैले सुनेको छु । मैले विगतका सम्बोधनमा पनि भनेको थिएँ- जब राष्ट्रले निर्णय लिन्छ, त्यहाँ अलमल होइन, प्रतिबद्धता हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रनेपाली जनताले लिएको ऐतिहासिक निर्णय हो । अब यसलाई इमान्दारीपूर्वक सवल बनाउन लाग्नु हामी सबै नेपालीको कर्तव्य हो ।

- यस बीचमा नेपालको राजनीतिमा अस्थिरता ल्याउने योजनाबद्ध प्रयासहरु पनि तीब्रताका साथ भए । ती प्रयासलाई परास्त गरेर हामी नेपालीले फेरि स्थिरता र स्थायित्वलाई सुनिश्चित गरेका छौं ।

- पोहोर साल यो संविधानर व्यवस्थाको मात्रै होइन,राष्ट्रिय अखण्डताकै विकल्प खोज्छु भन्ने शक्ति निःशर्त राजनीतिक मूलधारमा समावेश भयो । मैले गत बर्ष पनि संविधानका कुनै धारा र दफाहरुले कहींकतै हाम्रो अधिकार ओझेल पारे भन्ने बुझाइमा कोही भए औचित्य र आवश्यकताको आधारमा समयक्रममा सच्याइन्छ भनेकै थिएँ । गैरसंवैधानिक गतिविधि त्यागी राष्ट्रिय मूलधारमा समावेश हुन र हाम्रो संविधानले दिएको अधिकार उपयोग गर्न आव्हान गरेको थिएँ । निकट विगतमा सर्वसम्मतिले गरिएको संविधान संशोधनबाट त्यसको पुष्टि भएको छ । छैटौं संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा म फेरि दोहोर्‍याउन चाहन्छु- “हाम्रो संविधान सबै अट्ने गतिशील दस्तावेज हो । यसैलाई मियो मानी सबै दल/समूहहरु राष्ट्रिय मूलधारमा सामेल भईसिर्जनशील र रचनात्मक ढंगले क्रियाशील होऔं ।” आशंका वा अस्पष्टताहरु छन् भने संवादको माध्यमबाट तिनलाई हटाउन सरकार सदैव तयार रहेको कुरा म पुनः स्पष्ट गर्न चाहन्छु ।

दाजुभाइ तथा दिदीबहिनीहरु,

- एउटा विषयमा म आजपनि थोरै चर्चा गर्न चाहन्छु । दुई बर्षअघि यसै समारोहलाई सम्बोधन गर्दै मैले भनेको थिएँ- विकासका सन्दर्भमा देखिएको एक प्रकारको अलमल “भइहाल्छ नि” भन्दै सुस्तरी चल्ने वा “गरिहाल्लान् नि” भन्दै चल्दै नचल्नेहरु र जनआकांक्षा अनुरुप ‘शीघ्र विकासको लागि तीव्र गतिमा दौडिन खोज्ने’हरु बीचको बेमेल हो । यो बेमेल अन्त्य गर्न बाँकी नै छ । तसर्थः फेरि एकपटक जोड दिन चाहन्छु- ‘भइहाल्छ नि’ वा ‘गरिहाल्लान् नि’ भन्ने सुविधा हामीलाई छैन । हामीले प्रतिवद्धतालाई परिणतिमा बदल्नै पर्दछ । सरकारमा हाम्रो उपस्थिति ‘तीव्र गति र शीघ्र विकास’को जनआकांक्षा पूरा गर्नका लागि हो । त्यस कुरालाई हामीले हेक्कामा राखेका छौं ।

- हामी सबैलाई थाहा छ, समग्र प्रणाली परिवर्तनको अभियानमा हाम्रो कर्मचारीतन्त्र र राज्यका सम्पूर्ण संयन्त्रहरु बाधक बनेनन् । प्रश्न उठ्छ- यति ठूलो परिवर्तनमा सहयोगी मात्रै होइन, सहभागी हुने कर्मचारीतन्त्रलाई‘तीव्र गतिमा, शीघ्र विकास’को बाहक बन्न कुनचाँहि तत्वले अवरोध खडा गरिरहेको छ?के त्यो तत्वभइरहेको विकास र प्रगतिलाई समेत अस्वीकार गर्ने अस्वस्थ राजनीतिनै हो त ? या यति ठूलो परिवर्तनको नेतृत्व गर्नसक्ने राजनीतिक नेतृत्व मण्डल उपलब्धिको व्यवस्थापन गर्न र प्रणाली विकासमा नेता हुन नसकिरहेको कारणले हो ? भएन, हुँदै भएन भन्ने ‘मान्यता’ जबरजस्त प्रचारित छ, यसलाई तर्कले होइन ब्यवहार र उपलब्धिबाट हामीले जवाफ दिन सक्नु पर्दछ ।

- विकासको गतिमा सार्वजनिक खरीद ऐनजस्ता विद्यमान कानूनी प्रबन्धहरु पनि अलिक अमिल्दा छन्, समय घर्काइदिने खालका छन् । अझै पनि कतिपय कानूनी प्रबन्ध अधुरा एवं अस्पष्ट रहनाले पूर्वाधार विकासको कामलाई नराम्रो गरी अल्झाएको छ । अब यसमा यथोचित परिवर्तन गरिन्छ ।

- हामी सबैलाई यो पनि थाहा छ, विकासका योजना, त्यसकालागि आवश्यक स्रोत र त्यसको उपलब्धताको बीचमा ठूलो खाडल छ । केही दशकअघि आजका विकसित मुलुकहरुको हालत पनि हाम्रैजस्तो थियो । उनीहरुले विकासका लागि आवश्यक स्रोत र साधन प्राप्तिको लागि उपलब्ध हुने कुनैपनि संभावनालाई उम्किन दिएनन् । ‘रङ्ग होइन परिणाम’मा उनीहरुले जोड दिए ।

- सोचौं, हामीचाँहि किन ‘मुसा मार्ने’ बिरालो ‘कालो वा सेतै’ खोजिरहेका छौं? अब हामी सबै प्रकारका संकीर्णता र आग्रह पूर्वाग्रह छोडौं र विकास र उन्नतिको बाटोमा एकताबद्ध भई अघि बढौं ।

- सुशासन र पारदर्शिता विकासको अत्यावश्यक शर्त हो । अख्तियारको दुरुपयोग, भ्रष्टाचार र अनियमितता नियन्त्रण चुनौतिपूर्ण रहेको छ । मैले पटकपटक भन्दै आएको छु- ‘भ्रष्टाचार गर्दिनँ, गर्न दिन्नँ र भ्रष्टाचारीका बिरुद्ध बोल्दामुखमा पानी हालेर बोल्दिनँ ।’ भ्रष्टाचार बिरुद्धको सरकारको यस अभियानमा हाम्रा नियामक निकायहरुले यस अवधिमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मात्रै बितेका दुई आर्थिक बर्षमा ७९२ केसहरुमा मुद्दा चलाएको छ । राजश्व अनुसन्धान विभागले १ हजार २७ जनाबिरुद्ध ३१ अर्ब ५ करोड भन्दा बढीको बिगो दावीसहित राजश्व चुहावट, विदेशी मुद्रा अपचलन तथा अवैध हुण्डी कारोबारमा मुद्दा चलाएको छ ।

- लोकतन्त्र प्राप्तिको सात दशकभन्दा लामो संघर्षमा हामीले सामन्ती प्रतिक्रियावादी राज्य सत्ताका बिरुद्ध नेपाली जनतालाई परिचालित गर्‍यौं । ढाल्नु पर्ने र फाल्नु पर्नेसत्ताको रुपमा हामीले बिरोधको निशाना बनाएको राज्य ब्यवस्था, संविधानसभाद्वारा संविधान जारी भएसँगै समाप्त भयो । हामी अहिले जनताद्वारा, जनताको लागि जननिर्वाचित प्रतिनिधिबाट लेखिएको संविधानले सिर्जना गरेको नयाँ राज्यव्यवस्था सञ्चालन गरिरहेका छौं । प्रश्न उठ्छ- आफैंले, आफ्नालागि बनाएको यो ‘राज्य प्रणाली’मा खाल्डा/खुल्डी भए सम्याउन सकिन्छ । तर यसलाई सुदृढ गर्नुको साटो विगतको निरङ्कुश प्रणालीलाई झैं यसका बिरुद्धजानीनजानी माहोलखडा गर्नु कुनै पनि हालतमा उचित हुनै सक्दैन ।

दिदीबहिनी तथा दाजुभाइहरु,

- मलाई विश्वास छ, महामारीको जोखिम कम हुनासाथ हाम्रो अर्थतन्त्र पुरानै लयमा फर्किने छ । अर्थतन्त्रका अन्य सूचक दुरुस्त रहेको यस अवस्थामा पर्यटन लगायतका सेवा क्षेत्र सञ्चालन हुनासाथ आर्थिक बृद्धिले अपेक्षा गरेकै दरमा प्रगति गर्नेछ । यो महामारी अस्थायी परिघटना मात्रै हो । यसको अन्त्यसँगै मुलुक ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकांक्षा पूरा हुने दिशामा अघि बढ्ने छ ।

छैटौं संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा फेरि एकपटक सबैमा हार्दिक शुभकामना ।

धन्यवाद ।

*(संविधान दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्माले गर्नुभएको सम्बोधनको पूर्णपाठ)*

## संक्षिप्त समाचार

### बर्दिबासमा मास्क बैंक

महोत्तरी । कोरोना महामारीलाई नियन्त्रण गर्ने उद्देश्यले महोत्तरीको बर्दिबासमा नेपालकै पहिलो मास्क बैंक स्थापना गरिएको छ । शिक्षा, स्वास्थ्य तथा विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्दै आएको चौतारी नेपालले चौतारी जापानसँगको समन्वयमा सो मास्क बैंक स्थापना गरेको हो । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलद्वारा उक्त मास्क बैंक उद्घाटन गरिएको छ । उद्घाटनको अवसरमा संस्थाले २० जना स्वास्थ्यकर्मी तथा पत्रकारलाई सेनिटाइजर, ग्लब्स, एन ९५ मास्क, सर्जिकल मास्क, हेड कभर, फेस सिल्ड तथा सुज कभरलगायत एक एक थान स्वाथ्य सामग्री वितरण गरेको छ भने ५० जना सुरक्षाकर्मीलाई सर्जिकल मास्कसमेत वितरण गरेको छ ।

### बोलेरोको ठक्करबाट एकको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-९ चौवन्नपुरमा बोलेरोको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ । लु.१ च ५४४८ नम्बरको बलेरोले लु.१० प ५९२४ नम्बरको मोटरसाइकललाई आइतबार राति ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका डुमरा बस्ने ४५ वर्षीय रामधनी चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका चौधरीको जिल्ला अस्पताल तौलीहवामा उपचारको क्रममा मृत्यु भएको हो । गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### डुबेर आमासहित दुई छोरीको मृत्यु

मोरङ । ग्रामथान गाउँपालिका-४ स्थित माछा पोखरीमा सोही ठाउँ बस्ने ३५ वर्षीया सिता अधिकारी र उनकै २ जना छोरीहरु १४ वर्षीया पवित्रा अधिकारी र ९ वर्षीया प्रितिका अधिकारीको डुबेर मृत्यु भएको छ । उक्त पोखरी तथा माछा रेखदेख गर्ने उनीहरु बिहान माछालाई चारो हाल्न गएकोमा साँझसम्म घर फर्की नआए पश्चात खोजी गर्दा उक्त पोखरीमा तीनै जनाको शव फेला परेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### सप्तकोसीको बजेट झन्डै ४७ करोड

सप्तरी । सप्तरीको सप्तकोसी नगरपालिकाले बुधबार रु ४६ करोड ८१ लाख ६७ हजार ४७० बराबरको वार्षिक बजेट पारित गर्दै पाँचौं नगरसभा सम्पन्न गरेको छ । नगर प्रमुख उत्तमकुमार शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख आशा चौधरीले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट पारित गर्दै नगरसभा सम्पन्न भएको हो । नगरसभाको उदघाटनमा प्रदेश नं २ का प्रदेश सभा सदस्य सत्यनारायण मण्डलले देशमा व्यवस्था फेरिए पनि मानिसको सोचमा परिवर्तन नभएको बताए । नयाँ प्रणालीमा देश गएअनुसार जनताको चाहना पनि फेरिनु पर्नेमा उनले जोड दिए ।

### गौरमा पीसीआर परीक्षण ल्याब सञ्चालन

रौतहट । गौर अस्पतालमा पीसीआर परीक्षण ल्याब स्थापना भएको छ । प्रदेश २ सरकारको सहयोगमा कोरोना भाइरस (कोभिड १९) को परीक्षणका लागि पीसीआर ल्याब स्थापना गरिएको हो । प्रदेश २ सरकारका सामाजिक विकास मन्त्री नवलकिशोर साहले एक कार्यक्रमका बीच पीसीआर परीक्षण ल्याबको उदघाटन गरे । ल्याबले ६ घण्टा भित्रमा ७२ वटा स्वाब परीक्षण गर्न सक्ने क्षमता रहेको अस्पतालले जनाएको छ । जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला स्तरीय कोभिड संकट व्यवस्थापन केन्द्रको संयुक्त निर्णयले जिल्लाका स्थानीय तहहरुले सो ल्याब र आइसोलेसन निर्माणका लागि पाँच लाख रुपैयाँका दरले सहयोग गरेका थिए । ल्याब सञ्चालनमा आएपछि स्वाबको नतिजा चाँडै प्राप्त हुने विश्वास लिइएको छ ।

### नेपालगन्जमा एक कोरोना संक्रमितको मृत्यु

बाँके । कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट बाँकेमा थप एकजना संक्रमितको शनिबार राति मृत्यु भएको छ । नेपालगन्ज उपमहानगरपालिका वडा नं. २१ पुरैनीका ५९ वर्षीय पुरुषको भेरी अस्पताल नेपालगन्जमा उपचारको क्रममा मृत्यु भएको हो । गत भदौ २० गते साँझ अस्पताल भर्ना भएका उनको २१ गते कोरोना पोजेटिभ रिपोर्ट आएको थियो । प्लाज्मा थेरापीबाट उपचार गरिएका उनको अवस्था बिग्रिदै गएपछि शनिबारदेखि भेन्टिलेटरको सहायतामा उपचार जारी थियो । योसँगै बाँकेमा १० जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

### काठमाडौंमा ‘ब्याक अफ चाईना’को नारा

काठमाडौं । हुम्लामा सीमा अतिक्रमण गरेको भन्दै काठमाडौंको बालुवाटारस्थित चिनियाँ दूतावास अगाडि प्रदर्शन भएको छ । प्रदर्शनमा उत्रिएकाहरुले ‘ब्याक अफ चाईना’को नारा लगाएका थिए । उनीहरुले चिनियाँ अतिक्रमण बन्द गर, मिचिएको नेपाली भूमि फिर्ता गर, पूरानो सन्धि लागु गर, सिमा नाका खुल्ला गर र भन्सारमा रोकिएका सामानहरु खुल्ला गरलगायतका चर्का नारा लगाएका थिए । पछिल्लो समय चीनले नेपालको हुम्लामा जमिन मिचेको समाचार आईरहेका छन् । नेपाली भूमिमा चिनियाँहरुले ९ वटा घर बनाएको खुल्न आएको छ ।

### करेन्ट लागेर मृत्यु

धनुषा । मिथिला नगरपालिका-३ लालभिती बस्ने २५ वर्षीया अमृता विकको करेन्ट लागेर बुधबार साँझ मृत्यु भएको छ । आफ्नै घरमा जोडेको मिटरको तारमा लुगा सुकाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उपचारका लागि जानकी मेडिकल कलेज रम्दैयातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### लुकिछिपी नेपाल छिर्ने १५ जना पक्राउ

विराटनगर । कोरोना भाइरसको रोकथाम र नियन्त्रणको लागि सीमा नाका बन्द भए पनि भारतीयहरू लुकिछिपी नेपाल प्रवेश गर्ने क्रम रोकिएको छैन । सशस्त्र प्रहरी बल बीओपी रानीले विराटनगर -१७ इश्लामपुर स्थित सीमा नाकाबाट १५ जना भारतीय नागरिक लुकीछिपी नेपाल प्रवेश गरेपछि उनीहरूलाई पक्राउ गरेको छ । सरकारले तोकेको भन्दा बाहेकको नाकाबाट नेपाल प्रवेश गरेपछि उनीहरूलाई नियन्त्रणमा लिएर भारतीय प्रहरीलाई बुझाइएको सशस्त्र प्रहरी बल बीओपी रानी विराटनगरले जनाएको छ । सरकारले प्रदेश १ को मोरङको जोगवनी, सुनसरीको भान्टावरी, झापाको काँकरभिट्टा र इलामको पशुपती नगरको नाकाबाट मात्र आवतजावत गर्न दिने निर्णय गरेको छ ।

### भरूवा बन्दुकसहित पक्राउ

बाँके । राप्तीसोनारी गाउँपालिका-१ सुनखरे बस्ने ३७ वर्षीय शान्त बहादुर घर्तीलाई १ थान भरुवा बन्दुक सहित बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । उनको घरमा भरुवा बन्दुक अबैध रुपमा लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कुसुमबाट खटिएको प्रहरीले उनलाई उक्त हतियार सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धम प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर युवकको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-१० बस्ने २९ को रघुवीर सिंह धामीको करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ । सोही ठाउँ बस्ने नन्दराम ठगुन्नाको खेतबारीमा अज्ञात ब्यक्तिले विद्युतीय तार जोडी खेतमा करेन्ट छोडेको अवस्थामा उक्त खेतबारीमा खरायो छोप्न गएका उनलाई करेन्ट लाग्दा घटनास्थलमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मृत अवस्थामा फेला

रुपन्देही । बुटवल उपमहानगरपालिका-९ इँटाभट्टीस्थित मनिषा होटेलमा स्याङ्जा भिरकोट गाउँपालिका-२ बस्ने ४८ वर्षीय राजन खाँण बुधबार बिहान मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### चोरीपैठारीको सामान बरामद

रौतहट । जिल्लाको गौर नगरपालिका २ स्थित सीमा ईलाकाबाट असोज ५ गते एपीएफ टोलीले करीव एक लाख २५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ । भारतबाट अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मुल्य बराबरको किराना तथा कस्मेटिक सामान र लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट गौरबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद सामान भन्सार कार्यालय गौरमा बुझाईएको छ ।

# जसपाद्वारा संविधानको ठाउँ-ठाउँमा विरोध

वीरगञ्ज । जनता समाजवादी पार्टी (जसपा)ले संविधान दिवसको विरोधमा वीरगञ्जमा प्रदर्शन गरेको छ । जसपाका नेता कार्यकर्ताले 'अपुरो संविधान विरोध कार्यक्रम' नारा लेखिएको ब्यानरसहित पर्साको वीरगञ्ज र बाराको कलैयामा प्रदर्शन गरेका हुन् । वीरगञ्जको घण्टाघरबाट शुरु भएको विरोध कार्यक्रम नगर परिक्रमा गरेर घण्टाघरमै विरोध सभामा परिणत भएको थियो ।

जसपाले संविधान संशोधनको माग गर्दै आएको छ तर सरकारले सुनुवाई गरेको छैन । कतिपयले संविधानको मर्मलाई स्वीकार गरेर चुनावमा सहभागी भएको, संघीय सरकारमा गएको, प्रदेश २ सरकारको नेतृत्व गरिरहेको अवस्थामा संविधानको विरोध गर्नुको कुनै अर्थ नरहेको टिप्पणी गरिरहेका छन् ।

जसपा नेता लक्ष्मणलाल कर्णले मधेसी, जनजाति, दलित, महिला लगायत बहिस्कृत समुदायको अधिकार संविधानमा नसमेटिएको बताए ।

यस्तै, संविधान संशोधनमार्फत मधेसी जनताको अधिकार सुनिश्चित गर्न माग गर्दै पश्चिम नवलपरासीमा जनता समाजवादी पार्टीले प्रदर्शन गरेको छ । संविधानले मधेसी समुदायको हकअधिकार सुनिश्चित नगरेको भन्दै समाजवादी पार्टीका नेता कार्यकर्ताले नाराबाजीसहित प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीले असोज ३ गतेलाई 'कालो दिवस' को संज्ञा दिएका छन् ।

परासीको हाटबजारबाट निकालेको विरोध ¥याली जिल्ला प्रशासन कार्यालयको गेट हुँदै बुद्धचोकमा कोणसभामा परिणत भएको थियो ।

यता, प्रदेश २ का मन्त्री जितेन्द्र सोनलले संविधान दिवसलाई 'कालो दिवस' का रूपमा मनाएका छन् । कालो पहिरन र कालो फेटा बाँधेर मन्त्री सोनल प्रदेश २ को अस्थायी मुकाम जनकपुरधाममा 'कालो दिवस' कार्यक्रममा सहभागी भएका थिए ।

उनले कालो दिवसको जुलुसमा मात्र सहभागी भएनन्। करिब ५ मिनेटको आफ्नो मनतव्यमा यो संविधानलाई कालो संविधान भन्नुको साथै जनता समाजवादी पार्टीले नै यो संविधानलाई कालो संविधान भनेको दाबी गरे ।

मन्त्री सोनलले मात्र नभई प्रदेश २ सरकारले नै संविधान दिवसलाई कालो दिनको रुपमा मनाएको सरकारका प्रवक्ता एवं आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्रकुमार यादवले बताए ।

यसैगरी जनता समाजवादी पार्टीका जिल्लास्तरीय नेता कार्यकर्ताहरुले सदरमुकाम गौरमा संविधानविरुद्ध प्रदर्शन नै गरेका छन् । संविधान आदिबासी, जनजाति, मधेसी, दलितको पक्षमा नभएको र जनताको भावनाविपरीत भएकोले संशोधनको माग गर्दै प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा प्रदेश सभामा जसपाका केन्द्रीय सदस्यहरु तथा विभिन्न पालिकामा निर्वाचित जनप्रतिनिधिहरुले संविधानको विरोध गरेका हुन् । संविधान संशोधन गर, मधेसीको माग पूरा गर, सबैको साझा संविधान बनाऊ लगायतको माग गर्दै जसपा कार्यकर्ताहरुले सरकारविरुद्ध चर्का नाराबाजी पनि गरेका छन् ।

# सम्पूर्ण देवस्थलहरूमा सहज र सुरक्षित दर्शनका लागि तत्काल खुल्ला गर्न माग

काठमाडौं । विश्व हिन्दु महासंघले सम्पूर्ण देवस्थलहरुमा सहज र सुरक्षित दर्शनका लागि खुल्ला गर्न/गराउन नेपाल सरकारसँग माग गरेको छ ।

महासंघ महासचिव अस्मिता भण्डारीले एक प्रेस बिज्ञप्ति जारी गरी सरकारको गैरजिम्मेवार रवैया र हिन्दुहरुको आस्था माथी भइरहेको निरन्तर प्रहार माथी कडा प्रतिक्रिया जनाएको छ ।

"संसारको एक मात्रै हिन्दु अधिराज्यको पहिचान भएको हाम्रो देश संसार भरिका हिन्दु ओमकार परिवारको आस्थाको देश बुझ्दाबुझ्दै राजनीति दलका केही नेताहरूले विदेशीको प्रलोभनमा परी धर्मनिरपेक्ष गरि हिन्दु धर्मावलम्बीको भावनामा चोट पुऱ्याएकोमा धर्मनिरपेक्षताका विरुद्धमा सम्पूर्ण हिन्दु ओमकार परिवार एकजुट रहेका छौं ।' भण्डारीले विज्ञप्तिमा भनेकी छन् ।

हाल कोभिड १९ को कारण लामो समयसम्म लकडाउन र निषेधाज्ञा गरी सम्पूर्ण मठ, मन्दिर, देवस्थलहरू बन्द गरिएको छन् भने हाम्रो जस्तो बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक मुलुकमा सम्पन्न हुँदै आएका परम्परागत देवी देवताका जात्रा पूजाहरू समेत रोक्ने प्रयास नेपाल सरकारबाट गरिँदै आएको भन्दै उनले आपत्ति जनाएकी छन् ।

असोज १ गतेदेखि बजार, यातायात तथा सम्पूर्ण कारोबारहरू खुल्ला गरे तापनि आराध्यदेव भगवान् श्रीपशुपतिनाथ, माता जानकीलगायत विभिन्न शक्तिपीठहरू, सम्पूर्ण मठ मन्दिर, गुम्बा, चैत्य, बिहार तथा सम्पूर्ण देवस्थलहरूमा सहज र सुरक्षित दर्शनका लागि तत्काल खुल्ला गर्न/गराउन नेपाल सरकारलाई महासंघले अनुरोध गरेको हो ।

विज्ञप्तिमा भनिएको छ, यसै सन्दर्भमा राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले दैवी शक्तिको स्रोतबाट नेपाल राष्ट्र एकीकरणको शक्ति आर्जन गरिबक्सेको तथ्यगत मान्यताअनुसार कोतमा रहेका हातहतियार र निशानको पूजा, फूलपाती, महाअष्टमीका दिन कालरात्री पूजा हर्षोल्लास र भव्यताका साथमा सुसम्पन्न गर्ने परम्परा रहिआएको छ । तर, नेपाल सरकारले कोभिड १९को कारणबाट नवरात्रीका पूजाहरूमा रोक लगाउने बुझिएको छ ।'

अत: कारणवस राष्ट्रको मौलिक पूजाआजा, जात्रा आदि रोकिएमा क्षमा पूजा गर्ने परम्परा रहेकाले यसपटक सम्बन्धित पक्षले देवी भगवतीसँग प्रार्थना तथा क्षमा पूजा गरी आफ्नो देशको रितिरिवाज, संस्कृति र परम्परालाई संरक्षण गरोस् भन्ने माग गर्दै ८४ प्रतिशत भन्दा धेरै हिन्दु र ९४ प्रतिशत भन्दा धेरै ओमकार परिवारको भावनाको कदर गर्दै अगाडि बढ्नका निम्ति नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

# चीनसँगको सीमा विवादबारे सरकारले हतार गऱ्यो : कांग्रेस

काठमाडौं । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले हुम्लामा चीनले सीमा मिचेको हो वा होइन भन्ने स्थलगत अध्ययनको विवरण आउनु अगाडि नै सरकारले हतारोमा धारणा सार्वजनिक गरेकोमा ध्यानाकर्षण भएको बताएको छ । 'हुम्लास्थित नेपाल र चीनको सीमासम्बन्धी प्रश्नमा सीमा मिचिएको हो या होइन भन्ने विषय स्थलगत अध्ययनको विवरण आउनुपूर्व नै सीमा मिचिएको छैन भनेर परराष्ट्र मन्त्रालयले धारणा सार्वजनिक गरेकोप्रति नेपाली कांग्रेसको ध्यानाकर्षण भएको छ,' कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बिहीबार निकालेको विज्ञप्तिमा उल्लेख छ ।

प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र नेपाली सेना समेतको टोलीको स्थलगत अध्ययन जारी रहँदै, स्थलगत भ्रमण पूरा गरेर सदरमुकाम फर्कनु पूर्व नै सरकारले धारणा सार्वजनिक गर्नु युक्तिसंगत नदेखिएको कांग्रेसले आपत्ति प्रकट गरेको छ । 'अध्ययन टोलीले ११ नम्बर पिल्लर बुधबार मात्रै भेटेको र चीनले निर्माण गरेको संरचना १२ नम्बर पिल्लरबाट बाहिर या भित्र भनेर अध्ययन टोलीको स्थलगत अध्ययन निष्कर्षपछि सीमा मिचिएको हो वा होइन भन्नेबारे निष्कर्षमा पुग्न सकिने स्थितिलाई सरकारले हेक्का राखेन,' शर्माले भने । कांग्रेसले पनि सीमाबारे वस्तुगत अध्ययन गरिरहेको शर्माको भनाइ छ । सीमासम्बन्धी गम्भीर प्रश्नमा स्थानीय प्रशासन, राजनीतिक दल र सञ्चारमाध्यम समेतको ठोस अध्ययन र अवधारणाको जगमा धारणा सार्वजनिक गर्नु जिम्मेवार र परिपक्व हुने हाम्रो बुझाइ छ,' उनले भने ।

सीमा मिचिएको ठहर भएमा कांग्रेसले संवादकै माध्यमबाट कूटनीतिक प्रक्रियाबाट समाधान गर्न सचेत गराउने पनि उनको भनाइ छ । अध्ययनको विवरण आउनुअघि नै सरकारले धारणा सार्वजनिक गर्नु कमजोरी भएको कांग्रेसको भनाइ छ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# आवश्यकताअनुसार संघीय सरकारबाट सहयोग पर्याप्त छैन



**द्वारिकलाल चौधरी**
**मेयर, इटहरी उपमहानगरपालिका, सुनसरी**

**० अहिले मुलुकमा दिनप्रतिदिन कोरोना भाइरसका संक्रमितहरु बढ्दै गएका छन् । इटहरी उपमहानगरले के गर्दैछ ?**

– जब नेपालमा कोरोनाको संक्रमण देखिन थाल्यो, त्यसपछि शंकास्पद वा विदेशबाट आउने व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नका लागि एक सय बेडको सञ्चालन गरेका थियौं । सो क्वारेन्टाइन हामीले लगभग चार महिनासम्म सञ्चालन गऱ्यौं । पछि नेपाल सरकारको नीति अनुसार नै होटेल र होम क्वारेन्टाइनमा राख्ने व्यवस्था भयो । हामीले पीसीआर टेष्ट गर्दा संक्रमितहरु फेला पर्न थाल्यो, ती संक्रमितहरुलाई राख्नका लागि अहिले भर्खरै एक सय बेडको आइसोलेसन सेन्टर सञ्चालनमा ल्याएका छौं । इटहरी-९ स्थित रंगशालामा हामीले आइसोलेसन सञ्चालन गरेका छौं । यो सञ्चालनका लागि केही समय लाग्यो । त्यसका लागि प्रदेश सरकारबाट इटहरी उपमहानगरलाई २० लाख रुपैयाँ प्राप्त भएको थियो । त्यसैले विभिन्न संघसंस्थाहरुले पनि सहयोग गरेको छ । आइसोलेसन सेन्टरमा महिला र पुरुषका लागि अलग अलग शौचालय, बाथरुम, निःशुल्क वाइफाई सहित खाने बस्ने सुविधा रहेको छ ।

**० इटहरी उपमहानगरको अवस्था छ ?**

– अहिले इटहरीमा ४ सय ५८ जना कोरोनाका विरामी छन् । अधिकांश कोरोनाका विरामीहरु उपचारपछि निको भएर आइसोलेसन सेन्टरबाट घर फर्किसकेका छन् । कतिपयले घरमै बसेर स्वास्थ्य लाभ गरिसकेका छन् । अहिलेसम्म जेजति पोजिटिभ केश आए पनि अप्ठ्यारै स्थिति छैन । इटहरीमा कोरोनाको भयावह स्थिति भएको छैन । लामो समयसम्म निषेधाज्ञा र लकडाउन रह्यो । पछिल्लो एक महिनादेखि अलि कुखुलो अवस्था छ । लकडाउन र निषेधाज्ञाका कारण जनजीवन अत्यन्तै प्रभावित भएको थियो । तर अहिले बजारहरु पूर्णरुपमा खुलिसकेका छन् ।

**० भर्खर सुरु गर्नुभएको आइसोलेसन सेन्टरमा कतिसम्म विरामीहरु छन् ?**

– हामीले आइसोलेसन सेन्टर सुरु गरेको धेरै भएको छैन । अहिलेसम्म तीन जनाले मात्रै सेवा लिइरहेका छन् । कोरोनाका अन्य विरामीहरु अहिले कतिपय अस्पतालमा छन् भने कतिपयले आफ्नो घरमै होम आइसोलेसनमा छन् । गोठगाउँ, बराहक्षेत्र र हरिनगराको आइसोलेसनमा पनि केही विरामीहरु छन् । त्यहाँका आइसोलेसनहरु अलि अगाडिदेखि नै सञ्चालनमा आएका थिए । त्यसले इटहरीका विरामीहरु अन्य ठाउँहरुमा सेवा लिइरहेका थिए ।

**० अहिलेसम्म देखिएका विरामीहरुको अवस्था कस्तो छ ?**

– अहिलेसम्म देखिएका विरामीहरुमा लक्षण मात्रै देखिएका छन् । तर, गम्भीर प्रकृतिको विरामी देखिएको छैन ।

**० लकडाउनको अवधिमा दैनिक ज्यालादारी गर्नेहरुको अवस्था कस्तो थियो ?**

– नेपाल सरकारले लकडाउनको घोषणा गर्दा सुरुको अवस्थामा हामीले लक्षित वर्गलाई दुई चरणको खाद्य सामग्री वितरण गऱ्यौं । दुई चरण गरी झण्डै २१ हजारभन्दा बढी परिवारलाई हामीले राहत वितरण गरेका छौं । सँगसँगै हामीले जनचेतना फैलाउने काम पनि गऱ्यौं । स्वास्थ्य मापदण्ड कायम गर्ने कुराहरुमा हामीले बढी जोड दियौं ।

**० कोरोनालाई अझ बढी फैलिन नदिन के कस्ता उपायहरु अपनाउनुभएको छ ?**

– कोरोनालाई रोक्ने अहिलेसम्म कुनै पनि औषधि वा खोप आइसकेको छैन । त्यसैले, मुख्यत: सामाजिक दूरी नै कायम गर्ने महत्वपूर्ण कुरा हो । सरसफाइमा ध्यान दिने, बाहिर निस्किँदा मास्क लगाउने, भीडभाडमा नजाने यी सबै कुराहरुलाई ध्यान दिनुपर्छ र कडाइका साथ पालना गर्नुपर्छ भन्ने नै हो ।

**० कोरोनाको जाँचको दायरा के छ ?**

– हामीले नियमितरुपमा कम्तीमा ५० जनाको रेन्डम टेष्ट गर्दै आएका छौं । क्लोज कन्टेक्टमा आएकाहरुलाई जाँच गर्ने गरेका छौं । तर, लक्षण देखिएका र आफैलाई शंका लागेर जाँच गराउन चाहनेहरुलाई कोरोना टेष्ट गरिरहेका छौं । हामीले संकलन गरेको स्वाबलाई बीपी स्वास्थ्य प्रतिष्ठान धरान र प्रदेश नं. १ को ल्याब विराटनगरमा पठाउने गरेका छौं ।

**० यो महामारीमा प्रदेश र संघीय सरकारसँग कतिको सहकार्य हुन्छ त ?**

– संघीय सरकारबाट प्राप्त भएका स्वास्थ्य उपकरणहरु भीटीएमलगायत हामीले प्रदेश सरकारमार्फत् प्राप्त गरेका छौं । तर, त्यो पर्याप्त छैन । उपमहानगरपालिका आफैले पनि बजारबाट खरिद गरेर टेष्ट गरिरहेका छौं । यो महामारीका बेला संघीय सरकारबाट जेजति सहयोग प्राप्त हुनुपर्ने त्यो अझै पनि छैन ।

**० संघीय सरकारबाट तपाईंहरुको अपेक्षा के हो ?**

– हामीले क्वारेन्टाइन सञ्चालन गऱ्यौं । क्वारेन्टाइनमा हुने खर्चहरु पनि संघीय सरकारले व्यवस्था गर्न सकेन । राहत उपलब्ध गराउने भनिएको थियो, आवश्यकताअनुसारको प्राप्त हुन सकेन । हामीले औद्योगिक संस्थानहरुलाई अनुरोध गऱ्यौं, विभिन्न संघसंस्थाहरुसँग अनुरोध गऱ्यौं । त्यसपछि हामी आफैले कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोष स्थापना गऱ्यौं । जुन हिसावले संघीय सरकारले क्वारेन्टाइन सञ्चालनका लागि सहयोग अथवा राहत सामग्री उपलब्ध गराउनुपर्ने थियो, त्यो पक्कै पनि पर्याप्त छैन । केही मात्रामा मात्रै संघीय सरकारबाट सहयोग प्राप्त भएको छ । त्यसकारणले स्थानीय सरकारलाई कोभिड-१९ को संक्रमणबाट जोगिनका लागि ठूलो व्ययभार व्यहोर्नु परेको छ ।

# कारबाहीमा परेका चिकित्सकहरुद्वारा पढाइने युसीएमएस खारेजीको माग

काठमाडौं, ५ साउन । मधेशी डक्टर्स एसोसिएसनले नेपाल मेडिकल काउन्सिलको कारबाहीमा परेका चिकित्सकहरुद्वारा पढाइने युसीएमएस खारेजीको माग गरेको छ ।

एसोसिएसनले सोमबार एक विज्ञप्ति जारी गरी युनिभर्सल कलेज अफ मेडिकल साइन्सका ई.एन.टी., एनाइसथेसिया, सी.टी.भी.एस को सिट र अर्थोपेडिक सर्जरी (प्रा.डा.ज्ञानेश्वर प्रसाद सिंहको नाम आउने) को एम.डी./एम.एस. को सिट रद्द गर्न माग गरेको हो ।

यी सिटहरु त्रिभुवन विश्वविद्यालयअन्तर्गत कुनै पनि अन्य कलेजमा ट्रान्सफर गर्न सकिने एसोसिएसनले जनाएको छ । यी फ्याकल्टीका डाक्टरहरु अनुसन्धानको क्रममा रहेकोले सो अनुसन्धान पूरा नभएसम्म र युनिभर्सल कलेज अफ मेडिकल साइन्समा सुधार नगरी यस कलेजमा विद्यार्थीहरुलाई पठाइयो भने नेपालको भविष्यका लागि खतरा हुने मधेशी डक्टर्स एसोसिएसनको तर्क छ ।

यी मागहरु यथाशीघ्र सम्बोधन नभए कडा आन्दोलनमा जाने र सोबाट भएको क्षतिप्रति आयोग स्वयम् नै जिम्मेवार हुने चेतावनी एसोसिएसनले दिएको हो ।

वि.सं. २०७६ पुस ३ गते नेपाल मेडिकल काउन्सिलमा प्रा.डा. ज्ञानेश्वर प्रसाद सिंहको त्रुटि र लापरवाहीपूर्ण उपचार भएको भनी निवेदन दर्ता गरिएको थियो । सो निवेदनको अनुसन्धानको च.नं. ७५८।०७६।०७७ (प्र) मिति: २०७६।१२।०७ को निर्णय पत्र जसको प्रतिलिपि मिति २०७७।०५।२५ मा डा.सिंहको परिवारले प्राप्त पत्रअनुसार युनिभर्सल कलेज अफ मेडिकल साइन्सलाई नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को परिच्छेद ४ को २२ 'क' र 'ग' अनुसार उपचार नगरेको देखिएको काउन्सिलको ठहर छ । नियमावली अनुसार 'आफ्नो बुद्धि र क्षमताले भ्याएसम्म उचित निदान गरी रोगको उपचार गर्ने, आफूले आफ्नो शक्ति, ज्ञान, सिप र अनुभवले कुनै रोगको उपचार गर्न नसक्ने जस्तो लागेमा उपलब्ध हुन सकेसम्म कुनै विशेषज्ञसँग सल्लाह लिई गर्ने र अवस्था हेरी रोगीको उपचार हुन सकेसम्म विशेषज्ञबाट गराउनुपर्दछ भन्ने कुराको सल्लाह स्पष्ट रुपमा उपचार गराउने रोगी वा रोगीका परिवारका भरपर्दो सदस्यलाई दिने अवस्था अस्पतालजस्ता संस्थामा सिफारिस गर्ने' काम युनिभर्सल कलेजले नगरेको काउन्सिलले जनाएको छ ।

नियमावलीमा उल्लेखित काम नगरेको हुँदा काउन्सिलले युनिभर्सल कलेजलाई स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्न, स्वास्थ्य सेवा प्रभावकारिताको व्यवस्थित प्रोटोकल निर्देशिका बनाएर लागू गराउन निर्देशन दिएको छ । चिकित्सक, स्वास्थ्यकर्मी तथा व्यवस्थापनको कर्मचारीलाई समय-समयमा 'मेडिको-लिगल' एवं स्वास्थ्य सेवा व्यावसायिक प्रभावकारिताका तालिम सञ्चालन गर्नसमेत निर्देशन दिएको छ ।

## विश्व परिवेश

# चीनको अधिनबाट मुक्तिको खोजिमा फिलिपिन्स

काठमाडौं । फिलिपिन्सको स्वतन्त्र परराष्ट्रनीतिले अहिले चीनलाई आफ्नो शत्रुका रुपमा हेरेको छैन्, यद्यपि मनिलाले बेइजिङसँगको सम्बन्ध परिवर्तन गर्न खोजिरहेको छ। फिलिपिन्स अहिले सबै मित्रराष्ट्रहरुसँग मित्रवत र शत्रुहरुसँग शत्रुकै व्यवहार गर्न खोजिरहेको छ । यसबीच चीनसंगको सम्बन्धमा पनि आफ्नो स्थान टुंगो लगाएर जानुपर्ने देखिन्छ । फिलिपिन्सले एक मजबुत र स्वतन्त्र राष्ट्रको रुपमा उभिनका लागि यो निर्णय लिनै पर्छ की चीनलाई शत्रु मान्ने या मित्र। तर चीनसँग द्वन्द गरेर जान फिलिपिन्सलाई त्यति सहज भने पक्कै छैन ।

राष्ट्रपति रोड्रिगो दुतेर्तेको सोचको नतिजाविरुद्ध चीनले कोरोना भाइरसको महामारीकाबीच समेत आफ्नो विस्तारवादी नीतिमा कमी हुन दिएको छैन । सन् २०१६ को अर्बिट्रल ट्रिबुनललाई अस्विकार गर्दै चीनले दक्षिण चीन सागरमा आफ्नो कब्जालाई निरन्तरता दिएको छ ।

दक्षिण चीन सागरमा चीनले फिलिफिनो फिसिङ र सुरक्षा जहाजहरुमाथि आक्रमण एवं दुश्प्रयासलाई निरन्तरता दिएको छ । सन् २०१६ मा फिलिपिन्सले दक्षिण चीन सागरमा चीनको अवैधानिक विस्तारवादविरुद्ध न्यायको माग गरेको थियो ।

तर, फिलिपिन्सकै पक्षमा भएको अन्तर्राष्ट्रिय अदालती घोषणाको उल्लंघन गर्दै चीनले दक्षिण चीन सागरमा आफ्नो कब्जा बढाउँदै लगेको छ। कोरोना भाइरसको माहामारीका बेला स्वास्थ्य र अन्य क्षेत्रमा केही सहयोग र राहत दिँदै चीनले फिलिपिन्सको एक गालामा चुम्बन गरिरहेको छ भने, दक्षिण चीन सागरमा फिलिपिन्सको भुभागमा समेत कब्जा गर्दै अर्को गालामा थप्पड हानीरहेको छ ।

यद्यपि फिलिपिन्सले यो गम्भीर अवस्थामा समेत तटस्थ रहन खोजिरहेको छ । दुतेर्तेले दक्षिण चीन सागरमा चिनियाँ जहाजसँगै इन्धन ड्रिलिंग गर्न गएका फिलिपिन्सका जहाजहरुलाई फिर्ता झिकेका छन्, भने उनले दक्षिण चीन सागरमा अवैध गतीविधिमा संलग्न चिनियाँ कम्पनीमाथि प्रतिबन्ध लगाउने निर्णय पनि फिर्ता लिएका छन् ।

यसबाहेक, गम्भीर सुरक्षा खतराका विषयमा समेत राष्ट्रपति दुतेर्तेले आँखा चिम्लिएका छन् । फिलिपिन्सको सैन्य क्याम्पमा ५ जी विस्तार गर्न चीनलाई नै जिम्मा दिएका छन् भने फिलिपिन्सकै नौसेनाको केन्द्र नजिक चीनलाई विमानस्थल बनाउन समर्थन जनाएका छन् ।

दक्षिण पूर्वी एसियाका राष्ट्रहरुको संगठन (एसियएन) इन्डोनेसिया, थाइल्याण्ड, सिंगापुर, मलेसिया, फिलिपिन्स, भियतनाम, ब्रुनइ, म्यानमार, कम्बोडिया र लाओस, चीनको प्रभुत्वबाट उम्किन खोजिरहेको अवस्था छ । तर, भौगोलिक जटिलता र केही संस्थाहरुले त्यसो हुनबाट जोगाइरहेका छन् ।

सन् २०२० को भियतनाको बलले एसियनहरुले चिनियाँ केन्द्रिकरणबाट दुरी बनाउँन सके पनि २०२१ मा अध्यक्षता ग्रहण गर्ने ब्रुनइले एसियनलाई चीनविरुद्ध खडाहुनबाट फेरि रोक्न सक्ने देखिन्छ । दक्षिण चीन सागरमा विवाद सुल्झाउन सन् २००२ मा भएको चीन र १० एसियन देशहरुबीचको सम्झौताको कोड अफ कन्डक्ट सन् २०२१ मा हुने मिति तोकिएको छ ।

तर, कोड अफ कन्डक्ट सस्पेन्ड हुनसक्छ र चीनले दक्षिण चीन सागरमा आफ्नो विस्तारवादलाई निरन्तरा दिइरहन्छ । यद्यपी मनिलाले आफ्नो सुरक्षाका लागि सकेजतिका सबै कदमहरु चालिरहेको अवस्था छ । दक्षिण चीन सागरमा फिलिपिन्सका नौसेनाहरुको निरन्तरता रहेको छ । यद्यपी चीनले फिलिपिनो नौसेनाको डर हैन बरु उनीहरुलाई नै धम्क्याउँदै आफ्नो गतीविधिहरु सञ्चालन गर्दै आएको छ। फिलिपिन्सले सैन्य क्षेत्रमा लगानी बढाइरहेको छ र सैन्यभित्रका अपरेशनहरुलाई आधुनिकरण गर्दै लगिरहेको छ ।

तर, अमेरिकासँगको सैन्य भ्रमण गठबन्धलाई समाप्त गर्न खोजेको दुतेर्तेको कदमले फिलिपिन्स गठबन्धनका माध्यमबाट चीनविरुद्ध खडा हुन खोज्न सक्ने पनि देखिँदैन् । अमेरिका चीनविरुद्ध फिलिपिन्स खडा हुने समयको पर्खाइमा रहेको अवस्था छ ।

फिलिपिन्स आफ्नै सुरक्षा अपराधिका रुपमा देखिइरहेका बेला चीन अमेरिकासँगको सुरक्षा प्रतिस्पर्धामा झनै अघि बढ्दै गइरहेको छ । हालै मात्र चीनले दक्षिण चीनसागरमा एयरक्राफ्ट क्यारियर किलर मिसाइल प्रक्षेपण गरेको छ । यसविरुद्ध फिलिपिन्सको पूर्वमा चीनले आफ्नो सुरक्षा रणनीति स्थापनामा कडाइ गरेको छ । यसबीच चीन र अमेरिकाबीच युद्ध हुनसक्ने अवस्थामा फिलिपिन्स तटस्थ रहने भएन भने उसलाई निकै घाटा हुने देखिन्छ। यद्यपी चीनसँग शान्ति र प्रेमिलसम्बन्धको दबदबामा रहँदा रणनीतिक यर्थाथको रेखाबाट फिलिपिन्स पर धकेलिन सक्छ ।

# लद्दाखमा चीनले भारतभन्दा पहिले तिब्बतीको सामना गर्नुपर्ने

काठमाडौं । पूर्वी लद्दाखमा पछिल्लो समय भारत र चीनबीच विवाद बढ्दै जाँदा चीनले हस्तक्षेप गरेको केही भाग भारतले गत २९ र ३१ अगस्तमा फिर्ता ल्याएको छ ।

यसक्रममा भारतका लागि विशेषरुपमा लद्धाखमा रहेका तिब्बती मूलका सेनाले सहयोग गरिरहेका छन् । तिब्बती मुलक सेनाहरु जस्ले चीनसँगको सीमानामा भारतकालागि लडिरहेका छन् । अहिले यी तिब्बती सेनाको भारत लगायत तिब्बतको स्वतन्त्रताको पक्षमा रहेको देशहरुमा चौतर्फी प्रशंसा भइरहेको छ ।

लद्दाख आसपासमा रहेका तिब्बती मूलका शरणार्थीहरुलाई समेटेर बनाइएको सेना नै चीनविरुद्ध अघी सार्नुले तिब्बतका वासिन्दाहरुमाथि चीनले गर्ने क्रुर व्यवहार बिरुद्ध बदला लिने अवसर दिइएको रुपमा पनि अर्थ लगाइने गरेको पाइएको छ।

आखिर को हुन् त तिब्बतको झण्डा फहराउँदै भारतको पक्षबाट चीनसँगको सीमानामा लडिरहेका छन् ?

भारतीय सेना अन्तर्गतको स्पेसल फ्रन्टियर फोर्स (एसएफएफ) भारतकोसँगै तिब्बतकै झण्डा बोकेर भारतीय सीमामा तैनाथ हुँदै आएको छ । सन् १९६२ को सिनो इन्डियन वारपछि चीनविरुद्ध उच्च हिमाली क्षेत्रमा लड्न सक्ने किसिमका सेना तयार पार्नका लागि भारतले एसएफएफको गठन गरेको थियो ।

हिमाली क्षेत्रमै बसोबास गर्ने मानिसहरु नै यो फोर्समा रहने गर्छन् । निकै तेजश्वी र उच्च हिमाली क्षेत्रमा लड्न सक्ने क्षमताका यी सेनाहरु भारतको लागि एक महत्वपूर्ण शक्ति हो । सन् १९६२ मा गठन भएदेखि एसएफएफले बंगलादेश लिब्रेसन वार एवं कार्गिल वारजस्ता धेरै युद्ध लडेको छ निकै कठिन तालिम प्राप्त एसएफएफ डाइरेक्ट एक्सन लिने एवं विशेष प्रतिकृयात्मक सेना हो ।

लद्दाखको राजधानी लेह नजिकको रहेको तिब्बती बस्तीमा लगभग प्रत्येक घरमा एसएफएफका सेवाकालिन वा सेवानिवृतहरु रहेका छन् । गत २९ अगस्टमा भारतीय सेनाले आफ्नो भुमीमा नियन्त्रण लिन गरेको अपरेसनमा पनि यी एसएफएफले नै महत्वपूर्ण भुमिका निभाएको थियो ।

योसँगै अब भारतले चिनियाँ सैन्य गतिविधिमाथि उच्च भागबाट निगरानी राख्न सक्ने भएको बताइएको छ । लेहमा तिब्बतीहरुलाई चीनले जसरी नदवाइएको बरु भारतले सुविधा थपिदिएको तिब्बतीहरुले बताउँदै आएका छन् । जसकारण त्यहाँका नागरिकहरु चीनभन्दा भारतप्रति वफादारी निभाउँन तयार हुँदै सेनामा भर्ना भएर चीन बिरुद्ध नै मोर्चामा खटिएका छन् ।

यसरी चीनविरुद्ध तिब्बतीहरु नै भारतीय सीमामा तैनाथ भएपछि चीन सो क्षेत्रमा कमजोर बन्दै गएको विश्लेषण हुन थालेको छ । तिब्बतीहरु भारतीय सेनामा हुनु एक संवेदनशिल विषय हो तर, यसबीच त्यहाँको समुदाय भने भारत र भारतीय तिब्बती हुनकालागि सजिलै ज्यान दिन तयार रहेको बताउँछन् ।

## कश्मीरमा बिजुली र पानीको बिलमा छुट

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार जम्मु र कश्मीर राज्यका लागि १ हजार ३ सय ५० करोडको प्याकेज घोषणा गरेका छन् । यस राज्यका उपराज्यपाल मनोज सिन्हाले राहत प्याकेजबाट निकै खुसी लागेको बताए ।

उनले यस घोषणासँगै आर्थिक कठिनाई सामना गरिरहेको राज्यको अर्थतन्त्र उस्कने आशा व्यक्त गरे । उपराज्यपाल सिन्हाले एक वर्षसम्म बिजुली र पानीको बिलमा ५० प्रतिशत छुट दिने घोषणा पनि गरे । त्यस्तै सबै ऋणीहलाई मार्च २०२१ सम्म जरिवाना तथा अतिरिक्त शुल्क मिनाह गरिने गरिने पनि उनले बताए । त्यस्तै, सरकारले पर्यटन, स्वास्थलगायत क्षेत्रमा पनि सुधार गर्नेगरी प्याकेज अघि सारेको छ । एक वर्षअघि भारत सरकारले जम्मु र कश्मीरको अर्ध-स्वायत्तता सुनिश्चित गर्ने संविधानको धारा खारेज गरेको थियो । त्यस्तै, लद्दाखलाई यस राज्यबाट टुक्र्याएर अलग बनाइएको थियो । त्यसयता भारत सरकारले कश्मीरमा कडा लकडाउन गर्‍यो । यहाँ, इन्टरनेट र फोनको प्रयोगलाई समेत सिमित गरिएको थियो । राजनीतिक कारणले गरिएको लकडाउन अन्त्य हुन नपाउँदै फेरि कश्मीरमा कोरोनाले लकडाउनको स्थिति सिर्जना गर्‍यो । जसकारण, कश्मीरको अर्थतन्त्र निकै खराब अवस्थामा पुगिसकेको छ ।

## संक्रमणका बीच खुल्यो ताजमहल

आगरा । भारतमा कोरोनाभाइरसका संक्रमितको संख्या बढे पनि उत्तर प्रदेशको आग्रास्थित ताजमहल र केही विद्यालयहरु स्थानीय प्रशासनले खुला गरेको छ । भारतमा कोभिड-१९ बाट संक्रमितको संख्या ५४ लाख नाघिसकेको छ । संयुक्तराज्य अमेरिकापछि भारतमा सबैभन्दा बढी मानिस कोभिड-१९ बाट संक्रमित भइसकेका छन् । गत मार्च महिनामा सरकारले गरेको कडा लकडाउनका कारण लाखौं मानिसको जीविकामै असर परेको छ । त्यहीकारण प्रधानमन्त्री नरेन्द्र मोदी पछिल्ला दिनहरुमा अरु मुलुकले अबलम्बन गरेझैं कडा नियमहरु लागू गर्न इच्छुक देखिनु भएको छैन । सरकारले पछिल्ला महिनाहरुमा रेलसेवा, घरेलु बिमान सेवा, बजार र रेष्टुराँ समेतका पेशा व्यवसायमा गरिएका प्रतिबन्धहरु खुकुलो बनाउन थालेको छ । सरकारले अब भारतकै विश्वप्रसिद्ध स्मारक ताजमहल सर्वसाधारणका लागि खुला गरेको छ । ताजमहल घुम्न परिवारसहित आइपुगेका बैंकका एक अधिकृत आयुब शेखले लकडाउनका कारण धेरै मानिसले रोजगारी गुमाएको अवस्थामा सरकारले पूरै मुलुकलाई खुला गर्नुपर्ने बताए । भारतमा आग्रास्थित ताजमहल निकै लोकप्रिय पर्यटकीय स्थल हो । यो स्मारक हेर्न बर्षमा झण्डै ७० लाख मानिस यहाँ आइपुग्छन् । तर यो स्मारक विगत सात महिनादेखि बन्द छ ।

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम् पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## भारतमा नयाँ संसद् भवन बन्दै

काठमाडौं । भारतमा नयाँ संसद् भवन बन्ने भएको छ ।

राजधानी दिल्लीको मुटुमा टाटा प्रोजेक्ट्सले ११ करोड ७० लाख अमेरिकी डलरको लागतमा नयाँ संसद् भवन निर्माण गर्न लागेको हो ।

नयाँ भवनले अहिले प्रयोगमा रहेको उपनिवेशकालीन संसद् भवनलाई विस्थापित गर्नेछ । भारतले आफ्नो ७५ औँ स्वतन्त्रता दिवस मनाउने वर्ष अर्थात् सन् २०२२ मा नयाँ संसद् भवनको निर्माण सम्पन्न हुनेछ । सन् १९२० को दशकमा निर्मित अहिलेको संसद् भवन निकै पुरानो र धेरै प्रयोग भइसकेकोले नयाँ भवन बनाउन लागिएको सरकारी भनाइ छ ।

सांसद र संसद्का कर्मचारीहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ । नयाँ संसद् भवन अहिलेको भन्दा ठूलो हुने र त्यसमा १,४०० जना सांसद् बस्न पाउने समाचारसंस्था प्रेस ट्रस्ट अफ इन्डियाले जनाएको छ । संसद् भवन त्रिकोणात्मक आकारको र तीनतले हुने विवरणमा जनाइएको छ ।

दिल्लीस्थित उपनिवेशकालीन पुराना सरकारी भवनहरूलाई आधुनिकीकरण गर्ने भारत सरकारको २.७ अमेरिकी अर्ब डलर बराबरको योजनाको यो एउटा भाग हो । ब्रिटिश आर्किटेक्टले अहिलेको गोलाकार संसद् भवनको नक्सा बनाएका थिए । त्यसको निर्माण सन् १९२७ मा सम्पन्न भएको थियो ।

## जिल्ला समाचार

### १६ स्थानीय तहले सार्वजनिक गरेन खर्च विवरण

रुपेन्द्र पटेल, रौतहट । कोरोनाको नाउँमा रौतहटको स्थानिय तहले करोडौं करोड खर्च गरेको रकमको विवरण सार्वजनिक गर्न ढिलाई गरेका छन् । स्थानीय तहले कोरोनाको नाममा ठूलो धनराशी खर्च गरेको भन्दै स्थानीय स्तरमा आलोचना हुन थालेको छ । पछिल्लो समय कोरोनाको नाउँमा ब्रह्मलुट मचाएका स्थानीय तहले विवरण सार्वजनिक गर्न ढिलाई गरेको स्थानीयको भनाइ छ । रौतहटमा १६ वटा नगरपालिका र २ वटा गाउँपालिका गरि जम्मा १८ वटा स्थानीय तह रहेका छन् । जसमध्ये हालसम्म २ वटा स्थानीय तहले मात्र कोरोना खर्च विवरण सार्वजनिक गर्न सफल भएका छन् । मौलापुर र गुजरा नगरपालिकाले मात्र कोरोना संक्रमण तथा नियन्त्रणका लागि गरेको खर्च विवरण सार्वजनिक गरेको छ । मौलापुर नगरपालिकाले सार्वजनिक बिवरण अनुसार क्वारेन्टाइन निर्माण, व्यवस्थापन एवं संचालन, राहत वितरण, औषधि तथा सुरक्षा सामाग्री खरिद र एम्बुलेन्स, बस भाडा लगायतका शीर्षकमा गरी जम्मा १ करोड ८ लाख ३१ हजार ७ सय ९८ रुपैयाँ खर्च भएको उल्लेख गरेको छ । सो नगरपालिकाले पहिलो चरणमा १ हजार ३ सय २६ घरपरिवारलाई राहत वितरण गर्दा १४ लाख ४० हजार खर्च भएको थियो भने दोस्रो चरणमा ४१ सय घर परिवारलाई राहत वितरण हुँदा ४५ लाख १२ हजार ४ सय खर्च भएको बताइएको छ । यस्तै जिल्लाको गुजरा नगरपालिकाले कोरोना नियन्त्रण राहत,कर्मचारीहरुको बिमा तथा जोखिमभता लगायत कुल ५ करोड,२४ लाख,४७ हजार,दुई सय ६७ रुपैयाँ ५६ पैसा खर्च भएको एकमुष्टै डाटा सार्वजनिक गरेको छ । कोरोनाको नाउमा जेजसो खर्च भएपनि सो २ वटै स्थानिय तहले बिवरण सार्वजनिक भएको छ । तर जिल्लाको १६ वटा स्थानिय तहले अनियमितता गर्ने मानसायले कोरोना खर्च बिवरण सार्वजनिक गर्न ढिलाई गरेएको समाचार स्रोतले जनाएका छ्न । जिल्लाका कैयौं स्थानियतहले कोरोना नियन्त्रण तथा राहत बितरणको नाउमा १० करोड सम्मको खर्चको डाटा बनाएकाले सार्वजनिक गर्नसकेका छैनन् । कोरोनाको नाउमा कतिपय स्थानिय तहले अझ बिल र कागजात मिलाई रहेको समाचार स्रोत बताएको छ ।

### जिल्ला कमिटीको बैठक बोलाउन माग

वीरगंज । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जिल्ला कमिटी पर्साका ५१ जना जिल्ला कमिटी सदस्यहरुले अध्यक्ष प्रभु हजारालाई बैठक बोलाउन माग गरेका छन् । पर्सा पार्टी जिल्ला कमिटी सदस्य राघव साहको नेतृत्वमा गएको जिल्ला सदस्यहरुको टोलीले हस्ताक्षर सहित लिखित पत्र बुझाउँदै बैठक वोलाउँन अध्यक्ष हजरासँग माग गरेका हुन् । जिल्ला कमिटीको अध्यक्ष मनोनित भएको एक बर्ष बिति सक्दा पनि कमिटीको बैठक बस्न नसक्नु पार्टीको बिधि र बिधान बिपरित रहेको भन्दै जिल्ला सदस्यहरुको एक टोलीले हजारालाई लिखित रुपमै ५१ जना सदस्यहरुले हस्ताक्षर गरेको पत्र बुझाएका हुन् । सदस्यहरुले बुझाएको पत्रमा विश्व व्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीमा कोरोना हटस्पट बनेको पर्सा जिल्लाको जिवन रक्षाको निम्ती पनि पार्टीले कुनै उल्लेख्य कार्य नगरेको कारण हाम्रो पार्टीको जिवन्तता माथी नै प्रह्न चिन्ह् खडा भएको उल्लेख गरिएको छ ।

### बाढी पीडितहरुलाई टेन्ट र त्रिपाल प्रदान

महात्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकालाई भारत सरकारको सहयोग एवं नेपाल भारत महिला मैत्री समाजको समन्वयमा बाढी पीडितहरुका लागि टेन्ट र त्रिपाल प्रदान गरिएको छ । नेपाल भारत महिला मैत्री समाजका अध्यक्ष एवं प्रतिनिधिसभा सांसद चन्दा चौधरीले टेन्ट २५ र त्रिपाल ५० गरी करीव ७५ थान श्री राजकीय संस्कृत मा. वि. मटिहानीमा नगर प्रमुख हरि प्रसाद मण्डललाई शुक्रबार एक समारोहबीच हस्तान्तरण गरेकी छन् । सो अवसरमा मञ्चकी अध्यक्ष एवं सांसद चौधरीले नेपालका विभिन्न जिल्लामा बाढीपहिरो पीडित परिवारहरुलाई भारत सरकारको सहयोगमा राहत स्वरुप टेन्ट त्रिपाल वितरण गरिएको बताइन् । मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्थानीयहरु रामकुमार मंडल, उपेन्द्र चौधरी, विजय कुमार साह, उमाशंकर साह, बैद्यनाथ मण्डल, नागेन्द्र लाल कर्ण र प्रा. हेमनारायण लाल कर्ण लगायतका वक्ताहरुले प्राकृतिक प्रकोप लगायत अन्य क्षेत्रमा भारत सरकारको सहयोगको सराहना गरेका थिए । प्राप्त सामाग्री चाँडै प्रभावितहरुलाई वितरण गरिने कुरा मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले बताए ।

### ३७ केजी चरेससहित २ महिला पक्राउ

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर नगरपालिकामा प्रहरीले ३७ केजी चरेस बरामद गरेको छ । सुटकेस र शरीरमा लुकाएर ल्याउदै गरेको अवस्थामा २ महिला समेत पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय कृष्णनगरले कार्यालय अगाडि चेकजाँच गर्ने क्रममा चरेशसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा मकवानपुरको मनोहरी गाउँपालिका वडा नं ०९ बस्ने वर्ष ४० की शान्ति तामाङ र साविक जिल्ला रोल्पा उवा गाविस वडा नं ५ घर भई हाल कपिलवस्तुको शिवराज नपा ०९ बानियाभर बस्ने वर्ष ३५ की बसन्ती घर्ती रहेका छन् । उनीहरुलाई चेकजाँच गर्ने क्रममा लागूऔषध चरेश ३७ केजी बरामद गरिएको प्रहरी निरिक्षक प्रताप पौडेलले बताए । यसैबीच कपिलवस्तु प्रहरीले सोमबार यशोधरा ७ मर्यादपुरबाट लागु औषधसहित २ भारतीय नागरिकलाई पक्राउ गरेको थियो । ब्राउन सुगर बिक्री गर्ने उद्देश्यले सीमावर्ती बजार मर्यादपुर पुगेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको सुराकीको आधारमा पक्राउ गरेको थियो ।

### टेलिकमको तार चोरी गर्ने ४ जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिकाको विभिन्न स्थानहरुबाट नेपाल टेलिकमको तार चोरी गरेको अभियोगमा ४ जनालाई सोही महानगरपालिका-४ स्थित जमानुगाछीबाट सोमबार बेलुका प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-६ बस्ने २१ वर्षीय विजय सहनी, २१ वर्षीय रविन सहनी, १९ वर्षीय सुमित सहनी र एक जना १८ वर्षीय किशोर रहेका छन् । उक्त स्थानबाट टेलिकमको तार चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धान गर्नेक्रममा उनीहरूलाई नेपाल टेलिकमको १ सय ५० पेयर र २ सय २० मिटर केवल तार र को.९ प ४१५८ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको हो । उनीहरूलाई चोरी ऐन अन्तर्गत थप अनुसन्धान भइरहेको उक्त जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### नवजात शिशु मृत फेला

बाँके । बाँके एक नवजात शिशु मृत अवस्थामा फेला परेका छन् । कोहलपुर नगरपालिका-३ मैटहवास्थित सडक छेउको नालामा सालनाल सहितको नवजात शिशु मंगलबार मृत अवस्थामा फेला परेका छन् । यसबारे स्थानीय प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

### ऐर धान खेतमा मृत फेला

कैलाली । गोदावरी नगरपालिका-६ बस्ने ५८ वर्षीय धन बहादुर ऐर घरबाट करिब १ सय ५० मिटर टाढा धान खेतमा सोमबार साँझ मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### चिनियाँ अतिक्रमणप्रति ध्यानाकर्षण

राजविराज । हुम्लामा उत्तर छिमेकी चीनको तर्फबाट भएको सीमा अतिक्रमणप्रति नेपाली सदभावना परिषद्ले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । तत्कालीन सद्भावना परिषद र नेपाल सद्भावना पार्टीका जीवित संस्थापकहरुले गठन गरेको नेपाली सदभावना परिषद्ले हुम्ला जिल्लाको उत्तरतर्फको ११ न. पिलर सारेर चीनले अतिक्रमण गरेको भन्दै सो प्रति आपति समेत जनाएको हो । परिषदका संयोजक विश्वनाथ साहले बिहीबार एक विज्ञप्ति जारी गरी उत्तर छिमेकी चीनको तर्फबाट हुम्लामा भएको अतिक्रमणप्रति सरकार मौन बस्नु र प्रतिपक्षी नेपाली कांग्रेसको कुनै प्रतिक्रिया नआउनुलाई नेपाली राष्ट्रवादको दुर्भाग्यको सूचकको संज्ञा दिएका छन् । विज्ञप्तिमा अगाडि भनिएको छ, 'देशको सीमा अतिक्रमण हुँदा पनि सरकारको मौनता र प्रतिपक्षीको कुनै प्रतिक्रिया नआउनु लोकतन्त्रका लागि श्रेयस्कर होइन परिषद यस्तो हर्कतप्रति आपति जनाउदै भर्त्सना समेत गर्दछ ।'

# नेपालसँगको व्यापारमा चीन असहयोगी

काठमाडौं । नेपालसँगको व्यापारमा चीन असहयोगी बनेको छ । चीनले नेपालसँग उच्च राजनीतिक सम्बन्ध र लगानी बढाउँदै आए पनि सामान आयात-निर्यातमा भने सीमानाका बन्द गरेर असहयोग गरेको हो ।

नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार चीनले नेपालसँगको व्यापारमा देखिएका समस्या समाधानका लागि सहजीकरण गर्नुपर्नेमा उल्टै दुई प्रमुख व्यापारिक सीमानाका बन्द गरेको छ । उसले रसुवागढी र तातोपानी नाका बन्द गर्दा नेपाली व्यापारीलाई अर्बौं रुपैयाँ नोक्सानी भएको छ । सामान आयात-निर्यात बाधा भएको छ ।

नेपाल हिमालयन सीमापार वाणिज्य संघका अनुसार चीनबाट नेपाल आउन लागेका विभिन्न सामानसहितका १२ सय कन्टेनर सात महिनादेखि तिब्बतको केरुङमा रोकिएका छन् । तातोपानी नाकाबाट आउने करिब दुई सय कन्टेनर पनि चिनियाँ भूमिमा रोकिएका छन् । चीनबाट नेपालमा वार्षिक करिब दुई खर्ब रुपैयाँका सामान आयात हुन्छ । पोहोर चीनबाट एक खर्ब ८१ अर्ब रुपैयाँको सामान आयात भएको थियो । नेपालबाट एक अर्ब १९ करोड रुपैयाँका सामान चीनतर्फ निर्यात भएको थियो । चीनसँग नेपालको एक खर्ब ८० अर्ब व्यापार घाटा छ ।

अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्न दुई पक्षीय सहमति आवश्यक पर्ने भए पनि चीनले एकपक्षीय रुपमा बन्द गरेको हो । चीनले सीमानाका बन्द गरेको यो पहिलोपटक भने होइन । चीनले अहिले सीमानाका बन्द हुनुमा कोभिड १९ महामारीलाई बहाना बनाएको छ । नेपाली व्यापारीले लत्ताकपडा, फर्निचर, कच्चा पदार्थ, खाद्यान्न, इलेक्ट्रोनिक्स सामान, रेडिमेड गार्मेन्ट, जुत्ता-चप्पललगायत चीनबाट आयात गर्छन् । चीनबाट पानी जहाज हुँदै भारत भएर नेपालमा सामान ल्याउँदा ४०/४२ दिन लाग्छ । कुनै अवरोध नभए तातोपानी र केरुङबाट ल्याउँदा २०/२२ दिनमै सामान आइपुग्छ ।

कोरोना संक्रमणका बेला नेपाल र भारतले मानिस आवतजावत रोके पनि सामान आयात-निर्यात भने निर्बाध रुपमा भइरहेको छ । चीनले नाका बन्द गर्दा सरकार मूकदर्शक भएको छ ।

# भारतले माल्दिभ्सलाई २५ करोड डलर ऋण दिने

नयाँदिल्ली । भारतले माल्दिभ्सको कोरोनाभाइरसबाट प्रभावित अर्थतन्त्रलाई प्रोत्साहन गर्न २५ करोड अमेरिकी २४० मिलियन डलर बराबरको ऋण उपलब्ध गराउने घोषणा गरेको छ ।

हिन्द महासागर क्षेत्रीय द्वीपसमूह रहेको विलासी रिसोर्टहरूका लागि प्रख्यात माल्दिभ्समा कोरोना महामारीका कारण विदेशी पर्यटकहरूको आवागमन पूर्णतया बन्द भएपछि यहाँको अर्थतन्त्रमाआएको सङ्कटबाट छिमेकी मुलुकलाई उकास्न भारत सरकारले उक्त सहयोगको घोषणा गरेको बताइएको छ ।

माल्दिभ्समा जुलाईको मध्यदेखि अन्तर्राष्ट्रिय उडानहरू पुन: सुरु गरिएपनि विदेशी पर्यटकहरूको ठूलो सङ्ख्या यहाँ फर्कन सकेका छैनन् । माल्दिभ्सस्थित भारतीय उच्च आयोगले माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले 'कठिन आर्थिक अवस्थालाई पार गर्न आर्थिक सहयोग' को अनुरोध गरेपछि यो ऋण सहयोग उपलब्ध गराइएको हो ।

"माल्दिभ्स आफ्नै प्राथमिकता अनुरुप घरेलु आर्थिक स्थिति सुधार गर्न यो रकम प्रयोग गर्न स्वतन्त्र रहनेछ," भारतीय उच्च आयोगले आइतबार जारी विज्ञप्तिमा भनिएको छ ।

स्टेट बैंक अफ इण्डिया (एसबीआई) मा माल्दिभ्स सरकारले जारी गरेको ट्रेजरी बन्डको बिक्रीले उक्त रकम जम्मा गरिनेछ जसको चुक्ता गर्न १० वर्षको अवधि दिइनेछ। एक हजार १९२ टापुहरूको मुलुकमा पूर्व पश्चिममार्गमा पुल तथा कजवे (पानीमाथि निर्माण गरिने सडक) निर्माण गर्न अगस्टमा नयाँ दिल्लीले ४० करोड डलरको सहयोग गरेको थियो ।

पूर्व राष्ट्रपति अब्दुल्ला यामीनको शासनकालमा मालदिभ्सले बेइजिङबाट महत्वपूर्ण पूर्वाधार निर्माणका लागि सन् २०१८ एक अर्ब ४० करोड ऋण लिएको सोलीह नेतृत्वको सरकारले बताएको छ । भारतको परराष्ट्र मन्त्रालयका अनुसार सोलीह सत्तामा आएपछि भएको सम्झौता अनुसार मालदिभ्सलाई दुई अर्ब अमेरिकी डलरभन्दा बढीको आर्थिक सहयोग दिल्लीले दिनेछ ।

# रूसको कोरोनाविरुद्धको खोप भारतमा परीक्षण हुँदै

काठमाडौं । रुसको कोरोनाविरुद्धको खोप 'स्पुतनिक-भी' आगामी केही हप्ताबाट भारतमा परीक्षण हुने भएको छ । हैदरावादस्थित औषधि निर्माता कम्पनी डाक्टर रेड्डीज ल्याबोरेटरीले रुसको खोपलाई भारतमा परीक्षण गर्न नेतृत्व गर्नेछ । रेड्डीज ल्याबोरेटरीका एक अधिकारी दिपक सप्राका अनुसार हजारदेखि २ हजार भारतीयमा रुसको खोप परीक्षण हुनेछ । यो परीक्षण भारतका विभिन्न राज्यमा हुनेछ। रुसमा गत अगष्ट ११ मा नै त्यहाँको सरकारले यस खोप प्रयोगका लागि अनुमति दिएको थियो ।



# भूकम्प पछिको पुनर्निर्माणका लागि भारतद्वारा १ अर्ब ५४ करोड हस्तान्तरण

काठमाडौं । नेपालमा भूकम्पपछिको पुनर्निर्माणका लागि भारत सरकारले एक अर्ब ५४ करोड रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेको छ । भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य खम्पाले नेपाल सरकार अर्थ मन्त्रालयका सचिव शिशिर कुमार ढुङ्गानालाई भारत सरकारले आवास तथा विद्यालय पुनर्निर्माणका लागि गरेको प्रतिबद्धता अनुरुप नेरु १ अर्ब ५४ करोड (भारु ९६ करोड) बराबरको चेक हस्तान्तरण गरेकी छन् ।

भारत सरकारले आवास परियोजना अन्तर्गत १५० मिलियन अमेरिकी डलर अनुदान सहायता नेपाल सरकारलाई उपलब्ध गराउने प्रतिबद्धता गरेको थियो । यस चेक हस्तान्तरणसँगै भारतले आवास क्षेत्रको पुनर्निर्माणका लागि नेपाल सरकारलाई अनुदान सहायताको ७२ मिलियन अमेरिकी डलर उपलब्ध गराइसकेको छ। भारत सरकारले गोरखा र नुवाकोट जिल्लाका ५० हजार निजी आवास पुनर्निर्माणका लागि गरेको प्रतिबद्धता मध्ये ९२ प्रतिशत घरधुरीको निर्माण सम्पन्न भइसकेको छ ।

यस्तै भारत सरकारले ५० मिलियन अमेरिकी डलर अनुदान सहायताअन्तर्गत ७० वटा विद्यालय र एक पुस्तकालयको पुनर्निर्माणका लागि पनि सहयोग प्रतिबद्धता गरेको छ। यसमध्ये भारत सरकारले विद्यालय पुनर्निर्माण तर्फको ४.२ मिलियन अमेरिकी डलर बराबरको पहिलो किस्ता नेपाल सरकारलाई उपलब्ध गराइसकेको छ। भूकम्प पछिको पुनर्निर्माण तर्फको प्रयासमा नेपाल सरकार तथा नेपाली जनतालाई निरन्तर सहयोग गर्न भारत सरकार प्रतिबद्ध रहेको काठमाडौंस्थित भारतीय दूतावासले विज्ञप्तिमार्फत् जनाएको छ ।

# भारतको सहयोगमा शिक्षा क्षेत्रमा भूकम्पपछिका पुनर्निर्माणबारेको परियोजना वेबसाइट सुरू

काठमाडौं । भारत सरकारको सहयोगमा शिक्षा क्षेत्रमा भएका भूकम्पपछिका पुनर्निर्माण प्रयासहरुबारे तयार पारिएको सीबीआरआई परियोजना वेबसाइटको शुभारम्भ भएको छ। शिक्षा क्षेत्रमा भएका भूकम्पपछिका पुनर्निर्माण प्रयासहरुबारे तयार पारिएको सीबीआरआई परियोजना वेबसाइटको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली र भारतीय राजदूत विनय मोहन क्वात्राले संयुक्त रुपमा भर्चुअल समारोहमार्फत शुभारम्भ गरेका हुन् ।

वेबसाइटमा नेपालको शिक्षा क्षेत्रमा भएका भूकम्पपछिका पुनर्निर्माण प्रयासहरुबारे उल्लेख छन् । भारत सरकारको सहायतामा भएका भूकम्पपछिको पुनर्निर्माण प्रयासहरु अन्तर्गत शिक्षा परियोजनाहरुसँग सम्बन्धित सबै जानकारीहरुका लागि उक्त वेबसाइट अंग्रेजी र नेपाली दुवै संस्करणमा उपलब्ध हुनुका साथै सो वेबसाइट प्रयोगकर्ता मैत्री भएको जारी विज्ञप्तीमा उल्लेख छ ।

https://www.goicbrinepal.com मा गएर परियोजना सम्बन्धी जानकारी लिन सकिने छ। उक्त वेबसाइट केन्द्रीय भवन अनुसन्धान संस्थान सीबीआरआई, रुड्कीको अवधारणा र निर्माणमा तयार पारिएको हो । वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् सीएसआइआर अन्तर्गत रहेको केन्द्रीय भवन अनुसन्धान संस्थान सीबीआरआई, रुड्की भारतकै एक प्रमुख राष्ट्रिय प्रयोगशाला हुनुका साथै परियोजनाका लागि डिजाइन तथा व्यवस्थापन परामर्शदाता पनि हो । आवास योजना, निर्माण सामाग्री, संरचना, निर्माण तथा प्रकोप न्युनीकरण जस्ता क्षेत्रहरुमा अध्ययन अनुसन्धान गर्ने सीबीआरआई भारत कै एक प्रमुख संस्थान हो ।

शिक्षा क्षेत्रका परियोजनाहरुमा यी संस्थानहरुको भूमिकापश्चात केन्द्रीय भवन अनुसन्धान संस्थान सीबीआरआई, रुड्कीलाई भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण प्रयास अन्तर्गत स्वास्थ्य क्षेत्र परियोजनाहरुका लागि डिजाइन तथा परियोजना व्यवस्थापन परामर्शदाताको रुपमा पनि नियुक्त गरिएको छ। स्वास्थ्य क्षेत्रमा देखाएको भूमिकाका लागि भारत सरकारको तर्फबाट भारतीय राजदूतावास र सीबीआरआई, रुड्कीको बीच हालै एउटा सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

भारत सरकारको एक अर्ब अमेरिकी डलरको प्रतिबद्धता अनुरुप नेपालमा सञ्चालित भूकम्पपछिको पुनर्निर्माण परियोजनाहरु निरन्तर अघि बढिरहेका छन् । विशेष गरी आवास क्षेत्रमा, गोरखा र नुवाकोट जिल्लामा ५०,००० घरहरु मध्ये ४६,००० घरहरु निर्माण भइसकेको अवस्था छ। ७० वटा विद्यालयहरु, एउटा पुस्तकालय, १४७ वटा स्वास्थ्य संरचनाहरु र २८ वटा सांस्कृतिक सम्पदा क्षेत्रका परियोजनाहरु सहित शिक्षा, स्वास्थ्य र सांस्कृतिक पुनर्स्थापना परियोजनाहरु पुनर्निर्माण/रेट्रोफिटिङ्गका लागि कार्यान्वयनमा रहेका भारतीय दूतावासले जारी गरेको विज्ञप्तीमार्फत जनाइएको छ ।

भारत सरकार भूकम्पपछिको पुनर्निर्माण परियोजनाहरु लगायत नेपालको आर्थिक-सामाजिक विकासमा निरन्तर सहयोग गर्न प्रतिबद्ध रहेको पनि विज्ञप्तीमा उल्लेख गरिएको छ ।

## आर्थिक समाचार

# हुन्डाई ग्राण्ड आई टेन नियोस अब नेपालमा

काठमाडौं । नेपालको लागिहुन्डाई गाडीको आधिकारीक विकेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. ले नयाँ उत्पादन हुन्डाई ग्राण्ड आई टेन नियोसलाई डिजिटल समारोहद्वारा सार्वजनिक गरेको छ। हुन्डाई ग्रान्ड आई टेन धेरै वर्षदेखि बजारमा सबभन्दा मनपर्ने र प्रशंसा गरिएको कारमध्ये एक हो । अब यसको विरासतलाई अगाडि बढाउन, हुन्डाईले स्टाइलिश र थप विशेषताहरु भएको ग्रान्ड आई टेन नियोस बजारमा ल्याएको छ। हुन्डाई ग्राण्ड आई टेन नियोस कप्पा ड्युल भीटीभीटी टेक्नोलोजीमा आधारित १.२ लिटर पेट्रोल इन्जिनमा उपलब्ध छ । उत्कृष्ट प्रदर्शनका लागि ८३ पीएस/६००० आरपीएम सर्वाधिक पावर दुबै म्यानुअल तथा स्वचालित ट्रान्समिसन विकल्पहरुमा पाउन सकिनेछ । ग्राण्ड आई टेन नियोसले ५-स्पीड म्यानुअल र स्मार्ट अटो एएमटी दुबै किसिमको ट्रान्समिशनमा उपलब्ध छ ।

हुन्डाई ग्राण्ड आई टेन नियोसमा ग्लोसी ब्ल्याक रेडिएटर ग्रील, बूमरंग आकारको एलईडी डीआरएल, स्टाइलिस टेल लैम्प, शार्क फिन एन्टेना र गन मेटल फिनिसका साथमा आकर्षक १४ इन्च एलोय व्हील्स पाउन सकिन्छ। सडकमा फरक उपस्थितिको लागि हुन्डाई ग्राण्ड आई टेन नियोस पोलार ह्वाइट, टाइफुन सिल्भर, टाइटान ग्रे, फियरी रेड र आकुवा टिल जस्ता रंगहरुमा उपलब्ध रहेको जनाइएको छ। ग्राण्ड आई टेन नियोस यात्राका लागि एक उत्तम सवारी साधन मात्र नभईस्मार्ट साधन पनि हो । एप्पल कारप्ले, एन्ड्रोइडअटो र बेस्ट-इन-सेग्मेन्ट टच स्किन इन्फोटिनमेन्ट सिस्टम (२०.२५ सि.एम.) का साथै रियर एसी भेन्ट जस्ता सुविधायुक्त ग्राण्ड आई टेन नियोसले आरामदायी यात्रा सुनिश्चित गर्दछ । सुरक्षित यात्राको निम्ती भनेहुन्डाईले नियोसमा स्ट्रङ बडी स्ट्रक्चर ६५% (एएचएसएस+एचएसएस), फ्रन्ट ड्युल एयरब्याग्स, सेन्सर भएको रेयर पार्किङ्ग क्यामेरा, इबिडीका साथ एन्टी-लक ब्रेकिङ सिस्टम र ड्राइभर रेयर भ्यू मोनिटर प्रस्तुत गरेको छ। हुन्डाई ग्राण्ड आई टेन नियोसले नेपाली बजारमा आफनो छुट्टै पहिचान कायम गरि सफलतापूर्वक ग्राहकहरुको मन जित्नेमा कम्पनी विश्वस्त रहेको प्रेस विज्ञप्ति मार्फत जनाइएको छ। यो गाडीको सुरुवाती मूल्य **रु ३०,९६,०००** कायम गरिएको छ ।

लक्ष्मी इन्टरकन्टीनेन्टल प्रा. लि. ले नेपाल भरी १३ शोरुमहरु तथा १७ सर्भिस सेन्टरहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोवाईल उत्पादक मध्येमा पर्दछ। यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरी करोडौं ग्राहकहरुको मन तथा विस्वास जित्न सफल भएको छ ।

# सुजुकीको दशैं तिहार योजना सुरू

काठमाडौं, २ असोज । सुजुकी कम्पनीको मोटरसाइकल तथा स्कुटरको नेपालका लागि आधिकारिक आयातकर्ता तथा बिक्रेता भी.जी. अटोमोवाईल्स प्रा.लि. ले आउँदै गरेको वडा दशै, शुभ दिपावली तथा छठ पर्वलाई लक्षित गरि आफ्ना ग्राहकवर्गहरुका लागि सुजुकी दशैं तिहार अफर प्रारम्भ गरेको छ । चाड पर्व सबैको हौसला हाम्रो भन्ने नारा लिएको यस अफर अन्तर्गत ग्राहकवर्गहरुले सुजुकी कम्पनीका कुनै पनिमोटरसाईकल तथा स्कुटर खरिद गर्दा तत्काल रु १२,०००। नगद छुट तथा १ वर्षको सडक दस्तुर प्राप्त गर्ने छन् साथै एक्सचेन्ज र सरल फाईनान्सको सुबिधा पनि उपलब्ध गराएको छ । हाल देशको विसम परिस्थितिमा सुजुकीले आफ्ना ग्राहकवर्गहरुलाई सजक र सुरक्षित रहि चाड पर्व मनाउन र सुजुकी दशैं तिहार अफरको फाईदा लिन आह्वान गरेको छ । सुजुकी दशैं तिहार अफरले ग्राहकवर्गहरुको मन जित्ने कुरामा कम्पनी निश्चिन्त रहेको जनाएको छ। सुजुकी कम्पनीको विभिन्न नविनतम मोडल र डिजाइनहरुको मोटरसाईकल तथा स्कुटरले ग्राहकवर्गहरुको मन जित्न सफल अवस्थामा यस योजनाले ग्राहकवर्गहरु थप उत्साहित हुने कम्पनिका मार्केटिङ्ग म्यानेजर समित सिंह बताउँछन् ।

# माछापुच्छ्रे बैंक र भारतको ओम एक्सप्रेस पेमेन्टबीच सम्झौता

काठमाडौं । माछापुच्छ्रे बैंक लिमिटेड र भारत स्थित ओम एक्सप्रेस पेमेन्ट सर्भिसेजबीच रोजगारी तथा अन्य सिलसिलामा भारतमा रहेका नेपालीहरुले नेपालमा पैसा पठाउन सहज होस् भन्ने उद्धेश्यले रेमिट्यान्स सम्झौता भएको छ। उक्त सम्झौता पश्चात भारतमा रहेका नेपालीहरुले त्यहाँ स्थित ओम एक्सप्रेस पेमेन्ट सर्भिसेजसँग सम्पर्क गरी भारतका जुनसुकै स्थानबाट नेपालमा सहज रुपमा पैसा पठाउन सक्ने छन् । यसरी पठाएको पैसा नेपालमा रहेका माछापुच्छ्रे बैंक लि.का १५९ शाखा कार्यालयहंरु तथा १० हजार भन्दाबढि रेमिट्यान्स एजेन्टहरु मार्फत प्रापकले सहज रुपमा प्राप्त गर्न सक्नेछन् । ओम एक्सप्रेस पेमेन्ट सर्भिसेज संग सहकार्य गरि माछापुच्छ्रे रेमिट्यान्स मार्फत नेपालमा पैसा पठाउँदा कम सेवा शुल्क लाग्नेछ ।

# सीमा...

लपेटेर कुनै दल र दबाब समूहले चर्काउने गर्दछन् भने त्यसबाट अपेक्षित परिणाम ननिसक्ने पक्का छ ।

भारतसँगको सीमा विवादले चर्को रुप लिइरहन्छ तर चीनसँग पनि सीमा समस्या उस्तै रहेको छ। दक्षिणको विषय बढी प्रचारमा आउने भएकाले आम मानिसलाई पनि थाहा हुन्छ। राष्ट्रवादको नारा उठाउन पनि त्यसले सहयोग गर्दछ। अमूक राजनीतिक पार्टीलाई सत्तामा पुऱ्याउने र राजनीति गर्न समेत सीमा विवादले सहयोग गर्ने गरेको छ ।

तर चीनको सीमा विवादका विषय आम मानिसलाई थाहा छैन । इतिहासका बारेमा जानकारी राख्नेलाई चीनसँगको सीमा विवादको बारेमा जानकारी हुने भए पनि भारततर्फको जस्तो सीमा विवादका बारेमा धेरैले जानकारी नै पाएका छैनन् ।

नेपालले मात्रै नभई अन्तर्राष्ट्रिय समुदायले समेत विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाई ८ हजार ८४८ मिटर हो भनेर मानेका छन् । सोही उचाईका आधारमा नेपालको शानका रुपमा सगरमाथालाई लिने गरिएको छ। हरेक वर्ष नेपाल तर्फबाट सयौं आरोहीले सगरमाथा आरोहण गर्ने गरेका छन् । तर विश्वले मानेको सगरमाथाको उचाईका बारेमा चीनले स्वीकार गर्न सकेको छैन । उसले सगरमाथाको उचाई ४ मिटर कम रहेको दावी गरिरहेको छ । चीनले सगरमाथाको उचाई ८ हजार ४४४ मिटर रहेको बताउँदै आएको छ ।

विगतमा चीनले सगरमाथाको विषयमा रहेको विवादलाई समाधान गर्दै दक्षिणी मोहडा नेपालको र उत्तरी मोहडा आफ्नो भन्दै सहमति गरेको थियो । तर अन्तर्राष्ट्रिय जानकारहरुका अनुसार चीनले सगरमाथाको आधा हिस्सा आफ्नो भनेर उपस्थिति देखाएको हो । तर यसको स्वतन्त्र पुस्टि हुन सकेका छैन । चीनले सगरमाथाको उचाई ४ मिटर घटाइदिएकोमा नेपालले हालसम्म प्रतिक्रिया जनाएको छैन ।

नेपाल, चीन र भारतको त्रिदेशीय बिन्दुको रुपमा रहेको लिपुलेकका सम्बन्धमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ मा गरेको चीन भ्रमणको क्रममा नेपाललाई सोध्दै नसोधी सहमति गरियो। नेपालको भूभागको रुपमा रहेको लिपुलेक त्रिदेशीय विन्दूमा हाम्रो हक र चासोको विषय समाधान गर्नुपर्ने भएपनि त्यसमा चीन र भारतले सम्झौता गरेर नेपाललाई बाहेक गरिदिएका छन् । उक्त विन्दू भारत र चीन दुवै मिली २०१५ मा संयुक्त सहमति गरी व्यापार र धर्माबलम्बी जान आउन नेपाललाई जानकारी नदिई खोलिएको थियो ।

जबकी त्रिदेशीय विन्दूमा तिनै देशबीचको सहमतिमा मात्र कार्य गर्ने भारत र चीनबीच २०१४ ताका सहमत भएको भनी भारतीय विदेश मन्त्रीले त्यहाँको लोकसभामा जानकारी गराएकी थिइन् । लिपुलेकको विषयमा प्रधानमन्त्री ओलीले खास छलफल गर्नुपर्ने आवाज उठेको छ ।

नेपाल-चीनबीच केही सीमा समस्या समाधान गर्न बाँकी नै छ। तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईले सन् २०१२ मा चीन-नेपाल संयुक्त सीमा बैठक बसालेका थिए ।

सीमा समस्या समाधान गर्न उक्त बैठक निरन्तर गर्नुपर्ने भएपनि हालसमम्म बैठक बस्न सकेको छैन । सन् २०१६ मा भएको प्रधानमन्त्री ओलीको चीन भ्रमणमा सीमा विवादका विषयमा कुरा उठेको थियो । भ्रमण पछि जारी गरिएको १५ बुँदे संयुक्त वक्तव्यमा समेत सो विषय समावेश गरिएको थियो ।

अन्य समस्या खास जटिल नभए पनि दोलखाको उत्तर लामाबगर ल्याप्ची नजिक मार्कर ५७ मा विवाद रहेको छ । सो स्थामना नेपाल र चीनबीच सन् १९६१-६२ मा सम्पन्न सीमा निर्धारण सन्धीको भावना र नजिरको आधारमा रही (सट्टापट्टाको आधारमा) समाधान गर्न सकिने उल्लेख छ। तर सो समस्याको समाधान हुन सकेको छैन ।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं